| ८५.१४ | | उद्योगका वा प्रयोगशालाका वैद्युतिक भट्टीहरु तथा चुल्हाहरु (इण्डक्सन वा परावैद्युत संक्षय (डाइइलेक्ट्रिक लौस) द्वारा कामगर्नेहरु समेत); इण्डक्सन (दुई वस्तु वा परिपथ (सर्किट) वीच विना स्पर्श विद्युत वा चुम्वकत्व संक्रान्त (पास) गर्ने वा हुने प्रक्रिया) वा परावैद्युत संक्षय (डाइइलेक्ट्रिक लौस) द्वारा वस्तुहरुको तापोपचार (हित ट्रिटमेण्ट) गर्न निमित्तका अन्य औद्योगिक वा प्रयोगशाला सम्वन्धी(लेवोरेटरी) उपकरणहरु (इक्वीपमेण्ट) | |
| | ८५१४.२०.०० | - इण्डक्सन वा डाईइलेक्ट्रिक लौस (परावैद्युत संक्षय) द्वारा काम गर्ने भट्टीहरु (फर्नेसेस) र चुलोहरु (ओभेन्स) | १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५१४.४०.०० | - इण्डक्सन वा परावैद्युत संक्षय (डाइइलेक्ट्रिक लौस) द्वारा वस्तुहरुको तापोपचार (हिट ट्रिटमेण्ट) गर्न निमित्तका अन्य उपकरण | १५% |
| ८५.१६ | | विद्युत तत्काल तातेर आउने (इन्स्टान्टेनियस) वा स्टोरेज र निमज्जन हिटर (इमर्सन हिटर); कोठा तताउने उपकरणहरु (इलेक्ट्रिक स्पेस हिटिङ्ग एपरेट्स) र माटो तताउने उपकरणहरु; विजुलीले तातो पारेर कपाल सजाउने उपकरणहरु (जस्तै-हेयर ड्रायर, हेयर कर्लर, कर्लिङ्ग टङ्ग हिटर) र हात सुकाउने उपकरण; विजुलीको चिल्लो पार्ने इस्त्रीहरु; घर व्यवहारमा प्रयोग गरिने विजुलीले तातो पार्ने अन्य उपकरणहरु; शीर्षक नं.८५.४५ बाहेकको विद्युत ताप प्रतिरोधक उपकरणहरु । | |
| | ८५१६.५०.०० | - माइक्रोवेभ ओभेनहरु | १५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ८५ को शीर्षक ८५१८ र उपशीर्षक ८५१८.३०.०० का शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको : | |
| ८५.१८ | | सूक्ष्मध्वनीग्राहक (माइक्रोफोन) हरु र त्यस निमित्तका धारकहरु (स्ट्याण्डस); संलग्नक (इनक्लोजर) मा आरोपित (माउण्टेड्) भए वा नभएका ध्वनि विस्तारक यन्त्रहरु (लाउड् स्पीकर्स); सुक्ष्मध्वनि ग्राहक (माइक्रोफोन) सम्मिलित (कम्बाइण्ड) भएको वा नभएको शीर्षश्रवणयन्त्र (हेड फोन)हरु तथा कर्ण श्रवणयन्त्र (इयर फोन) हरु, र एक सूक्ष्मध्वनिग्राहक (माइक्रोफोन) तथा एक वा एक भन्दा बढी ध्वनि विस्तारक यन्त्र (लाउडस्पीकर) हरु भएका समुच्चय (सेट) हरु; श्रव्यावृत्ति वैद्युतिक विस्तारक (अडियो फ्रिक्वेन्सी इलेक्ट्रिक एम्प्लिफायर) हरु; वैद्युतिक ध्वनी प्रवर्द्धक यन्त्र (इलेक्ट्रिक साउण्ड एम्प्लीफायर) का समुच्चयहरु (सेट्स) | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५१८.३०.०० | - सूक्ष्म ध्वनि ग्राहक (माइक्रोफोन) संयुक्त भए वा नभएका शीर्षश्रवणयन्त्र (हेडफोन) हरु र कर्णश्रवणहरु (इयर फोन) हरु र एउटा सूक्ष्मध्वनिग्राहक (माइक्रोफोन) यन्त्र र एक वा सो भन्दा बढी ध्वनि विस्तारक यन्त्र (लाउड् स्पीकर) हरु भएका समुच्चयहरु (सेट्स) | १५% |
| ८५.२२ | | शीर्षक ८५.१९ देखि ८५.२१ सम्मका उपकरण (ऐपरेट्स) का साथ पूर्णरुपेण (सोलली) वा मुख्य रुपले (प्रिन्सीपल्ली) प्रयोग निमित्त उपयुक्त (सुटेबुल)अङ्गहरु (पार्टपुर्जा)र सहायक सामग्री (एक्सेसरीज) । | |
| | ८५२२.९०.२० | -- भिडियो सेटका | २५% |
| ८५.२३ | | ध्वनि रिकर्ड (लेखन) गर्ने वा यस्तै अन्य दृश्य अभिलेखन गर्न अभिलेखन (रिकर्ड) नगरिएका तयारी माध्यम (मिडिया), भाग ३७ का उत्पादनहरु बाहेक । | |
| | | - चुम्वकीय टेपहरु : | |
| | | -- चौडाइ ४ एम.एम. सम्मको : | |
| | ८५२३.११.२० | --- भिडियोका | १५% |
| | | -- चौडाइ ४ एम.एम.भन्दा बढीको तर ६.५ एम.एम. सम्मको : | |
| | ८५२३.१२.२० | --- भिडियोका | १५% |
| | | -- चौडाइ ६.५ एम.एम.भन्दा वढीको : | |
| | ८५२३.१३.२० | --- भिडियोका | १५% |
| ८५.२४ | | रेकर्डहरु, टेपहरु र ध्वनि रेकर्ड गरिएका अन्य माध्यम वा अन्य यस्तै दृश्य वस्तु (फेनोमेना) को रेकर्ड गरिएका वस्तु, रेकर्ड उत्पादन गर्ने मेट्रिक्स र माष्टर समेत, तर भाग ३७ को उत्पादन बाहेक। | |
| | | - अन्य चुम्बकीय (म्याग्नेटिक) टेपहरु : | |
| | | -- ४ मिमि मा नबढ्ने चौडाइको : | |
| | ८५२४.५१.२० | --- भिडियोका | १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | -- ४ मिमिभन्दा बढी तर ६.५ मिमि मा नवढ्ने चौडाइको : | |
| | ८५२४.५२.२० | --- भिडियोका | १५% |
| | | -- ६.५ मिमि भन्दा बढी चौडाइको : | |
| | ८५२४.५३.२० | --- भिडियोका | १५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ८५ को शीर्षक ८५२५ र उपशीर्षक ८५२५.४०.०० का शब्दावलीको सट्टा देहायका शब्दावली राखिएको : | |
| ८५.२५ | | संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो-टेलिफोनी, रेडियो-टेलिग्राफी, रेडियो प्रसारण (रेडियो-ब्रोडकास्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण उपकरण (ट्रान्समिसन एपरेट्स); टेलिभिजन क्यामराहरु; स्टिल इमेज भिडियो क्यामराहरु र अन्य भिडियो क्यामरा रिकर्डर्स; डिजिटज क्यामराहरु | |
| | ८५२५.३०.०० | - टेलिभिजन क्यामराहरु | १५% |
| | ८५२५.४०.०० | - स्टिल इमेज भिडियो क्यामराहरु र अन्य भिडियो क्यामरा रिकर्डरहरु; डिजिटल क्यामराहरु | १५% |
| | | आर्थिक ऐन २०५७ को अनुसुची-१ भाग ८५ उपशीर्षक ८५४२.१ देखि ८५४२.५० सम्मका उपशीर्षकहरु र तिनका शब्दावलीहरुको सट्टा देहायको उपशीर्षकहरु र शब्दावली राखिएको : | |
| | ८५४२.१०.०० | - ऋणाणुक (इलेक्ट्रोनिक) समाकलित (इण्टिग्रेटेड) परिपथ (सर्किट) समाविष्ट भएका कार्डहरु ("स्मार्ट" कार्ड्स) | १५% |
| | | - मोनोलिथिक इण्टिग्रेटेड् सर्किट्स : | |
| | ८५४२.२१.०० | -- डिजिटल | १५% |
| | ८५४२.२९.०० | -- अन्य | १५% |
| | ८५४२.६०.०० | - संकर मघन परिपथहरु (हाइब्रिड् इण्टिग्रेटेड् सर्किट्स) | १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५४२.७०.०० | - ऋणाणुक सूक्ष्मसंयोजनहरु (इलेक्ट्रोनिक माइक्रो एसेम्ब्लिज) | १५% |
| ८७.०२ | | ड्राइभर समेत १० वा सो भन्दा बढी यात्रुहरु बोक्ने मोटर गाडीहरु । | |
| | | - कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डिजेल वा अर्द्ध डिजेल) भएको : | |
| | ८७०२.१०.१० | -- बसहरु (२६ सिट भन्दा बढीको) | २५% |
| | ८७०२.१०.२० | -- मिनिबसहरु (१६ देखि २५ सम्म सीट भएको) | ४०% |
| | ८७०२.१०.३० | -- माइक्रोबसहरु (११ देखि १५ सम्म सीट भएको) | ८०% |
| | ८७०२.१०.९० | -- जीपकार र भ्यानहरु | १३०% |
| | | - अन्य : | |
| | ८७०२.९०.१० | -- बसहरु (२६ सिट भन्दा बढीको) | २५% |
| | ८७०२.९०.२० | -- मिनिबसहरु (१६ देखि २५ सम्म सीट भएको) | ४०% |
| | ८७०२.९०.३० | -- माइक्रोबसहरु (११ देखि १५ सम्म सीट भएको) | ८०% |
| | ८७०२.९०.९० | -- जीपकार र भ्यानहरु | १३०% |
| ८७.०४ | | वस्तु वा सामानहरु ढुवानीको प्रयोगका अन्य मोटर गाडीहरु । | |
| | | - अन्य, कंप्रेसन इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डीजेल वा अर्ध डिजेल) भएका: | |
| | | -- वाहनको कूल तौल (जी.भी.डब्लु.) ५ टन ननाघेको : | |
| | ८७०४.२१.२० | --- मूलत सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ सीट भएको सिंगल क्याब पिकअप गाडी | ४०% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ८७ को शीर्षक ८७१३ र उपशीर्षक ८७१४.२०.०० को शव्दावलीको सट्टा देहायको शव्दावली राखिएको: | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

236

| | | | |
|---|---|---|---|
| ८७.१३ | | प्रेरक यन्त्रयुक्त (मोटराइज्ड) वा अन्य किसिमले यन्त्रद्वारा (मेकानिकली) प्रणोदित (प्रोपेल्ड) भए वा नभएको, अशक्त व्यक्तिहरुका निमित्तका परिवहनहरु । | |
| | ८७१४.२०.०० | - अशक्त व्यक्तिहरु (डिसएबुल्ड पर्सन्स) निमित्तका गाडीहरु (क्यारिजेज) | ५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ८८ को उपशीर्षक ८८०५.२०.०० र सोको शब्दावलीको सट्टा देहायको उपशीर्षकहरु र शब्दावली राखिएको : | |
| | | - उडान अभ्यास सम्बन्धी वायुयान (ग्राउण्ड फ्लाइङ्ग ट्रेनर) र तिनका पार्टपूर्जाहरु : | |
| | ८८०५.२१.०० | -- वायुयोधन अनुरुपक (एयर कम्ब्याट सिमुलेटर) हरु तथा तिनका पार्टपुर्जाहरु | १०% |
| | ८८०५.२९.०० | -- अन्य | १०% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ को भाग ८९ को उपशीर्षक ८९०६.०० लाई हटाई देहायका उपशीर्षक र शब्दावली राखिएको : | |
| ८९.०६ | | अन्य जलयानहरु, खियाउने डुङ्गाहरु (रोइङ बोट्स) वाहेकका युद्धपोतहरु (वारशिप्स) तथा जिवन नौकाहरु (लाइफ बोट्स) समेत । | |
| | ८९०६.१०.०० | - युध्दपोतहरु (वारशिप्स) | १५% |
| | ८९०६.९०.०० | - अन्य | १५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९० को द्रष्टव्य १(ज) को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको: | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) साइकल वा मोटरगाडीहरु निमित्त प्रयोग हुने खालका खोजवत्ती (सर्चलाइट) हरु वा विन्दु प्रदीप (स्पोर्ट लाइट) हरु (शीर्षक ८५.१२); शीर्षक ८५.१३ का यताउति लान ल्याउन हुने (पोर्टेवुल) विद्युत प्रदीप (एलेक्ट्रिक ल्याम्प); चलचित्र सम्वन्धी (सिनेमाटोग्राफिक) ध्वनि अभिलेखन, पुनरुत्पादन वा पुनरभिलेखन उपकरणहरु (साउण्ड रिकर्डिङ्ग रिप्रोड्यूसिङ्ग वा रि-रिकर्डिङ्ग एपरेटस्) (शीर्षक ८५.१९ वा ८५.२०); ध्वनीमुखहरु (साउण्डहेडस्) (शीर्षक ८५.२२); स्थिर आकृति दृश्य क्यामरा (स्टिल इमेज भिडियो क्यामरा) हरु, अन्य दृश्य क्यामरा अभिलेखन यन्त्रहरु (भिडियो क्यामरा रिकर्डर्स) तथा डिजिटल क्यामराहरु (शीर्षक ८५.२५); राडार (सर्वदर्शित्र) उपकरणहरु, रेडियो मार्ग निर्देशन सहायक उपकरणहरु (रेडियो नैविगेशनल एड एपरेटस्) रेडियो रिमोट कन्ट्रोल एपरेटस (रेडियो दुरस्थ नियन्त्रण उपकरणहरु) (शीर्षक ८५.२६); शीर्षक ८५.३७ का साङ्ख्यिक नियन्त्रण उपकरणहरु (न्यूमेरिकल कण्ट्रोल एपरेटस); शीर्षक ८५.३९ का सिल्ड विम ल्याम्प युनिट्स (बन्द किरणपुन्ज इकाइहरु); शीर्षक ८५.४४ का प्रकाशीय तन्तुका तारहरु (अप्टिकल फाइवर केवुल्स);

आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९० को द्रष्टव्य ६ को सट्टा देहायको द्रष्टव्य ६ राखी साविकको द्रष्टव्य ६ को शब्दावलीमा देहाय बमोजिम संशोधन सहित द्रष्टव्य ७ कायम गरिएको :

६ शीर्षक ९०.२१ को प्रयोजनार्थ, "विकृताङ्क उपचारीय साधित्रहरु" (अर्थोपेडिक अप्लायन्सेज) भन्ने उक्तिले देहाय निमित्तका साधितहरु (अप्लायन्सेज) लाइ जनाउंछ :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

- शारीरिक विकृतिहरु (डिफोर्मिटीज) वाट जोगाउने वा
- त्यसलाई सच्याउने (प्रिभेण्टिङ्ग वा करेक्टिङ्ग); वा
- विरामी (इलनेस), शल्योपचार (अपरेशन) वा चोटपटक (इनजूरी) पछि शरीरका अंगहरुलाई सहारा दिने (सर्पोटिङ्ग) वा थाम्ने (होल्डिङ्ग) ।

विकृताङ्ग उपचारीय साधित्रहरु (अर्थोपेडिक अप्लायन्सेज) भित्र विकृताङ्गको अवस्थालाई सुधार गर्न अभिकल्पित (डिजाइण्ड) जुत्ता (फुट वियर) र विशेष भित्री तलुवाहरु (स्पेशल इनसोलस) पर्दछन्, यदि ती कि त (१) नाए अनुसार वनाइएका हुन्छन् (मेड टु मेजर), कि त (२) जोडा (पेयर) मा नभई दुइ खुट्टा मध्ये जुनसुकैमा पनि उत्तिकै रुपले (इक्वली) ठिक्क (फिट) हुने गरी एकल रुपमा पुन्ज उत्पादन (मास- प्रोडूयस्ड) गरिएका हुन्छन् ।

७. शीर्षक ९०.३२ देहायका वस्तुहरुको हकमा लागु हुन्छ :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) द्रव (लिक्विड) वा वायव्य (ग्यास) वा प्रवाह (फ्लो), स्तर (लेभेल), चाप (प्रेसर) वा अन्य परिवर्तीहरु (भ्यारिएवुल्स) लाई स्वतः नियन्त्रण गर्न निमित्तका, अथवा तापमान (टेम्प्रेचर) लाई स्वतः नियन्त्रण गर्न निमित्तका औजार (इन्स्ट्रुमेन्ट्स) हरु तथा उपकरण (एपरेटस) हरु, जसको परिचालन (अपरेशन) स्वतः नियन्त्रण गरिने कारक (फ्याक्टर) अनुसार हेरफेर भैरहने (भ्यारिइङ्ग) वैद्युतिक घटना (इलेक्ट्रिकल फेनोमेनन) माथि निर्भर हुने वा नहुने हुन्छ, जसलाई उक्त कारक(फ्याक्टर) को यथार्थ मूल्य (एक्चुअल भ्यालु) को निरन्तर (कन्स्ट्याण्ट्ली) वा नियत समयमा (पिरियोडिकली) मापन (मेजरिङ्ग) गर्दै यसलाई व्याघातहरु (डिस्टर्वेन्सेस) को विरुद्ध स्थिर पारिएको (स्टेबिलाइज्ड) अभिष्ट मूल्य (डिजायर्ड भ्यालु) सम्म पुऱ्याउने र सोमा कायम (मेण्टेन) राख्नेगरी अभिकल्पित गरिएको (डिजाइण्ड) हुन्छ; र


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | (ख) विद्युत-आवेश (इलेक्ट्रिकल क्वाण्टिटिज) का स्वचालित नियामकहरु (अटोमेटिक रेगुलेटर्स), तथा अवैद्युतिक आवेश (नन् इलेक्ट्रिकल क्वाण्टिटिज) लाई स्वचालित रुपमा (अटोमेटिक्ली) नियन्त्रण गर्ने निमित्तका औजारहरु एवं उपकरणहरु, जसको परिचालन (अपरेशन) नियन्त्रण गरिने कारक (फयाक्टर टु बी कण्ट्रोल्ड) अनुसार हेरफेर भैरहने (भ्यारिइङ्ग) वैद्युतिक घटना (इलेट्रिकल फेनोमेनोन) माथि भर पर्दछ, जसलाई निरन्तर (कन्स्ट्याण्टली) वा नियत समयमा (पिरियोडिकली) यसको यथार्थ मूल्य (एक्चुअल भ्यालु) को मापन (मेजरिङ्ग) द्वारा यस कारकलाई व्याघातहरु (डिस्टर्वेन्सेज) का विरुद्ध स्थिर पारिएको (स्टेविलाइज्ड) अभिष्ट मूल्य (डिजायर्ड भ्यालु) मा पुऱ्याउन र सोमा कायम (मेन्टेन) राख्न अभिकल्पित गरिएको (डिजाइण्ड) हुन्छ । | |
| ९०.०४ | | चश्माहरु, गगल्सहरु र यस्तै सामान, सुधारात्मक, सुरक्षात्मक वा अन्य । | |
| | ९००४.९०.०० | - अन्य | १५% |
| ९०.०६ | | तस्वीर खिच्ने क्यामरा (सिनेमा खिच्ने वाहेक); तस्वीर खिच्दा प्रयोग हुने प्रकाश (फ्लासलाइट) का उपकरण र शीर्षक ८५.३९ को डिस्चार्ज वत्तीहरु वाहेकका फ्लास वल्वहरु । | |
| | | - पार्टपूर्जाहरु र सहायक सामग्रीहरु : | |
| | ९००६.९१.०० | -- क्यामराको लागि | १०% |
| | ९००६.९९.०० | -- अन्य | १०% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९० को उपशीर्षक ९००९.९०.०० र सोको शव्दावलीको सट्टा देहायको उपशीर्षकहरु र शव्दावली राखिएको: | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | - पार्टपूर्जाहरु र सहायक सामानहरु : | |
| | ९००९.९१.०० | -- स्वचालित प्रलेख भरक (अटोम्याटिक डक्यूमेण्ट फिडर्स) हरु | १५% |
| | ९००९.९२.०० | -- कागज भरक (पेपर फिडर्स) हरु | १५% |
| | ९००९.९३.०० | -- छँटाइकार वा छाँट्नेहरु (सौर्टर्स) | १५% |
| | ९००९.९९.०० | -- अन्य | १५% |
| ९०.१० | | यो भागको अन्यत्र उल्लेख नभएको वा समावेश नभएको तस्वीर सम्बन्धी (चलचित्र सम्बन्धी समेत) प्रयोगशालाहरु (प्रकाशग्राही अर्द्ध तापचालक पदार्थमा सर्किट प्याटर्नको प्रक्षेपण (प्रोजेक्सन) वा आरेखन (ड्इङ्ग) का लागि प्रयोग हुने उपकरण (ऐपरेटस) समेत) मा प्रयोग हुने उपकरण र औजारहरु; नेगेटोस्कोप; प्रोजेक्सन स्क्रीन (प्रक्षेपक पर्दा) । | |
| | ९०१०.१०.०० | - चलचित्र समेतका रोलमा भएका तस्वीर खिंच्ने फिल्म वा कागतलाई स्वचालित रुपमा विकसित (डिभलप) गर्ने वा तस्वीर खिंच्ने कागतको रोलमा विकसित फिल्मलाइ स्वचालित ढंगले उतार्ने उपकरण र औजारहरु | १०% |
| | | - सुग्राहीकृत (सेन्सिटाइज्ड) अर्ध-चालक (सेमिकण्डक्टर) पदार्थ (म्यार्टेरियल) हरुमा परिपथीय ढाँचा (सर्किट प्याटर्न) प्रक्षेपण वा आरेखन (ड्इङ) गर्नका लागि प्रयोग हुने उपकरण (ऐपरेटस) : | |
| | ९०१०.४१.०० | -- डाइरेक्ट राइट-औन - वेफर ऐपरेटस | १०% |
| | ९०१०.४२.०० | -- स्टेप एण्ड रिपिट एलाइनर्स | १०% |
| | ९०१०.४९.०० | -- अन्य | १०% |
| | ९०१०.५०.०० | - तस्वीर (छवि वा फोटोग्राफिक) चलचित्र (सिनेमाटोग्राफिक) समेत) सम्बन्धी प्रयोगशालाहरु निमित्तका अन्य उपकरण तथा साजसामान (ऐपरेटस एण्ड इक्विपमेण्ट); नेगाटोस्कोपहरु | १०% |
| | ९०१०.६०.०० | - प्रक्षेपण पटहरु (प्रोजेक्सन स्किन्स) | १०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९०१०.९०.०० | - अन्य | १०% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९० को उपशीर्षक ९०१२.१०.०० को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको : | |
| | ९०१२.१०.०० | - दुरुवीक्षण यन्त्रहरु (माइक्रोस्कोप्स), अप्टिकल माइक्रोस्कोपहरु वाहेक; विवर्तन उपकरणहरु (डिफ्रयाक्सन एपरेटस्) | ५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९० को उपशीर्षक ९०१५.२०.०० को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको : | |
| | ९०१५.२०.०० | - थियोडोलाइट्स तथा ट्यानिमिटर्स (ट्याचियोमीर्टस्) | ५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९० उपशीर्षक ९०२१.१ देखि ९०२१.३० सम्मको उपशीर्षकहरु र तिनका शब्दावलीको सट्टा देहायको उपशीर्षकहरु र शब्दावली राखिएको : | |
| | ९०२१.१०.०० | - विकृताङ्ग शोधन वा अस्थिभंग सम्वन्धी साधन सामग्री (अर्थोपिडिक वा फ्रयाक्चर एप्लायसेन्स) | ५% |
| | | - कृत्रिम दांत (आर्टिफिसियल टिथ) र दन्त्य आसंजन (डेण्टल फिटिङ्गस) | |
| | ९०२१.२१.०० | -- कृत्रिम दांत (आर्टिफिसियल टिथ) | ५% |
| | ९०२१.२९.०० | -- अन्य | ५% |
| | | - शरीरका अन्य कृत्रिम अंगहरु : | |
| | ९०२१.३१.०० | -- कृत्रिम जोर्नीहरु (आर्टिफिसियल ज्वाइन्टस) | ५% |
| | ९०२१.३९.०० | -- अन्य | ५% |
| ९१.०१ | | नाडी घडीहरु, जेवी घडीहरु र अन्य घडीहरु, विराम घडी (स्टप वाच) समेत, वहुमूल्य धातु वा वहुमूल्य धातु आच्छादित धातुका वट्टाहरु सहित । | |
| | | - स्टौप (वाच सुविधा समाविष्ट (इनकोरपोटेटिङ्ग) भए वा नभएको, विद्युत संचालित, नाडी घडीहरु : | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९१०१.११.०० | -- यान्त्रिक दृश्य (डिस्प्ले) भएको मात्र | १५% |
| | ९१०१.१२.०० | -- अप्टो-इलेक्ट्रोनिक दृश्य (डिस्प्ले) भएको मात्र | १५% |
| | ९१०१.१९.०० | -- अन्य | १५% |
| | | - अन्य नाडी घडीहरु, विराम घडीको सुविधा भएको वा नभएको : | |
| | ९१०१.२१.०० | -- स्वयं दम दिने व्यवस्था भएको | १५% |
| | ९१०१.२९.०० | -- अन्य | १५% |
| | | - अन्य : | |
| | ९१०१.९१.०० | -- विद्युत संचालित (इलेक्ट्रिकली अपरेटेड्) | १५% |
| | ९१०१.९९.०० | -- अन्य | १५% |
| ९१.०२ | | नाडी घडीहरु, जेवी घडीहरु र अन्य घडीहरु, विराम घडी समेत, शीर्षक ९१.०१ वाहेकका । | |
| | | - स्टौप वाच सुविधा समाविष्ट (इनकोरपोरेटिङ्ग) भए वा नभएको, विद्युत संचालित (इलेक्ट्रिकली अपरेटेड), नाडी घडीहरु (रिष्टवाचेज) : | |
| | ९१०२.११.०० | -- यान्त्रिक दृश्य (डिस्प्ले) भएको मात्र | १५% |
| | ९१०२.१२.०० | -- अप्टो-इलेक्ट्रोनिक दृश्य (डिस्प्ले) भएको मात्र | १५% |
| | ९१०२.१९.०० | -- अन्य | १५% |
| | | - विराम घडीको सुविधा भएको वा नभएको अन्य नाडी घडीहरु : | |
| | ९१०२.२१.०० | -- स्वयं दम दिने व्यवस्था भएको | १५% |
| | ९१०२.२९.०० | -- अन्य | १५% |
| | | - अन्य : | |
| | ९१०२.९१.०० | -- विद्युतद्वारा संचालित | १५% |
| | ९१०२.९९.०० | -- अन्य | १५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९१ को उपशीर्षक ९१०८.९, ९१०८.९१ र ९१०८.९९ र तिनका शब्दावलीको सट्टा देहायको उपशीर्षक र शब्दावली राखिएको : | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९१०८.९०.०० | - अन्य | १०% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९१ को उपशीर्षक ९११२.१०.००, ९११२.८०.०० र तिनका शब्दावलीको सट्टा देहायको उपशीर्षक र शब्दावली राखिएको : | |
| | ९११२.२०.०० | - खोल, वट्टाहरु | १०% |
| ९२.०१ | | पियानो, स्वचालित पियानो समेत; प्वांखको डांठको टुप्पाले तानिने तार (हार्पसीकोर्ड) र अन्य कीबोर्ड भुण्ड्याएका यन्त्रहरु । | |
| | ९२०१.१०.०० | - ठाडो पियानो (अपराइट पियानो) | १५% |
| | ९२०१.२०.०० | - ठूलो, तेर्सो पियानो (ग्रैण्ड पियानो) | १५% |
| | ९२०१.९०.०० | - अन्य | १५% |
| ९२.०२ | | अन्य तार भएका संगीत वाद्ययन्त्रहरु (जस्तै- गितार, भायोलिन (सारंगी) हार्प (वीणा) । | |
| | ९२०२.१०.०० | - बो (धनुष) ले बजाइने | १५% |
| | ९२०२.९०.०० | - अन्य | १५% |
| ९२.०३ | ९२०३.००.०० | कीबोर्ड भएको वांसुरी हार्मोनियम र यस्तै कीबोर्ड भएका फ्रीमेटल रीड्स सहितका यन्त्रहरु । | १५% |
| ९२.०४ | | बोक्न सकिने वाद्ययन्त्र (एकोरडियन) र यस्तै वाद्ययन्त्रहरु मुखले वजाउने बाजा (बच्छेबाजा) । | |
| | ९२०४.१०.०० | - बोक्न सकिने वाद्ययन्त्र (एकोरडियन) र यस्तै वाद्ययन्त्रहरु | १५% |
| | ९२०४.२०.०० | - मुखले बजाउने (माउथ अर्गन) (बच्छेबाजा) | १५% |
| ९२.०५ | | अन्य दम लगाएर बजाउने वाद्ययन्त्रहरु (जस्तै- बीणा (क्लेरिनेट्स), नरसिंगा (ट्रम्पेट), न्याउलीवाजा (व्यागपाइप)) । | |
| | ९२०५.१०.०० | - एक प्रकारको दम लगाएर वजाउने पितलको वाजा (अर्केष्ट्रामा वजाइने वाजा) (ब्रास विण्ड) | १५% |
| | ९२०५.९०.०० | - अन्य | १५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९२ को शीर्षक ९२.०६ को उपशीर्षक ९२०६.००.०० को "माराकस" भन्ने शब्दको सट्टा 'मराक' हरु भन्नी संशोधन गरिएको : | |
| ९२.०६ | ९२०६.००.०० | ठक्कर दिएर वजाउने वाद्ययन्त्र (जस्तै (ढोल, एक किसिमको काठको वाजा (जाइलोफोन), झ्याली, काष्टानेट, हल्लाएर बज्ने एक किसिमको वाजा (माराक) । | १५% |
| ९२.०७ | | विद्युत शक्तिद्वारा आवाज उत्पन्न गर्ने वा स्वर बढाउने पर्ने वाद्ययन्त्रहरु (जस्तै-अर्गन, गितार, एकोरडियन) । | |
| | ९२०७.१०.०० | - एकोरडियन वाहेकका कीवोर्ड यन्त्रहरु | १५% |
| | ९२०७.९०.०० | - अन्य | १५% |
| ९२.०८ | | वाद्ययन्त्रका वाकसहरु, प्रदर्शनीस्थलका वाजाहरु, सडकमा वजाउने यान्त्रिक वाजाहरु, संगीत उत्पादन गर्ने यान्त्रिक चराहरु, (म्यूजिकल सज), र यो भागका अन्य शीर्षकमा नपर्ने अन्य वाद्ययन्त्र शिकार लोभ्याउने सबै प्रकारका वाजा सिठ्ठीहरु (ह्वीसल), आव्हानतूर्य (कल हर्न्स) र मुखबाट हावा दिएर सूचना दिइने वाद्ययन्त्रहरु । | |
| | ९२०८.१०.०० | - वाद्ययन्त्रका वाकसहरु | १५% |
| | ९२०८.९०.०० | - अन्य | १५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९३ को उपशीर्षक ९३०१.००.०० को शब्दावलीको सट्टा देहायको शब्दावली र देहायको उपशीर्षक एवं शब्दावली राखिएको : | |
| ९३.०१ | | रिभल्वरहरु, पिस्तोलहरु तथा शीर्षक ९३.०७ का हात हतियार बाहेकका सैनिक शस्त्रास्त्रहरु (मिलिटरी विपन्स) । | |
| | | - तोपखाना सम्बन्धी (आर्टिलरी) हातहतियारहरु (उदाहरणतः बन्दुक (गन), उच्चशनध्नी (हाउइट्जर) तथा सानो खाले तोप (मोर्टार) हरु) : | |
| | ९३०१.११.०० | -- स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड) | ८०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४०

| | | | |
|---|---|---|---|
| | ९३०१.१९.०० | -- अन्य | ८०% |
| | ९३०१.२०.०० | - अग्निवाण वा हवाइवाण प्रहारक (रकेट लौन्चर्स)हरु, ज्वाला -प्रक्षेपक (फ्लेम-थ्रोअर्स) हरु, बारुद गोला प्रहारक (ग्रिनेड् लौन्चर्स) हरु, टारपिडो ट्यूवहरु र यस्तै किसिमका प्रक्षेपित्रहरु (प्रोजेक्टर्स) | ८०% |
| | ९३०१.९०.०० | - अन्य | ८०% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९३ उपशीर्षक ९३०५.९०.०० र सोको शब्दावलीको सट्टा देहायको उपशीर्षक र शब्दावली राखिएको: | |
| | | - अन्य : | |
| | ९३०५.९१.०० | -- शीर्षक ९३०१ का सैनिक शस्त्रास्त्र (मिलिटरी विपन्स) का | ८०% |
| | ९३०५.९९.०० | -- अन्य | ८०% |
| ९४.०३ | | अन्य फर्निचर र तिनका पार्टपूर्जाहरु । | |
| | ९४०३.१०.०० | - कार्यालयमा प्रयोग हुने धातुका फर्निचर | ४०% |
| | ९४०३.२०.०० | - अन्य धातुका फर्निचर | ४०% |
| | ९४०३.३०.०० | - कार्यालयमा प्रयोग हुने काठका फर्निचर | ४०% |
| | ९४०३.४०.०० | - भान्छामा प्रयोग हुने काठका फर्निचर | ४०% |
| | ९४०३.५०.०० | - सुत्ने कोठामा प्रयोग हुने काठका फर्निचर | ४०% |
| | ९४०३.६०.०० | - अन्य काठका फर्निचर | ४०% |
| | ९४०३.८०.०० | - अन्य पदार्थका फर्निचर, बेत, ओसियर, वांस वा यस्तै पदार्थहरुको समेत | ४०% |
| | ९४०३.९०.०० | - पार्टपुर्जाहरु | ४०% |
| ९४.०४ | | खाट पलङ्गहरु; ओछ्यानका सामानहरु र यस्तै फर्निसिङ्गका सामानहरु (सजावटका सामान) (जस्तै-डसना, सिरक, भुवा कोचेको दोलाइ, कुसनहरु (चकटी) गद्दादार कवच (पफ्स) र तकीयाहरु), स्प्रिङ्ग (कमानी) जोडेको वा भित्र केही वस्तु कोचेको वा भित्रपट्टि कुनै पदार्थ वा कोषीय रबर वा प्लाष्टिक हालेको वा कसेको, ढाकिएको वा नढाकिएको । | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ९४०४.१०.०० | - खाट वा पलङ्गहरु | ४०% |
| | - डसनाहरु : | |
| ९४०४.२१.०० | -- ढाकिएको वा नढाकिएको कोषीय रबर वा प्लाष्टिकहरुका | ४०% |
| ९४०४.२९.०० | -- अन्य पदार्थहरुको | ४०% |
| ९४०४.३०.०० | - सुत्ने थैलाहरु (स्लिपिङ० व्याग्स) | ४०% |
| ९४०४.९०.०० | - अन्य | ४०% |
| | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९५ को द्रष्टव्य १(न) को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको : | |
| | (न) र्याकेटका तन्तुहरु (स्ट्रिङ्गस्) पालहरु (टेन्टस्) वा शिविर हाल्ने (क्याम्पिङ्ग) सामानहरु वा पन्जाहरु (ग्लोभ्स), बुढी औंला एकातिर र अरु चार औंला एकै ठाउँ अर्कोतिर ढाक्ने गरी वनाइएको पन्जाहरु (मिटेन्स) तथा औंलाहरु खुल्ला रहने गरी बनाइएको पन्जाहरु (मिट्स) (तिनका रचक पदार्थ अनुसार वर्गीकरण हुने) । | |
| | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९५ द्रष्टव्य ३ पछि देहायको द्रष्टव्य ४ र शब्दावली थप गरिएको र उपशीर्षक ९५०४.३०.०० का शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको: | |
| | ४. रुपाङ्कन (डिजाइन), आकृति (शेप) वा रचक पदार्थ (कन्स्टिच्यूएण्ट म्याटेरियल) का कारण अन्यरुपले जनावरहरुको लागि अभिप्रेत (इण्टेण्डेड्) भनी अभिज्ञेय (आइडेण्टिफाएबुल) हुन आउने वस्तुहरु, उदाहरणतः "पेट ट्वाइज", शीर्षक ९५.०३ मा समावेश हुँदैनन् (तिनका वर्गिकरण तिनको आफ्नै उपयुक्त शीर्षकमा गरिन्छ) । | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९५०४.३०.०० | - बाउलिङ्ग एली उपकरण (इक्विपमेण्ट) वाहेक, मुद्रा (क्वाइन्स), बैंक नोट्स् (कागजी मुद्रा), चक्का (डिस्क्स) वा यस्तै किसिमका वस्तुहरु (आर्टिकल्स) द्वारा प्रचालन गरिने (ओपरेटेड्) अन्य खेलहरु (गेम्स) | १०% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९५ को उपशीर्षक ९५०८.००.०० को शब्दावलीको सट्टा देहायको शब्दावली राखी देहायका उपशीर्षक र शब्दावली थप गरिएको : | |
| ९५.०८ | | रोटेपिङ्ग (राउण्डएबाउट्स), झोलुङ्गे पिङ्ग (स्वीङ्गस), लक्षवेधन दीर्घा वा तारो हान्ने खेल खेल्ने ठाउँ (शुटिङ्ग ग्यालरी) र अन्य मेला क्षेत्रका मनोरन्जनहरु, घुम्ती सरकस (ट्राभेलिङ्ग सरकस) तथा जंगली जन्तु समूह (मेनाजरीज) को घुम्ती प्रदर्शनी; घुम्ती रंगमंच (ट्राभेलिङ्ग थिएटर्स) हरु | |
| | ९५०८.१०.०० | - घुम्ती सरकस तथा जंगली जन्तु समूहको घुम्ती प्रदर्शन (ट्राभेलिङ्ग मेनाजरिज) | १०% |
| | ९५०८.९०.०० | - अन्य | १०% |
| ९६.०८ | | बल प्वाइन्ट पेन्स; फेल्ट टिप्ड (जमोठ नीव) र अन्य पोरसटिप्ड (सोस्ने नीव) कलमहरु र मार्करहरु; फाउण्टेन पेनहरु (मसी भरेर लेख्ने कलम), स्टाइलोग्राफ पेन्स (फाउन्टेन पेनमा नीव जड्नु अघि मसीनो चुच्चे नलीले लेख्ने कलम) र अन्य कलमहरु; प्रतिलिपि निकाल्ने स्टाइलोहरु; प्रोपेलिङ (धकेल्ने, घंचेट्ने) वा स्लाइड्गि (चिप्लने) शिशाकलमहरु; पेनहोल्डरहरु, पेन्सील होल्डरहरु, र यस्तै होल्डरहरु; शीर्षक ९६.०९ वाहेकका यस्तै सामानका भागहरु (क्यापहरु र क्लिपहरु समेत)। | |
| | ९६०८.१०.०० | - बल प्वाइन्ट पेन्स | २५% |
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९६ को उपशीर्षक ९६१३.३०.०० र सोको शब्दावली हटाइएको : | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९७ को द्रष्टव्य १(क) को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको :<br>(क) प्रयोग नभएका हुलाक टिकट (पोस्टेज स्टैम्पस्) हरु वा राजस्व वा आय टिकट (रेभेन्यू स्टैम्पस)हरु, हुलाक लेखन सामग्री (टिकट छापिएका कागतहरु) वा यस्तै सामग्रीहरु, शीर्षक ४९.०७ का;<br>आर्थिक ऐन २०५७ को अनुसूची-१ भाग ९७ को शीर्षक ९७०४ को शब्दावलीको सट्टा देहायको शब्दावली राखिएको : | |
| ९७०४ | ९७०४.००.०० | शीर्षक ४९.०७ का बाहेक, प्रयोग भइसकेको वा नभएका हुलाक टिकट (पोस्टेज स्टैम्पस) हरु वा राजस्व वा आय टिकट (रेभेन्यू स्टैम्पस) हरु, स्टैम्प-पोस्ट मार्क्स (टिकट नटांसी टांचा मात्र लागेका) हरु, प्रथम दिवस आवरणहरु (फस्ट डे कभर्स), हुलाक लेखन-सामग्री (टिकट छापिएका कागतहरु) र यस्तै सामग्रीहरु । | ५% |

आर्थिक ऐन,२०५७ को अनुसूची-१ को दफा २ देखि दफा २२ सम्मका सम्पूर्ण व्यवस्था खारेज गरी सोको सट्टा देहायको व्यवस्थाहरु राखिएको छ । माथि अनुसूची-१ को दफा १ मा जुनसुकै कुरा उल्लेख भएता पनि देहायका दफाहरुमा उल्लिखित व्यवस्थाहरुको सम्वन्धमा देहाय बमोजिम नै हुनेछ:-

२. (१) यात्रुहरुले महसूल माफीमा ल्याउन पाउने मालसामान बाहेक गुण्टा फिटी भारी आदेश अनुसार विदेशबाट आफूसंग ल्याएको (एकम्पनिड) वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालसामानमा भन्सार महसूल, समकारक महसूल तथा मूल्य अभिवृद्धि कर नलगाई निम्न बमोजिम एकमुस्ट समदरबाट भन्सार महसूल लाग्नेछ ।

(क) ५% र १०% भन्सार महसूल लाग्ने मालवस्तुमा ३५% (पैतिस) प्रतिशत, तर सुन (गर्गहना बाहेक) को हकमा प्रति १० ग्राम रु.२४०।-

(ख) १५% भन्सार महसूल लाग्ने मालवस्तुमा ४५% (पैंतालीस) प्रतिशत

(ग) २५% भंसार महसूल लाग्ने मालवस्तुमा ६०% (साठी) प्रतिशत

(घ) ४०% प्रतिशत भन्सार महसूल लाग्ने मालवस्तुमा ७५% (पचहत्तर) प्रतिशत

तर सुनका गहना, चांदी (गहना समेत), चुरोट, पाइप टोबाको, मदिरा, सवारी साधनहरु, हातहतियार खरखजाना एवं अन्य आयात इजाजत पत्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिई पैठारी गर्न पाइने वस्तुहरुमा दरवन्दी बमोजिम नै महसूल लगाइने छ ।

(२) गुण्टा भिटी भारी आदेश सम्वन्धी सूचनामा तोकिएको संख्याभन्दा बढी भएको मालवस्तु जफत हुनेछ ।

३. विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुमा नेपाल अधिराज्यभित्र उत्पादन हुने वा उत्पादन भएमा त्यस्तै वस्तुमा लाग्ने अन्तःशुल्क दर बमोजिम समकारक महसूल लाग्नेछ ।

स्पष्टिकरण- अन्तःशुल्क दरवन्दीमा परेका मालवस्तुमा तत्काल नेपालभित्र उत्पादन भई नसकेको भए तापनि समकारक महसूल लाग्नेछ ।

४. भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपाल अधिराज्यभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसूलमा ४० प्रतिशतसम्मको दरमा २० प्रतिशत र सोभन्दा माथिको दरमा १० प्रतिशत छुट दिई महसूल असूल गरिनेछ ।

५. जनवादी गणतन्त्र चीनमा उत्पादित मालवस्तु तिव्वत स्वशासित क्षेत्रबाट नेपाल अधिराज्यभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने पैठारी भन्सार महसूलमा १० प्रतिशत छुट दिई महसूल असूल गरिनेछ ।

६ अतिसौविध्य प्राप्त मुलुकहरुमा निर्मित मालवस्तु सोही मुलुकमा एल.सी. खोली, विल विजक बनी सोही मुलुकबाटै सिप्मेण्ट भई पैठारी भएमा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसूलमा ५ प्रतिशत छुट दिई पैठारी महसूल असूल गरिनेछ ।

७. सार्क मुलुकमा उत्पादित साप्टा सम्झौता अन्तर्गत तोकिएका मालवस्तु सोहि मुलुकमा एल. सी. खोली विल विजक वनी सोही मुलुकबाटै सिप्मेण्ट भई पैठारी भएमा तोकिएको दरमा भन्सार महसूल छुट हुनेछ । तर यस्तो छुट दिंदा उपरोक्तानुसारको दफा ४ र ६ को छुट पाउनेमा यो छुट प्रदान गरिने छैन ।

८. मुल्याङ्कन सम्बन्धी व्यवस्था : भन्सार ऐन २०१९ को दफा १३ मा उल्लिखित कारोवार मूल्यको आधारमा भन्सार महसूलको निर्धारण गर्ने प्रयोजनको लागि उक्त ऐनको दफा १३ को प्रावधानको अतिरिक्त देहायको प्रकृया एवं पद्धति अवलम्वन गरिनेछ ।

(१) भन्सार ऐन, २०१९ को दफा १३ मा उल्लिखित "कारोवार मूल्य" भन्नाले कुनै पनि केताले नेपाल अधिराज्यभित्र कुनै मालवस्तु पैठारी गर्न विक्रेतालाई वास्तविक तिरेको वा तिर्नुपर्ने रकम र सो वस्तु पैठारीमा नेपाल अधिराज्यको सिमासम्म लागेको वा लाग्न सक्ने भाडा, विमा तथा अन्य सम्पूर्ण खर्च जोडी सो अनुसार हुन आउने पैठारीकर्ताले घोषणा गरेको कूल रकमलाई सम्झनु पर्दछ । भाडा विमा तथा अन्य खर्चको भुक्तानीको कागजात पेश नभएमा मूल्याङ्कन गर्ने अधिकारीले पूर्व अनुमानित खर्च जोडी कारोवार मूल्य कायम गर्ने छ । त्यस्तो कारोवार मूल्य कायम गर्दा भन्सार महानिर्देशकले त्यस्ता मालवस्तुमा लागेको वा लाग्न सक्ने खर्च जोड्ने आधार तोक्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) भन्सार अधिकृतले कारोवार मूल्य कायम गर्दा विश्व व्यापार संगठन (W.T.O./GATT) को मूल्याङ्कन सम्बन्धी मूलभूत सिद्धान्तहरुको अवलम्वन गर्नुपर्नेछ ।

(३) पैठारीकर्ताले घोषणा गरेको उपदफा (१) बमोजिमको कारोवार मूल्य पहिले पैठारी भएका समरुप (Identical) वा उस्तै प्रकारका (Similar) वस्तुको कारोवार मूल्य भन्दा कम देखिएमा भन्सार अधिकृतले त्यस्तो कम हुनुको यथेष्ठ कारण र प्रमाण पेश गर्न लगाउने छ ।

(४) उपदफा (३) बमोजिम पैठारीकर्ताले पेश गरेको कागजात र कारणका आधारमा त्यस्तो कारोवार मूल्य प्रमाणित हुन आएमा भन्सार अधिकृतले कारण जनाई मान्यता दिनेछ । यसरी कारोवार मूल्यलाइ मान्यता दिइएकोमा भन्सार अधिकृतले मूल्य पुनरावलोकनको लागि भन्सार विभाग समक्ष लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम पैठारीकर्ताले घोषणा गरेको कारोवार मूल्य प्रमाणित हुन नसकेमा भन्सार अधिकृतले उपदफा (२) मा उल्लिखित सिद्धान्तको प्रतिकूल नहुने गरी कारोवार मूल्य निर्धारण गरी त्यसको कारण सहितको लिखित सूचना पैठारीकर्तालाई दिनुपर्नेछ ।

(६) भन्सार अधिकृतले उपदफा (५) बमोजिम कायम गरेको कारोवार मूल्य उपर चित्त नबुझेमा त्यस्तो पैठारीकर्ताले कारोवार मूल्य निर्धारण भएको १५ दिनभित्र महानिर्देशक समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ । यस्तो निवेदनको महानिर्देशकले सामान्यतया २१ दिन भित्र निर्णय दिनु पर्नेछ । पुनरावलोकनको लागि प्राप्त निवेदन उपर निर्णय गर्दा महानिर्देशकले विशेषज्ञ समितिको परामर्श लिन सक्नेछ ।

(७) उपदफा (१) बमोजिम पैठारीकर्ताले घोषणा गरेको कारोवार मूल्य, उपदफा (५) बमोजिम कायम भएको कारोवार मूल्य भन्दा घटी भएमा यसरी घटी भएको जति मूल्यमा शत प्रतिशत थप महसूल असूल गरी जाँचपास गर्न वा महानिर्देशकको पूर्व स्वीकृति लिई त्यस्तो मालवस्तुको घोषित मूल्य एवं विमा भाडा र घोषित मूल्यको पाँच प्रतिशत मुनाफा समेत जोडी हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी खरीद गर्न गराउन सकिने छ ।

(८) भन्सार अधिकृतले कुनै मालवस्तुको तत्काल कारोबार मूल्य कायम गर्न नसकेमा र सो सामान कारोवार मूल्य कायम हुनुभन्दा अगावै छुटाउन चाहेमा त्यस्तो मालसामानको भन्सार अधिकृतले अस्थायी (Provisional) मूल्य कायम गर्न सक्नेछ । यसरी कायम भएको मूल्यमा लाग्ने महसूल धरौटीमा राखी पैठारीकर्ताले मालवस्तु छुटाई लैजान पाउनेछ । मालवस्तु जाँचपास गरिसकेपछि दफा ४ र ५ को आधारमा कारोवार मूल्य कायम गर्नुपर्नेछ ।

(९) भन्सार कार्यालयबाट जाँचपास भईसकेपछि छानिएका फर्म वा मालवस्तुको मूल्याङ्कन पुनरावलोकन (Post Clearance Audit) भन्सार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागका महानिर्देशकले तोकेको अधिकारीले पनि गर्न सक्नेछ । मूल्याङ्कन पुनरावलोकन (Post Clearance Audit) को लागि फर्म वा मालवस्तु छनौट गर्ने आधार महानिर्देशकले तोके बमोजिम हुनेछ । यसरी पुनरावलोकन गर्दा मूल्याङ्कन कम भई राजस्व घटी असूल भएको प्रमाणीत भएमा त्यस्तो पैठारीकर्ताबाट घटी भएको मूल्यको छुट कर महसूल र उपदफा (७) बमोजिमको थप महसूल असूल गरी प्रचलित कानून बमोजिम अन्य सजाय गर्न सकिनेछ ।

(१०) गुण्टा भिटी भारी आदेश अन्तर्गत पैठारी हुने मालवस्तुको मूल्य भन्सार अधिकृतले कायम गरे बमोजिम हुनेछ ।

(११) भारतबाट डि. आर. पी. (ड्युटी रिफण्डेवल प्रोसेड्युर) प्रकृयाद्वारा पैठारी हुने मालवस्तुमा अनुसूची-१ बमोजिम पैठारी भन्सार महसूल लाग्नेछ । यसरी डि. आर. पी. अन्तर्गत पैठारी हुने मालवस्तुको भन्सार प्रयोजनको लागि मूल्य कायम गर्दा भारत सरकारले अन्तःशुल्क निर्धारण गर्ने प्रयोजनको लागि कायम गरेको मूल्यमा भाडा, विमा र अन्य खर्च भए सो समेत जोडी कारोवार मूल्य कायम गरिनेछ । यसरी कारोवार मूल्य कायम गर्दा भारत सरकारले अन्तःशुल्क लगाउने प्रयोजनको लागि कायम गरेको मूल्य र कारखाना वा डिपो मूल्यमा भिन्नता देखिएमा जुन बढी हुन्छ सोमा वीमा र भाडाको रकम एवं अन्य खर्च भए सो समेत जोडी कारोवार मूल्य कायम गरिनेछ । यसरी पैठारी हुने मालवस्तुमा भारत सरकारले अन्तःशुल्क लगाउने प्रयोजनको लागि मूल्यमा दिएको छुट वाहेक उत्पादक वा व्यापारिक कम्पनीहरुले दिएको मुल्य छुटलाई मान्यता दिइने छैन । मूल्य अभिवृद्धि कर असूल गर्ने प्रयोजनको लागि मूल्य कायम गर्दा पैठारीकर्ताले पेश गरेको पैठारी मूल्यमा नै उक्त वस्तुमा लागेको भन्सार महसूल तथा सोहि मूल्यको अनुपातमा लाग्ने अन्य करहरु समेत हिसाब गरिनेछ । डि. आर. पी. प्रक्रिया अन्तर्गत पैठारी हुने मालवस्तुमा नेपाल अधिराज्यको सिमाना सम्मको ढुवानी वापतको रकम छुट्टै स्पष्ट रुपमा इन्भ्वाइस मै उल्लेख भै आएमा र विमाको हकमा नेपाल वा भारतका विमा कम्पनीमा विमा गरी तिरेको विमा प्रिमियम वापतको विल विजक पेश भएमा सोही ढुवानी र विमाको रकमलाई मान्यता दिइनेछ । ढुवानी वापत ५ प्रतिशत भन्दा बढी र विमा रकम उल्लेख भै नआएमा विमा वापतको रकम समेत थप गरिनेछ । साथै, ढुवानी र विमाको रकम उल्लेख भै नआएमा भारतबाट साधारण पैठारी सरह मूल्यमा ५ प्रतिशत थपि हुने रकममा भन्सार महसूल असूल गरिनेछ । ढुवानी र विमा वापत लाग्ने महसूलमा भारतीय अन्तःशुल्क कट्टा गरिने छैन ।

(१२) भन्सार सुविधामा (कुटनैतिक सुविधा) वा पूर्ण वा आंशिक महसूल सुविधामा पैठारी भएका वा एक प्रतिशत मात्र महसूल लिने गरी पैठारी भएको वा पछि फिर्ता गरिने शर्तमा लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्र, उपकरण एवं मालवस्तु नेपाल अधिराज्यभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्तो माल वा वस्तुको पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक १० प्रतिशतको दरबाट अधिकतम ५ वर्षसम्मको लागि ह्रासकट्टी गरी बाँकी मूल्यमा नियमानुसार महसूल असूल गरिनेछ। यसरी मूल्य कायम गर्दा पनि त्यस्तै साधनको अन्य नियमित पैठारीमा गरिने मूल्य भन्दा धेरै फरक भएको अवस्थामा बाहेक सामान्यत: पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई नै आधार मानी महसूल निर्धारण गरिनेछ। सवारी साधनको हकमा यस्तो ह्रास कट्टीको सुविधा पैठारी हुँदाको अवस्थामा जति अवधि उपभोग भईसकेको छ सो अवधि कटाई अधिकतम ५ वर्ष नवढ्ने गरी बाँकी अवधिको मात्र ह्रास कट्टि प्रदान गरिनेछ।

(१३) नेपाल अधिराज्यभित्र पैठारी हुने माल सामानको कारोबार मूल्य कायम गर्दा सामान्यत: विदेशी मुद्रामा गरिनेछ। पैठारीको अवस्थामा भन्सार महसूल बुझाउनु पर्ने मालवस्तुको मूल्याङ्कन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयाँमा परिवर्तन गर्दा नेपाल राष्ट्र बैंकबाट मालवस्तु जाँचपास हुँदाका दिन तोकिएको दरको बिक्री मूल्यलाई परिवर्तन दर कायम गरिनेछ। यसरी नेपाल राष्ट्र बैंकबाट विनिमय दर नतोकिएको विदेशी मुद्राको हकमा सो विदेशी मुद्रालाई यु. एस. डलरमा परिवर्तन गर्दा हुने यु. एस. डलरको बिक्री मूल्यबाट परिवर्तन दर कायम हुनेछ।

(१४) हवाई मार्गबाट पैठारी हुने माल वस्तुहरुको ढुवानी खर्च निर्धारण गर्दा स्थलमार्गबाट नेपाल अधिराज्यका सिमानास्थित भन्सार कार्यालयहरुमा माल सामान पैठारी गर्दा लाग्ने ढुवानी खर्च सरह खर्च जोडी भन्सार महसूल लिइनेछ।

९. <u>बण्डेड वेयर हाउसको सुविधा सम्बन्धी व्यवस्था</u> (१) वण्डेड वेयर हाउसको इजाजत प्राप्त उद्योगहरुले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैंकिंग कागजातको माध्यमबाट भारत बाहेक तेश्रो मुलुकमा निकासी गर्ने भएमा निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको पैठारी गर्दा दरबन्दी बमोजिमको भंसार महसूल एकवर्षको बैंक ग्यारेण्टी लिई सोको आधारमा लगतमा राखी पैठारी गर्न दिन सकिनेछ।

(२) यसरी पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको नमूना मालवस्तु निकासी हुने भन्सार कार्यालयमा पठाउनु पर्नेछ। तयारी सामान निकासी भएको प्रमाण, विदेशी मुद्रा आर्जन गरेको प्रमाण (सम्बन्धित बैंकबाट प्रमाणीत गरेको) र आयातकर्ताले सम्बन्धित निकायबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ उपभोगको खपत अनुपातको प्रमाणीत कागजात पेश गरेपछि मात्र बैंक ग्यारेण्टी फुकुवा गरिनेछ। पैठारी भएको कच्चा पदार्थबाट ११ महिनाभित्र तयारी वस्तु निकासी प्रकृया पूरा गरी बैंक ग्यारेन्टी फुकुवाको लागि निवेदन गरि सक्नु पर्नेछ र निवेदन गरेको १ महिनाभित्र सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार कार्यालयले बैंक ग्यारेण्टी फुकुवाको प्रकृया पूरा गरिसक्नु पर्नेछ। उल्लिखित अवधिमा निवेदन नगरी बैंक ग्यारेण्टी फुकुवा गराउन नसकेमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत समेत थप गरी महसूल असूल गरिनेछ। पैठारी भएको कच्चा पदार्थ आंशिक रुपमा मात्र प्रयोग भएमा प्रयोग नभएजति कच्चा पदार्थ वा सहायक पदार्थमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत थप गरी असूल गरिनेछ। यसरी भन्सार महसूल असूल गर्दा बैंक ग्यारेण्टीबाट नपुग भएमा पैठारीकर्ताबाट असूल गरिनेछ।

(३) नेपाली कपडा उद्योगहरुले उत्पादन गर्ने कपडा निकासीमूलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा सो कपडा उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ (धागो) पैठारी गर्दा कपडा उद्योग संघको सिफारिसमा उपदफा (१) बमोजिम बण्डेड वेयर हाउसको सुविधा दिन सकिनेछ।

(४) भारत बाहेक तेश्रो मुलुकमा परिवर्त्य विदेशी मुद्रामा आफ्नो उत्पादन निकासी गर्न चाहने उद्योगले बण्डेड वेयर हाउसको इजाजत पत्रको लागि भन्सार विभागमा निवेदन दिन सक्नेछन्। यसरी पर्न आएको निवेदन उपर भन्सार विभागले आवश्यक जाँचबुझ गरी बण्डेड वेयरहाउसको इजाजत पत्र जारी गर्न सक्नेछ।

(५) भन्सार महसूल प्रयोजनको लागि बैंक ग्यारेण्टी लिंदा वाणिज्य बैंकहरु तथा नेपाल राष्ट्र बैंकबाट ग्यारेण्टी जारी गर्ने स्वीकृत प्राप्त वित्त कम्पनीको ग्यारेण्टी समेतलाई मान्यता दिइनेछ। बैंक ग्यारेण्टी जारी गर्ने बैंक तथा वित्त कम्पनीहरुले बैंक ग्यारेण्टीको अवधि समाप्त हुनुभन्दा १ महिना अगावै सम्बन्धित भन्सार कार्यालयलाई पूर्व सूचना दिनु पर्नेछ। यसरी पूर्व सूचना नदिई बैंक ग्यारेण्टीको म्याद समाप्त भएको अवस्थामा सम्बन्धित भन्सार कार्यालयले दावी गरेको रकम भुक्तानी दिने दायित्व सम्बन्धित बैंक तथा वित्तीय कम्पनीमा रहने छ। जुन कार्य वा प्रयोजनको लागि बैंक ग्यारेण्टी दिएको हो सो पूरा नभई सम्बन्धित भन्सार कार्यालयले बैंक ग्यारेण्टी बापतको रकम दावी गरेमा तुरुन्त भुक्तानी दिनुपर्नेछ। यसरी दावी गरेको १५ दिनसम्म पनि भुक्तानी नगर्ने बैंक वा वित्तीय कम्पनीहरुले ग्यारेण्टी दिएको रकम सरकारी बाँकि सरह असूल गरी त्यस्ता बैंक वा वित्तीय कम्पनीहरुको बैंक ग्यारेण्टी स्वीकार नगर्न सकिनेछ।

(६) बण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलको लागि पैठारी गर्ने सामानमा लाग्ने भन्सार महसूल बैंक ग्यारेण्टी वा नगद धरौटीमा लिइनेछ र पैठारी भएका सामान करमुक्त पसलमा बिक्री गरेको प्रमाण सम्बन्धित भन्सार कार्यालयमा पेश भएपछि भन्सार प्रमुखले लाग्ने भन्सार महसुल छुट दिइ बैंक ग्यारेण्टी फुकुवा गर्ने वा धरौटी फिर्ता दिनुपर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) अन्तरराष्ट्रिय उडानको लागि हवाई कम्पनीहरुले पैठारी गर्ने क्याटरिङका सामान र इन्फ्लाइट करमुक्त पसलमा बिक्री गर्ने सामान पैठारी गर्दा लाग्ने भन्सार महसूल, बैंक ग्यारेण्टी वा नगद धरौटीमा लिइनेछ र यस्ता सामान अन्तरराष्ट्रिय उडानमा खर्च भएको प्रमाण सम्वन्धित हवाइ कम्पनीबाट भन्सार कार्यालयमा पेश भएपछि भन्सार कार्यालयका प्रमुखले लाग्ने महसूल छुट दिइ बैंक ग्यारेण्टी फुकुवा वा नगद धरौटी फिर्ता दिनुपर्नेछ ।

१०. निर्यात हुने वस्तुको कच्चा पदार्थ धरौटीमा पैठारी गर्न सकिने : वण्डेड वेयर हाउसको इजाजत नपाएका उद्योगहरुले आफ्नो उत्पादन प्रतितपत्रको माध्यमद्वारा वा प्रचलित वैकिङ कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै विक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा लाग्ने भन्सार महसूल र स्थानीय विकास शुल्क निम्नलिखित शर्त र कार्यविधिको अधिनमा रही धरौटीमा राखी पैठारी गर्न पाउनेछ । यस्तो सुविधा २०५८ साल आषाढ २५ गतेदेखि सिपमेण्ट हुनेको हकमा मात्र प्रदान गरिनेछ ।

(१) यस्ता उद्योगहरुले पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा दरवन्दी अनुसार लाग्ने भन्सार महसूल एवं स्थानीय विकास शुल्क धरौटीमा जाँचपास गर्ने व्यवस्थाको लागि तोकिएको ढांचामा भन्सार अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उक्त निवेदनको आधारमा, पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लाग्ने भन्सार महसूल र स्थानीय विकास शुल्क वापतको रकम धरौटीमा राखी जाँचपास गरिनेछ । साथै, कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गर्दा वा निकासी प्रक्रिया पूरा गरेपछि सोको विवरण पैठारीकर्तालाई दिइने निर्धारित ढांचाको पासबुकमा स्पष्टसंग उल्लेख गरिनेछ ।

(३) उपरोक्तानुसार पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थबाट उत्पादित तयारी मालवस्तु १० महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा विक्री गरिसक्नु पर्नेछ ।

(४) उद्योगले आफ्नो उत्पादन परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्दा श्री ५ को सरकारबाट आंशिक वा पूर्णरुपमा महसूल सुविधा पाएको आयोजना वा निकायलाई बिक्री गर्ने भएमा मात्र उपर्युक्त बमोजिमको सुविधा प्रदान गरिनेछ ।

(५) यसरी निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेश मै बिक्री भएको मितिले १ महिनाभित्र निकासी गरेको प्रज्ञापनपत्र वा बिक्री गरेको प्रमाण, बैंकद्वारा प्रमाणीत विदेशी मुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत सामान निकासी भएको भए सोवापत मालसामान पैठारी भएको प्रमाण र उद्योग विभागको खप्त


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुपातको प्रमाण सहित तोकिएको ढांचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि सम्वन्धित भन्सार कार्यालयमा निवेदन गर्नु पर्नेछ ।

(६) धरौटी फुकुवाको लागि उपदफा (५) बमोजिम को अवधिभित्र निवेदन गरेपछि पेश भएका कागजातको छानविन गरी एक महिनाभित्र धरौटी फुकुवा गरिनेछ । यसरी धरौटी फुकुवा भएको विवरण पासवुकमा जनाई दिनु पर्नेछ ।

(७) फुकुवा भएको धरौटी उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसूल र स्थानीय विकास शुल्कमा मिलान गरी पासवुकमा जनाइनेछ । ६ महिनासम्म पनि थप कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी नभएमा उद्योगको निवेदनको आधारमा फुकुवा भएको धरौटी फिर्ता दिइनेछ ।

(८) यसरी पैठारी भएको कच्चा पदार्थबाट तयारी वस्तु वनाई निकासी गर्दा पैठारीको अवस्थाको कारोवार मूल्यमा कम्तीमा २० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ ।

(९) यसरी पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थबाट उत्पादित मालवस्तु शर्त वमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै उपदफा (३) अनुसार परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी स्थानीय बिक्री गरे जतिको हकमा नियमानुसार लाग्ने महसूल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसूलको १० प्रतिशत जरिवाना समेत पैठारीकर्ताबाट असूल गरिनेछ ।

(१०) यसरी धरौटीमा कच्चा पदार्थ पैठारी गर्ने र त्यसवाट निर्मित मालवस्तु निकासी गर्ने प्रयोजनका लागि भन्सार विभागले भन्सार कार्यालयहरु तोक्नेछ ।

तर, एउटा उद्योगले यस्तो सुविधामा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी भन्सार विभागले तोकेकोमध्ये कुनै एउटा भन्सार कार्यालयबाट मात्र गर्नुपर्नेछ ।

११. मालवस्तु पुनर्निर्यात वा पुनःआयात सम्बन्धी व्यवस्था (१) नेपाल अधिराज्यभित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा भन्सार ऐनको दफा १० बमोजिम लाग्ने भंसार महसूल भन्सार कार्यालयको प्रमुखले पूर्णरुपमा छुट दिन सक्नेछ । यसरी छुट दिएको महसूल सहितको जानकारी भन्सार कार्यालयको प्रमुखले तुरुन्त महानिर्देशकलाई दिनु पर्नेछ । साथै पुनः पैठारी भएको सामानको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ बैंक ग्यारेण्टीमा पैठारी भएको रहेछ भने उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लाग्ने महसूल असूल गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपालको अन्य राष्ट्रहरुसंग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धी प्रतिकूल नहुने गरी श्री ५ को सरकारले तोकेको प्रकृया बमोजिम एक मुलुकबाट आयातित मालवस्तुहरु पुनः अर्को मुलुकमा ३ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा उक्त मालवस्तुमा दरवन्दी अनुसार लाग्ने भंसार महसूल रकम धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ। यस्ता वस्तुहरु निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेपछि धरौटी रहेको रकमबाट लाग्ने पैठारी महसूलको १० प्रतिशत रकम असुल गरी बाँकी धरौटी रकम फिर्ता हुनेछ।

(३) नेपाल अधिराज्यभित्र पैठारी भएका मालवस्तुहरु जुन उद्देश्यको लागि पैठारी गरेको हो सो उद्देश्य परिपूर्ति हुन नसकि वा नेपालमा खपत नहुने भई फिर्ता पठाउनु पर्ने भएमा सोको सट्टा अर्को सोही प्रकारको वस्तु पैठारी गर्ने गरी भन्सार विभागको स्वीकृति लिई त्यस्तो मालवस्तु फिर्ता लैजान दिइनेछ। त्यसरी फिर्ता पठाउनु पर्ने मालसामान फिर्ता पठाउनु पर्ने कारण सहित उल्लेख गरी पैठारीकर्ताले पैठारी भएको ३ महिनाभित्र सम्वन्धित भन्सार कार्यालयमा निवेदन दिनुपर्नेछ। यस्तोमा पहिले पैठारी गर्दा लागेको भन्सार महसूल फिर्ता दिइने छ।

(४) पैठारीको निमित्त भन्सार विन्दूमा आएका मालवस्तुहरु प्रयोगशाला परीक्षणबाट कम गुणस्तर वा गुणस्तर हिन भन्ने प्रमाणित भई भन्सार जाँचपास गर्न नमिल्ने भएमा त्यस्ता मालवस्तु पैठारीकर्तालाई विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा ३ महिनाभित्र भन्सार विभागको स्वीकृति लिई सम्वन्धित आपूर्तिकर्तालाई फिर्ता पठाउन अनुमति दिन सकिनेछ। यसरी फिर्ता नपठाएमा पैठारीकर्ताकै खर्चमा सो मालवस्तु नष्ट गरिनेछ। त्यस्तोमा भन्सार महसूल लिइनेछैन।

(५) दुइ पक्षीय सन्धीमा असर नपर्ने गरी प्रयोग भइसकेको औद्योगिक मेशिनरी यन्त्र एवं उपकरणहरु उद्योग विभागको सिफारिसमा निकासी गर्न दिन सकिनेछ।

१२. <u>वस्तु वर्गीकरण</u> (१) निकासी वा पैठारी हुने मालवस्तुको भन्सार महसूल निर्धारण गर्दा कुन मालवस्तु भन्सार दरवन्दीको कुन शीर्षक/उपशीर्षकमा पर्दछ भन्ने द्विविधा परी भन्सार ऐन, (संशोधन सहित) २०१९ को दफा ४४क बमोजिम भन्सार महानिर्देशकले शीर्षक तोक्दा, अन्तर्राष्ट्रिय कन्भेन्सनको आधारमा तोक्नेछ। यसको लागि नेपाल समेत सदस्य रहेको विश्व भंसार संगठनको औपचारिक अंग्रेजी प्रतिलाई मुख्य आधार मानिनेछ।

(२) निकासी/पैठारीकर्ताले मालवस्तु निकासी पैठारी गर्नु पूर्व नै मालवस्तुको शीर्षक तोकिदिन आवेदन गरेमा आवश्यकतानुसार सम्वन्धित कागजात र नमूना समेत जाँचवुझ गरी भन्सार विभागले शीर्षक एकिन गरिदिन सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम वर्गीकरण गर्दा भन्सार प्रयोगशाला वा अन्य प्रयोगशाला वा सम्बन्धित विषयको विशेषज्ञको राय लिन सकिनेछ ।

(४) मालवस्तु जाँचपास गर्दा वस्तु वर्गीकरण वा वस्तु पहिचान एवं गुणस्तर परीक्षण गर्न आवश्यक देखिएमा पैठारी हुन आएको मालवस्तुको नमूना संकलन गरी परीक्षणका लागि भन्सार अधिकृतले भन्सार प्रयोगशाला वा अन्य ऐनले निर्धारित गरेका प्रयोगशालामा पठाउन सक्नेछ ।

(५) भन्सार दरबन्दी प्रयोजनको लागि निर्धारित ८ अंकको उपशीर्षकलाई तथ्यांक प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ ।

१३. सवारी साधन पैठारी सम्बन्धी विशेष व्यवस्था : (१) रिकण्डीसन, प्रयोग भइसकेका तथा नेपाल सवारी प्रदूषण मापदण्ड २०५६ भित्र नपर्ने सवारी वा ढुवानीका साधनहरु (एम्बुलेन्स र दमकल बाहेक) पैठारी गर्न पाइने छैन । उल्लिखित मापदण्डभित्र नपर्ने सवारी वा ढुवानीका साधन पैठारी भएमा सोको जिम्मेवारी पैठारीकर्तामा नै रहनेछ । तर १ वर्ष भन्दा बढी कुटनैतिक नियोग वा सेना वा प्रहरीमा कार्य गरी फर्केका नेपाली नागरिकहरुले आफैले प्रयोग गरेका निजी सवारी साधन पैठारी गर्दा जनसंख्या तथा वातावरण मन्त्रालयको पूर्व स्वीकृति लिई पैठारी गर्न सकिनेछ ।

(२) कार्नेट अन्तर्गत पर्यटकहरुले ल्याएका व्यक्तिगत प्रयोगका यातायातका साधनहरु नेपाल अधिराज्यभित्र अस्थायी रुपमा प्रथम पटक प्रवेश गरेको मितिले प्रत्येक १२ महिना (एकवर्ष) को अवधिमा लगातार वा पटक पटक गरी जम्मा ६ महिनाको अवधिसम्म नेपाल अधिराज्यभित्र विना महसूल राख्न पाउनेछन् । यसरी ल्याइएका (पैठारी भएका) यातायातका साधनहरु ६ महिनाभित्र फिर्ता नलगेमा स्वतः जफत हुनेछ । तर दुर्घटना भई प्रहरी हिरासतमा रहेको भनी जिल्ला प्रहरी कार्यालयले सिफारिस गरेको वा मर्मत गर्न वर्कसपमा रहेको भन्ने रजिष्टर्ड वर्कसपको सिफारिस बमोजिमको अवधि भने भन्सारको कार्नेटमा तोकिदिएको अवधिमा गणना हुनेछैन । यसरी कार्नेट अर्न्तगत पैठारी भएका सवारी साधनहरु दान दातव्य वा उपहार दिन वा बिक्री गर्न पाईनेछैन । कार्नेट अर्न्तगत सवारी साधनसाथ रहेका मालवस्तुहरु सवारी साधन साथ फिर्ता लैजान पर्ने व्यहोरा कार्नेटमा जनाई छाड्न सकिनेछ ।

(३) कार्नेट बाहेक अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लैण्डरोभर, जीप, ट्रक, ट्याक्टर, लहरी, भ्यान र मोटर साइकल आदि साधनहरु र तिनका टेलर समेतमा निम्न लेखिए बमोजिम भन्सार महसूल लगाई असूल उपर गरिनेछ ।

(क) अस्थायी पैठारी गरी ल्याएको ट्याक्टरमा दैनिक रु.५०।- का दरले अस्थायी पैठारी महसूल असूल गरिनेछ तर टेलर फिट भएको ट्याक्टर वा टेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रति दिन रु.२००।- का दरले अस्थायी पैठारी महसूल असूल गरिनेछ । तर मालवस्तु बोकी ल्याएका टेलर सहितको ट्याक्टर १२ घण्टाभित्र रित्तै फर्किगएमा सो ट्याक्टरको अस्थायी पैठारी महसूल लिइने छैन । यसरी पैठारी गरी ल्याएको ट्याक्टर टेलर वा टेलर सहितको ट्याक्टर तीन महिनाभन्दा बढी नेपाल अधिराज्यमा राख्न पाइने छैन ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका र कार्नेट नभएका सवारी साधनहरु पैठारी हुँदा नजिकको बजारसम्म पुगी सोही दिन प्रवेश गरेकै नाकाबाट फिर्ता भएमा कुनै महसूल लाग्ने छैन । सो बाहेकको कार र जीपको अस्थायी पैठारीमा ३० दिनसम्मको लागि दैनिक रु.२००।- का दरले र बस, मिनिबस लगायतका टुरिष्ट गाडीमा दैनिक रु.२५०।- का दरले अस्थायी महसूल लाग्नेछ । तर मोटर साइकल तथा स्कुटरको हकमा दैनिक रु.५०।- र तीन पाङ्ग्रे सवारी साधनमा दैनिक रु.१००।- महसूल लाग्नेछ । यसरी अस्थायी महसूल तिरी पैठारी भएका सवारी साधनहरु एक वर्षमा ३० दिन भन्दा बढी नेपाल अधिराज्यभित्र राख्न पाइनेछैन ।

(ग) सामानहरुको परिवहनको लागि ट्रेक्टर बाहेकका गाडीहरुलाई अस्थायी रुपमा ३ महिनासम्म प्रति दिन रु.४००।- का दरले अस्थायी महसूल लिई पैठारी गर्न दिन सकिनेछ ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधनहरु अनिवार्य रुपमा फिर्ता लैजानु पर्नेछ । उपरोक्त (क), (ख) र (ग) मा उल्लेखित सवारी र ढुवानीका साधनहरु प्रज्ञापनपत्रमा घोषणा गरेको अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपाल अधिराज्यभित्र झुठ्ठा विवरण दिई बसेको ठहरेमा जफत गर्न सकिनेछ । फिर्ता लैजाने क्रममा मनासिब कारण भएमा सवारी साधनको मूल्यमा नबढ्ने गरी मोटरसाइकलमा दैनिक रु.३००।- का दरले र अन्य सवारी साधनमा दैनिक रु.५००।- का दरले महसूल असूल गरी फिर्ता लैजान दिन सकिनेछ ।

(ङ) विदेशबाट माल लादी ल्याएको ट्रक र माल भरिएको कन्टेनर लादी आएको टेलरलाई सो माल चाहिने ठाउँमा गिराउन निमित्त र रित्तो कन्टेनर लिई आएको टेलरलाई मालसामान लोड गर्नका निमित्त ७२ घण्टासम्म सो ट्रक वा टेलरको अस्थायी पैठारी महसूल लिइने छैन । तर, यस्तो ट्रकले भन्सारको क्षेत्रभित्र राखेको माल बाहेक अन्यत्र कतैबाट पुन: माल लादी निकासी गरेमा, सो ट्रकको अस्थायी महसूल लिइनेछ । भन्सार एरियाभित्र राखिएको माल विदेशबाट आउने जुनसुकै लहरी ट्रकले पनि नेपालभित्र प्रवेश गरेको ७२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घण्टाभित्र माल लादी लगेमा त्यस्तो ट्रक लहरीलाई पनि अस्थायी महसूल लिइनेछैन ।

(४) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसूल बुझाएको छ सोही किसिमको साधन भनी सवारी दर्ता गर्नु पर्नेछ । अर्को किसिमको साधन भनी दर्ता गराउनु परेमा भन्सार कार्यालयले, महसूल नपुग हुने भए सो रकम असूल गरि स्वीकृति दिएको अवस्थामा मात्र यस्तो दर्ता गर्न सकिनेछ र उपरोक्तानुसार नभएको अवस्थामा भंसार ऐन नियम अनुसार कारवाही हुनेछ ।

(५) यस भागको शीर्षक ८७०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट र ड्राइभर सिट गणना गरिने छ । तर कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डीङ्ग सीटलाई गणना गरिनेछैन ।

(६) विद्युत, वा व्याट्रीबाट मात्र चल्ने सवारी साधन उत्पादन गर्ने उद्योगले तीन पांग्रे सवारी (सफा टेम्पो) को चेसिस, इन्जीन, मोटर, एकुमुलेटर (व्याट्री), व्याट्री चार्जर पैठारी गर्दा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(७) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोलाई व्याट्रीबाट संचालन गरी सफा टेम्पो वनाउने प्रयोजनका लागि यस्ता उद्योग वा टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरणमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(८) टेम्पो वाहेक विद्युत वा व्याट्रीबाट मात्र चल्ने अन्य सवारी तथा ढुवानी साधनको उत्पादन गर्ने उद्योगले उक्त सवारी साधनको उत्पादनमा प्रयोग हुने चेसिस, इन्जिन, मोटर, एकमुलेटर (व्याट्री), व्याट्री चार्जर पैठारी गरेमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(९) विद्युतबाट मात्र चल्ने गरी उत्पादन भएका भाग ८७ का सवारी तथा ढुवानी साधनको पैठारीमा १० प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(१०) श्री ५ को सरकार र श्री ५ को सरकारको पूर्ण स्वामित्व रहेका संस्थाहरुले महसूल सुविधामा पैठारी गरिएका ५ वर्ष भन्दा पुराना गाडीहरु र यन्त्रोपकरण समेत लिलाम बिक्री गर्दा त्यसमा भंसार तथा अन्य कर महसूलहरु लाग्ने छैन । तर भंसार ऐन, नियम अनुसार जफत भई श्री ५ को सरकारको निर्णयानुसार श्री ५ को सरकारको स्वामित्वमा रहेका सवारी साधन लिलाम गर्दा उपरोक्त ५ वर्षको बन्देज लागू हुनेछैन ।

(११) भाग ८७ मा व्यवस्था भए अनुसार अस्थायी पैठारी भएका सवारी तथा ढुवानी साधनहरु दुर्घटना भई वा अन्य अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यहोरा सम्वन्धित प्रहरी वा राजस्व



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान विभाग वा अन्तर्गत कार्यालयबाट प्रमाणित भएमा सो अवधिको लाग्ने अस्थायी पैठारी महसूल मूल भन्सार कार्यालयको कार्यालय प्रमुखले मिनाहा दिन सक्नेछ ।

(१२) कृषि कार्यमा प्रयोग हुने ट्याक्टरमा २.५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र यसरी पैठारी भएका ट्याक्टर ढुवानीमा प्रयोग गर्ने गरी दर्ता गर्नुपरेमा दरवन्दी अनुसार लाग्ने पुरै महसूल बुझाएर मात्र दर्ता गर्नुपर्नेछ ।

(१३) सवारी प्रदूषण कम गर्ने उद्देश्यले सवारी साधनमा प्रयोग गर्ने गरी पैठारी गर्ने क्याटलिक कन्भर्टर र म्याग्नेटाइजरमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्ने छ ।

(१४) शीर्षक ८७०२ र ८७०३ मा पर्ने १३०० सीसी भन्दा माथिका कार जीप र भ्यानमा लाग्ने भन्सार महसूलमा १० प्रतिशत थप गरी असूल गरिनेछ ।

१४. भन्सार सुविधा (कुटनैतिक सुविधा), पूर्ण वा आंशिक महसूल सुविधा, लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण वा मालवस्तुहरु सम्वन्धी व्यवस्था : (१) श्री ५ को सरकारबाट भन्सार सुविधा (कुटनैतिक सुविधा) वा पूर्ण वा आंशिक महसूल सुविधा पाई वा श्री ५ को सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसूल लिई वा लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरु बिक्री गरेमा वा उपहार दिएमा वा आफैले उपयोग गरेमा माथि अनुसूची-१ बमोजिम लाग्ने कुल भन्सार महसूलको ५० प्रतिशत छुट हुनेछ ।

तर, यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरु पैठारी गरेको मितिले ५ वर्ष अवधि व्यतित भईसकेको हुनुपर्नेछ । भन्सार सुविधा (कुटनैतिक सुविधा) वा महसूल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्रोपकरण वा मालवस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउंदा निजको नेपाल अधिराज्यमा पदाधिकार रहेको अवधिभर एकपटक मात्र दिइनेछ ।

(२) कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा, लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्र औजार लगायत अन्य माल वस्तुहरु उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिइ वा बिक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसूल वुझाई सकेको अवस्थामा बाहेक ३ महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ ।

तर यो आर्थिक ऐन लागू हुँदा फिर्ता लगिसक्नु पर्ने वा महसूल वुझाउनु पर्ने अवधि नाघेका सवारी साधन यन्त्रोपकरण एवं मालसामानको हकमा २०५८ साल पौष मसान्तभित्र फिर्ता लैजान चाहेमा फिर्ता लग्न दिइनेछ र महसूल वुझाउन चाहेमा उपदफा (१) बमोजिमको छुट दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिएको अवधिभित्र फिर्ता नलगेमा वा महसूल नतिरेमा त्यस्ता पैठारीकर्ताको अभिलेख राखी कारवाही गरिनेछ।

(३) नेपाल अधिराज्यभित्रका आयोजना संचालनार्थ, ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने सवारी र ढुवानीका साधन लगायतका निर्माण उपकरण र यन्त्रहरु समेतको सम्वन्धमा देहाय बमोजिम हुनेछ:

(क) श्री ५ को सरकारसंग भएको सम्झौता वा श्री ५ को सरकारको निर्णयको अधिनमा रही आयोजना वा सम्वन्धित ठेकेदारको नाममा पैठारी भएको सवारी र ढुवानी साधन, निर्माण उपकरण र यन्त्रहरु लगायतका सामान समेत आंशिक भन्सार महसूल लिई वा महसूल वापतको बैंक ग्यारेण्टी लिई वा लगतमा जनाई अस्थाई पैठारी गर्न दिइनेछ।

(ख) यसरी पैठारी हुने सवारी र ढुवानी साधन लगायतका मालवस्तु पैठारी गर्दा प्रज्ञापन पत्रमै नेपाल अधिराज्यभित्र रहने अवधि उल्लेख गरी जाँचपास गर्नुपर्नेछ। निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापन पत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपाल अधिराज्यभित्र राख्नुपर्ने भएमा सम्वन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी भन्सार विभागलाई दिनुपर्नेछ। सो आधारमा भन्सार विभागले सम्वन्धित भन्सार कार्यालय एवं अन्य निकायलाई जानकारी गराउनेछ।

(ग) उपर्युक्तानुसार पैठारी हुने सवारी र ढुवानी साधनको दर्ता गर्दा, छुट्टै पहिचान हुने किसिमले दर्ता गरिने छ र परियोजना अवधि समाप्त भएपछि यस्ता साधनको नविकरण गरिनेछैन।

(घ) यसरी पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तु नेपाल अधिराज्यको एउटा आयोजनावाट अर्को आयोजना संचालनको लागि भन्सार महसूल नतिरी लगत हस्तान्तरण गरिनेछैन।

(ङ) श्री ५ को सरकारले म्याद थप दिएकोमा वाहेक आयोजना सम्पन्न भएको मितिले ३ महिनाभित्र उपरोक्तानुसारका सामानहरु फिर्ता लगिसक्नु पर्नेछ।

(च) खण्ड (ङ) बमोजिम फिर्ता नलगी आफैंले उपयोग गरेमा कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लेखित अवधिभित्रै दरवन्दी बमोजिम लाग्ने सम्पूर्ण महसूल बुझाईसक्नु पर्नेछ।

(छ) सम्वन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको सामान फिर्ता नलगी वा महसूल नतिरी अर्को परियोजनाका लागि सोही ठेकेदारले सवारी साधन यन्त्रोपकरण एवं मालसामानहरु पैठारी गर्न पाउनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५ भन्सार महसूलमा आंशिक छुट दिइने : देहायका वस्तुहरुमा देहाय बमोजिम आंशिक भन्सार महसूल छुट दिइनेछ : -

(१) मूल्य अभिवृद्धि करमा दर्ता भएका पुनः प्रशोधन गर्ने उद्योगहरुले पैठारी गरेको भाग ७२ मा पर्ने पीग आइरन, फलामको स्क्रयाप (पत्रु) र अवशेषको पैठारीमा लाग्ने भन्सार महसूलमा ८० प्रतिशत छुट हुनेछ ।

(२) मूल्य अभिवृद्धि करमा दर्ता भएका फलाम सम्बन्धी उद्योगहरुले पैठारी गर्ने शीर्षक ७२१४.९९.१० मा उल्लेखित पुनर्वेलन योग्य छड, डण्डी र लाप्सामा लाग्ने महसूलमा २० प्रतिशत छुट हुनेछ ।

(३) धागो प्रयोग गरी उत्पादन गर्ने उद्योगहरुले पैठारी गरेको कृत्रिम रेशाको धागोमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरुले पैठारी गर्ने भाग ५४ र ५५ मा पर्ने आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाइ) र सबै किसिमका मानव निर्मित स्टेपुल फाइवर्समा लाग्ने भंसार महसूल पूर्ण रुपले छुट हुनेछ । साथै कार्पेट उद्योगहरुले पैठारी गर्ने भाग ५५ मा पर्ने सबै किसिमका मानव निर्मित स्टेपुल फाइवरमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

(४) उद्योग, होटल, लगायत अन्य पर्यटन व्यवसाय, वित्तीय तथा शिक्षण संस्था, स्वीकृति प्राप्त अस्पताल तथा उपचार केन्द्रहरुले १० कि.वा. वा सो भन्दा बढी क्षमताको जेनेरेटर पैठारी गरेमा २.५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(५) हवाइजहाज, हेलिकोप्टर र त्यसको पार्टपूर्जाको पैठारीमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । लिजमा पैठारी भएको अवस्थामा उल्लिखित १ प्रतिशत महसूल धरौटी लिई जहाज वा हेलिकोप्टर फिर्ता गएपछि उल्लिखित धरौटी वापत रहेको महसूल फिर्ता दिइनेछ ।

(६) भन्सार महसूल दरवन्दीको भाग ३० मा पर्ने दरवन्दीमा माफी जनिए बाहेकका औषधिमा माथि जेसुकै लेखिएतापनि ३.५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । तर तरल वा मलमको रुपमा भएको बामको पैठारीमा भने ५ प्रतिशत भन्सार महसूल लाग्नेछ ।

(७) भन्सार महसूल दरवन्दीको भाग ८४ अन्तर्गत ५ प्रतिशतसम्म महसूल लाग्ने मिल मेशिनरी एवं यन्त्रोपकरणहरु (मोल्डिङ गर्ने साँचो समेत) मा (पार्टपुर्जा बाहक) को पैठारीमा २.५ प्रतिशत महसूल लाग्ने गरी ५० प्रतिशत भन्सार महसूल छुट हुनेछ । यस्ता मेशिनहरु सि.के.डी र एस. के.डी. अवस्थामा पैठारी हुँदा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा न्यूनतम लाग्ने २.५ प्रतिशत महसूल पैठारीकै अवस्थामा असूल गरी बाँकी दरवन्दी अनुसार लाग्ने महसूलको बैंक ग्यारेण्टी लिई जाँचपास गर्न सकिनेछ र औद्योगिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भइसकेपछि भन्सार विभागका निर्देशकको संयोजकत्वमा उद्योग विभागका प्रतिनिधि र सम्वन्धित भन्सार कार्यालयको प्रमुख समेत रहेको समितिबाट निरीक्षण भई मेशिन ठहरिने जति सामानको बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

(८) रुग्ण उद्योग पुनरुत्थान समितिको सिफारिसमा रुग्ण उद्योगहरुले ती उद्योग पुनर्स्थापनाको लागि पैठारी गर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जामा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(९) चलचित्र धुलाई गर्ने ध्वनी भर्ने समेत उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरुले चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने निम्नवस्तुहरुमा २.५ प्रतिशत महसूल लिई बांकी महसूल छुट हुनेछ :

(क) शीर्षक ९०१० को नेगेटिभ प्रोसेसिङ्ग मेशिन, कम्प्यूटराइज्ड प्रिभ्यूएवल नेगेटिभ कटिङ मेशिन सेट, फाइनल नेगेटिभ अल्ट्राक्लिनिङ मेशिन, भिडियो एशिष्ट सहित कलर एनालाइजिङ्ग (करेक्सन) मेशिन सेट, फाइनल प्रिन्टिङ्ग तथा फाइनल प्रोसेसिङ्ग मेशिन, प्रोसेसर एवं प्रिन्टर, एनालाइजर, प्रोजेक्टर, स्टेनवेक, साउण्ड रिडर, सिक्रोमीटर, स्पालाइजर, रिवाइण्डर ।

(ख) शीर्षक ८५२५ का कलर करेक्सन समेतको टेलिसिने मेशिन, शीर्षक ८५२१ का वेटा-एस. पी. भिडियो रेकर्डर एवं टेलिसिने सम्वन्धी उपकरणहरु, शीर्षक ८५२८ को मनिटर, शीर्षक ८५२० का अडियो मिक्सिङ्ग कन्सोल र बेटा भीडियो एस. पी. एवं टेपरिकर्डरहरु, डवर, मिक्चर, एम्प्लीफायर, स्पीकर र माइक्रोफोन ।

(ग) शीर्षक ८४७१ का एमिड फिल्म कम्पोजर अथवा हेभी वेट ट्रेक्सट्रोनिक फिल्म एडिटिङ्ग सेट, एभीड अडियो भिजन (प्रोटुल्स) अथवा फेयर लाइट फिल्म अडियो पोष्ट प्रोडक्सन सेट ।

(घ) शीर्षक ९००७ का साउण्ड अप्टिकल ट्रान्सफरिङ्ग मेशिन सेट, प्रिन्ट प्रिभ्यू प्रोजेक्टरहरु, १६ एम. एम. एवं ३५ एम. एम. का क्यामराहरु, साउण्ड अप्टीकल क्यामरा, लेन्स, फिल्टरहरु, म्यागेजिन, क्यामेरा स्टैण्ड, बैट्री चार्जरहरु, ट्ली, डली, क्रेन र रिफ्लेक्टरहरु । शीर्षक ९४०५ का वेवी, सपुर मल्टी-१०, मल्टी-२० सोलार, एच. एम. आई, डीमर ।

(१०) दाना तथा पशुपंक्षी उद्योगहरुले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने भंसार दरबन्दीको भाग ५ को सिपीको टुक्रा, भाग २३ को फिड सप्लीमेण्ट र भाग २५ को चुन ढुंगाको धूलोमा न्यूनतम १ प्रतिशत भंसार महसूल लाग्ने गरी ८० प्रतिशत छुट हुनेछ । साथै, उल्लिखित उद्योगहरुले पशुसेवा विभागको संयोजकत्वमा औषधी व्यवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभाग, उद्योग विभाग, राजस्व अनुसन्धान विभाग र भन्सार विभागको प्रतिनिधित्व रहेको समितिको सिफारिसमा पैठारी गर्ने भन्सार दरवन्दीको भाग २८, २९ र ३० मा पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ एवं प्याकिंग मेटेरियलमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । यस्तो सुविधा अनुसार पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं उद्योगको ट्रेडमार्क अंकित प्याकिंग मेटेरियल पशुसेवा विभागले प्रमाणीत गरेको खपत र तयारी वस्तुको स्वदेशमा उपभोगको आधारमा समितिले सिफारिस गर्ने छ ।

(११) औषधी व्यवस्था विभागको सिफारिशमा औषधी उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ एवं प्याकिङ मेटेरियलमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ । उल्लिखित महसूल छुटको सुविधा अन्तर्गत यस्ता उद्योगले भारत वाहेक तेश्रो मुलुकबाट पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ औषधी व्यवस्था विभागको संयोजकत्वमा भन्सार विभाग, उद्योग विभाग, राजस्व अनुसन्धान विभाग समेतको प्रतिनिधित्व रहेको समितिले तोकेको परिमाणमा नवढ्ने गरी मात्र दिइनेछ । आयात गर्न पाउने परिमाणको सिफारिस गर्दा, समितिले सामान्यतया, औषधी व्यवस्था विभागले प्रमाणित गरेको खपत अनुपात, स्वदेशमा हुने उपभोग, विदेशमा भएको निकासीलाई आधार लिनु पर्नेछ ।

(१२) उद्योगहरुले औद्योगिक प्रयोजनका लागि भाग ८४ अन्तरगत पर्ने २ टन भन्दा बढी क्षमताको एयर कण्डीशनर यूनिट पैठारी गरेमा १० प्रतिशत भन्सार महसूल लाग्नेछ ।

(१३) स्वीकृति प्राप्त स्तरीय अस्पतालका लागि आवश्यक पर्ने भाग ८४ र ९० का औषधीय एवं शल्यचिकित्सा सम्वन्धी यन्त्र, उपकरण तथा औजारहरुमा स्वास्थ्य मन्त्रालयका सिफारिसमा २.५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(१४) अडियो भिडियो टेप उत्पादन गर्ने उद्योगहरुले शीर्षक ८५२३ मा पर्ने प्यान केकको रुपमा पैठारी गर्ने म्याग्नेटिक टेप, उपकरण र पार्टपुर्जामा ५० प्रतिशत छुट हुनेछ ।

(१५) डेरी उद्योगहरुले डेरी उद्योगको नाम छपाई पैठारी गर्ने प्याकिङ्ग मेटेरियल पैठारी गरेमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(१६) मूल्य अभिवृद्धि करमा दर्ता भएका कम्प्यूटर जडान गर्ने उद्योगहरुले पैठारी गर्ने कम्प्यूटर पार्टस र तिनका कम्पोनेन्टसमा लाग्ने भंसार महसूलमा ८० प्रतिशत छुट हुनेछ । तर एकपटक सुविधामा पैठारी भइसकेपछि सोही आर्थिक वर्षमा अर्को पटक सुविधा लिनु परेमा सोको उत्पादन र खपतको विवरण सम्बन्धित भंसारमा प्रेश्रा गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१७) नन्-डिस्पर्सिव इन्फ्रारेड (एन.डी.आई.आर) (कार्वन मोनोअक्साइड र हाइड्रोकार्वन), ग्यांस एनालाइजर (पेट्रोल सवारीको प्रदूषण नाप्न प्रयोग हुने), स्मोक लिटर (डिजेल सवारीको प्रदूषण नाप्न प्रयोग हुने), डिजेल फ्यूल पम्प, टेष्ट बेन्च र डिजेल इन्जेक्सन नोजल टेष्ट बेन्चमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ।

(१८) हेरो, कल्टीभेटर र लेभलरमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ

(१९) सूती धागोको पैठारीमा ५ प्रतिशत भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ।

(२०) शीर्षक ११०७, २७०८, २७११, २८०६.१०, २८१५, ३२०६, ३२१५, ३८१४, ३८१९,, ३९०७.५०, ७२१६ र ७६१२ मा १० प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ।

(२१) शीर्षक १५२०, २८०७, २८११, २८२१, २८२८, २८३३, २८३६, २८३९, २९०५, ३८०९, ३८२३, ४८२२, ७६०१ र ७६०४.२१ मा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ।

(२२) मसि वनाउने उद्योग र मसलन्द उद्योगले पैठारी गर्ने शीर्षक ७०१० को ०.३३ लिटरसम्मको वोतलमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ।

(२३) दर्ता भएका उद्योगहरुले पैठारी गर्ने तोरी रायो सर्स्यूं, रेपसीडको गेडा र नरिवलको कोप्रा (शीर्षक १२०३) मा लाग्ने भन्सार महसूलमा ५ प्रतिशत मात्र लाग्ने गरी ५० प्रतिशत छुट हुनेछ।

(२४) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरुले शीर्षक ३९१९, ३९२० र ३९२१ को पोलिष्टर फिल्म, वि.ओ. पि. पि. फिल्म, एक्स्टुटेड पोलिफिल्म पैठारी गरेमा १५ प्रतिशत भन्सार महसूल लिई वांकि भन्सार महसूल छुट दिइने छ।

(२५) शीर्षक ८४७१ मा पर्ने कम्प्यूटरमा लाग्ने महसूलमा २० प्रतिशत छुट हुनेछ।

(२६) शीर्षक ८४७१ र ८४७३ मा पर्ने सबै किमिसका कम्प्यूटर पार्टसमा २.५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ

(२७) उद्योगले पैठारी गर्ने शीर्षक २७१३ को वल्क विटुमिनमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ।

(२८) धागो उत्पादन गरी उभेन स्याक्स वनाउने उद्योगहरुले पैठारी गर्ने भाग ३९ को एच. डी. पी. ई. / पी. पी. यार्न ग्रेड ग्रयानुअल्समा १० प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. श्री ५ को सरकारको सम्बन्धित निकायवाट प्रमाणित गरी सुविधा दिनु पर्ने सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा १ प्रतिशत भन्सार महसूल लाग्ने गरी बाँकी भन्सार महसूल छुट दिइनेछ :

(१) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्य बाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

(२) वैकल्पिक उर्जाका श्रोत सम्बन्धी देहाय बमोजिमका सामानहरु:

(क) वैकल्पिक उर्जाको श्रोत जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसेसरिज र पार्टपूर्जा,

(ख) सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण र तिनका पार्टपूर्जा तथा सौर्यशक्तिबाट संचालन हुने अन्य संयन्त्र, उपकरण र पार्टपुर्जा,

(ग) गोवर ग्यास लगायत वायोग्यासका लागि आवश्यक पर्ने उपकरण जस्तै मेन ग्यास भल्भ, गोवरग्यास वत्ती, ग्यास टेप (व्रास) गोवरग्यास चुल्हो र तिनका पार्टपूर्जा, रिडक्सन इल्वो र रवर होज पाइप,

(घ) गोवरबाट विद्युत उत्पादन गर्ने व्याट्री बनाउने उद्योगले आयात गर्ने कच्चा पदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो व्याट्री बनाउन आवश्यक कच्चा पदार्थहरु भनी उद्योग विभाग वा घरेलु उद्योग विभागवाट सिफारिस भई आएका कच्चा पदार्थहरु,

(३) ट्रलीबस सेवा संचालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा त्यसका पार्टपुर्जाहरु,

(४) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु,

(५) बालीनालीको लागि मात्र प्रयोग हुने भाग ३८ का कीटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानासक औषधी र त्यसको कच्चा पदार्थ ।

(६) विद्युत विकास विभागको सिफारिसमा पैठारी हुने जलविद्युत उत्पादन, प्रसारण वा वितरणको लागि आवश्यक पर्ने यन्त्र, उपकरण, औजार तथा सोको पार्टपुर्जाहरु (पार्टपुर्जाहरुको हकमा संयन्त्रको पैठारी मूल्यको २५ प्रतिशतसम्म मात्र) ।

(७) स्वास्थ्य मन्त्रालयको सिफारिसमा सरकारी र सामुदायिक अस्पतालले पैठारी गर्ने भाग ८४ र ९० का औषधीय एवं शल्यचिकित्सा सम्वन्धी यन्त्र उपकरण तथा औजारहरु ।

१७. भन्सार महसूल १ प्रतिशत मात्र लाग्ने: देहायका वस्तुहरुमा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) भाग ३९ र ४८ मा पर्ने अण्डा राख्ने क्रेट ।

(२) विजक जारी गर्न प्रयोग हुने शीर्षक ८४७० को (एकाउन्टिङ वा क्यास मेशिन) ।

(३) कृषि कार्यको लागि कृषकले पैठारी गरेको पशुको चारा काट्ने मेशिन एक, धान तथा गहुँ चुट्ने र निफन्ने थ्रेसर तथा पंखी थान एक ।

(४) सिचाई कार्यमा प्रयोग हुने २ हर्ष पावर देखि ८ हर्ष पावरसम्म शक्ति भएको इन्जिन सहितको पम्पिङ सेट र सोको साथमा पैठारी हुने ३० मिटरसम्म होज पाइप ।

(५) तयारी पोशाक निर्यात गर्ने उद्योगहरुले पैठारी गर्ने भ्याकुम आइरनिङ टेवुल र स्टीम आयरन ।

(६) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, कन्टेनर एवं जुनसुकै पदार्थबाट बनेका शीर्षक ८४३६ को इन्कुवेटर फिडिङ प्लाण्ट, (सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष किसिमका भाडा र कुखुरा पालन व्यवसायका लागि आवश्यक पर्ने सम्पूर्ण यन्त्र । यस्ता यन्त्र उपकरणहरु सि.के.डी. वा एस. के. डी. रुपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा १ प्रतिशत भन्सार महसूल लिई बांकी महसूल वापतको बैंक ग्यारेण्टी लिने र उक्त यन्त्रोपरकरण जडान भएपछि माथि दफा १५ को उपदफा (७) बमोजिमको समितिले निरीक्षण गर्दा सुविधा पाउने ठहरेमा उक्त बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

(७) कफी परफुरेटर (शीर्षक ८५१६), वीऊ विजन स्क्रीनिङ सर्टिङ सम्बन्धी मेशिन (शीर्षकहरु ८४३७ र ८४७४), मौरी पालन व्यवसायको मेशिन (शीर्षक ८४३६), फलफूलको रस निकाल्ने मेशिन (शीर्षक ८४३५), फुल सफा गर्ने मेशिन, मह छान्ने र रस छान्ने मेशिन (शीर्षक ८४३३), सिंचाइमा प्रयोग हुने स्प्रिङ्कल र डिप इरिगेशन सम्बन्धी उपकरणहरु ।

(८) चिया उद्योगले पैठारी गर्ने मेशिनरी (शीर्षक ८४३८), उपकरण र पार्टपुर्जाहरु, स्प्रीङ्कल, डिपइरिगेशन र सो सम्वन्धी सहायक सामग्रीहरु ।

(९) दर्ता भएका मत्स्य फार्महरुले पैठारी गर्ने विभिन्न किसिमका तयारी जालहरु, जाल बनाउन प्रयोग गरिने नाइलन धागो र माछा पाल्ने तयारी केजहरु, पम्पसेट, ह्याकिकट, एअरेटर, हांसको चल्ला कटाउने इन्कुवेटर, मत्स्य विष एवं मत्स्य प्रजननका लागि आवश्यक हार्मोन ।

(१०) कृषि, वागवानी तथा पुष्प फार्महरुले पैठारी गर्ने ग्रिन हाउस, सिंचाई उपकरण र यस्तै अन्य यन्त्र उपकरण ।

(११) मूल्य अभिवृद्धि करमा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने जेनरेटिङ पार्टस् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) उद्योगहरुले प्रदूषण नियन्त्रणका लागि पैठारी गर्ने संयन्त्र र उपकरण ।

(१३) भाग ५१ को पश्मीना धागो ।

(१४) कम्प्यूटरका प्रोग्राम सहितका कम्प्याक्ट डिष्कहरु ।

१८. भन्सार महसूल पूर्ण छुट हुने : देहायको शीर्षकका मालवस्तुहरु भारतबाट र जनवादी गणतन्त्र चिनको स्वशासित क्षेत्र तिव्वतबाट पैठारी हुँदा सो मा लाग्ने भन्सार महसूल पूर्ण रुपले छुट हुनेछ :

(१) भाग १ को जीवीतजन्तु सबै,

(२) भाग ३ को शीर्षक ०३०१ देखि ०३०४९० सम्मका मालवस्तुहरु,

(३) भाग ४ को शीर्षक ०४०१ का उत्पादनहरु शीर्षक ०४०७ का उत्पादनहरु, शीर्षक ०४०९ को अप्रशोधित प्राकृतिक मह,

(४) शीर्षक ०५०६ का उत्पादनहरु,

(५) भाग ६ का सबै उत्पादनहरु,

(६) भाग ७ को उपशीर्षक ०७०३.२०.०० मा पर्ने सुकाएको लसुन, उपशीर्षकहरु ०७१३.१०, ०७१३.२०, ०७१३.३१, ०७१३.३२, ०७१४.१०.०० र ०७१४.९० वाहेकका सबै उत्पादनहरु,

(७) भाग ८ को उपशीर्षकहरु ०८०१.१९, ०८०३.००, ०८०४.२०, को ताजा अंजिर, उपशीर्षकहरु ०८०४.३०, ०८०४.४०, ०८०४.५०, शीर्षक ०८०५ को सबै उत्पादन, उपशीर्षक ०८०६.१० र शीर्षक ०८०७ देखि उपशीर्षक ०८१०.९० सम्मका उत्पादनहरु,

(८) भाग ९ को शीर्षक ०९१० को काँचो अदुवा, उपशीर्षक ०९१०.३० को काँचो वेसार,

(९) भाग १० का खाद्यान्नहरु सबै,

(१०) भाग ११ को शीर्षक ११०१ देखि उपशीर्षक ११०४.३० सम्मका उत्पादनहरु,

(११) भाग १२ को शीर्षक १२०१ देखि उपशीर्षक १२०२.२० सम्मका उत्पादन, शीर्षक १२०६, उपशीर्षक १२०७२० देखि १२०७४० सम्म, उपशीर्षकहरु १२०७.६०, १२०७.९२ र १२०७.९९ सम्मका उत्पादन । शीर्षकहरु १२०८, १२०९, १२१० र १२११, उपशीर्षकहरु १२१२.१०, १२१२.३०, १२१२.९१ देखि १२१२.९९ सम्मका उत्पादनहरु, शीर्षक १२१३ र शीर्षक १२१४ सम्मका वस्तुहरु,

(१२) भाग १४ को उपशीर्षक १४०४.१० वाहेकका सबै उत्पादनहरु,

(१३) भाग १५ को उपशीर्षक १५२१.९० का उत्पादन,

(१४) भाग १७ को शीर्षक १७०१ को गुंड सख्खर,

(१५) भाग २३ का शीर्षकहरु २३०४, २३०५ र २३०६ का सबै उत्पादनहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. भारतबाट पैठारी भएमा भन्सार महसूल पूर्ण छुट हुने : देहायका वस्तुहरु भारतबाट पैठारी हुंदा भन्सार महसूल पूर्णरुपले छुट हुनेछ :-

(१) भाग २५ र २६ का निम्न उपशीर्षकहरुका अप्रशोधित खनिज उत्पादनहरु : २५०१००९०, २५०२००००, २५०४१०००, २५०४९०००, २५१०१०००, २५१११०००, २५११२०००, २५१३११००, २५१३१९००, २५१३२०००, २५१८१०००, २५१८२०००, २५१८३०००, २५१९९०००, २५२१००००, २५२४००००, २५२५१०००, २५२७०००० २५२८१०००, २५२८९०००, २६०१११००, २६०११२००, २६०१२०००, २६०२००००, २६०३००००, २६०४००००, २६०५००००, २६०६००००, २६०७००००, २६०८००००, २६०९००००, २६१०००००, २६११००००, २६१२१०००, २६१२२०००, २६१३१०००, २६१३९०००, २६१४००००, २६१५१०००, २६१५९०००, २६१६१०००, २६१६९०००, २६१७१००० र २६१७९००० ।

(२) भाग २७ को शीर्षक २७०९ को कच्चा पेट्रोलियम तेल र विटुमिन खनिजबाट प्राप्त कच्चा तेल ।

२०. भाग ३१ को मलखादहरुको पैठारीमा भन्सार महसूल पूर्ण रुपमा छुट हुनेछ ।

२१. नेपाल हयाचरी उद्योग संघको सिफारिसमा शीर्षक ०१०५ अन्तर्गत पर्ने माउ जाती (भाले पोथी) को चल्ला पैठारी भएमा भन्सार महसूल पूर्ण छुट हुनेछ ।

२२. भाग ३२ का सिन्दुर, भाग ३९ र ७० मा पर्ने चूरा, टीका र टिकुलीमा भन्सार महसूल पूर्ण छुट हुनेछ ।

२३. जूट उद्योगहरुले पैठारी गर्ने भाग ५३ को कच्चा जूटमा भन्सार महसूल पूर्ण छुट हुनेछ ।

२४. श्री ५ को सरकारले पैठारी गर्ने अप्रकाशित हुलाक टिकट, पोष्टकार्ड, हवाई पत्र र टिकट छापिएको खाम पैठारी गर्दा भन्सार महसूल पूर्ण छुट हुनेछ ।

२५. श्री ५ को सरकारको सम्बन्धित निकायबाट प्रमाणीत गरी सुविधा दिनु पर्ने भनी सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने भंसार महसूलमा निम्नानुसार आंशिक छुट हुनेछ :-

(१) स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि दफा १५ को (७) ले दिएको सुविधाको अलावा मेशिनरी पार्टपुर्जा तथा उपकरण छाप्ने टाईप व्लक, प्लेट, शीट, ग्राफिक आर्ट, फिल्म, शीर्षक ९००६ अन्तरगतका भर्टिकल क्यामरा, केमिकलहरु पैठारी गरेमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ । साथै, यस्ता उद्योगले पैठारी गर्ने मसीको पैठारीमा भने ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

(२) ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफयाक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको कम्प्यूटर एक पहिलो पटक पैठारी गर्दा ५ (पांच) प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८८२

(३) ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि टेलेक्स मेशिन एक, टेलिफयाक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको कम्प्यूटर एक र स्लिपिङ्ग ब्याग २५ थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ। साथै यस्ता एजेन्सीहरुले संचार मन्त्रालयको सिफारिसमा पैठारी गर्ने संचार उपकरणमा समेत लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ।

(४) जलयात्राको व्यवसाय गर्ने राफिटङ्ग एजेन्सीले आफ्नो व्यवसाय संचालनको लागि टेलेक्स मेशिन १, टेलिफयाक्स मेशिन १, फोटोकपी मेशिन १, प्रिन्टर सहितको कम्प्युटर १, रबर र मोटरको डुङ्गा १०/१० थान, हेलमेट १०० थान, लाइफ भेष्ट १०० थान, प्याडल १०० जोर र वाटर प्रुफ क्यामरा कण्टेनर १० थान पहिलो पटक पैठारी गर्दा भन्सार महसूल ५ प्रतिशत मात्र लाग्नेछ।

(५) नेपाल अधिराज्यमा खिचिएको सिनेमा सम्बन्धी फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेशमा लगि पुनः पैठारी गर्नमा सो वापत लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ र साउण्ड रेकर्ड गरी पैठारी भएकोमा ७५ प्रतिशत छुट हुनेछ।

(६) संचार मन्त्रालयको सिफारिसमा नेपाल अधिराज्यभित्रबाट नियमित प्रकाशित हुने पत्र-पत्रिकाको नाममा पैठारी हुने फयाक्स मेशिन थान-१, कम्प्यूटर थान-१ र प्रिन्टर वा लेजर प्रिन्टर थान-१ मा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ। एक पटक यस्तो सुविधा लिए पछि पांच वर्षसम्म यिनै सामानमा अर्को छुट दिइने छैन।

(७) स्वास्थ्य मन्त्रालयको सिफारिसमा सरकारी तथा सेवामूलक गैह्र सरकारी संघ संस्थाले एम्बुलेन्स पैठारी गर्नमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ।

(८) स्थायी स्वीकृत प्राप्त ट्राभल एजेन्सीहरु, ट्रेकिङ्ग एजेन्सीहरु राफिटङ्ग एजेन्सीहरु र तारे एवं रिसोर्ट होटलहरुले पर्यटन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लग्जरी कोच, माइक्रोबस, मिनिबस र जीपमध्ये जम्मा दुई (२) थानमा लाग्ने भंसार महसूलमा ५० प्रतिशत छुट हुनेछ। तर यसरी पैठारी हुने सवारी साधनहरु पैठारी भएको १० वर्षसम्म निजी सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टी त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनुपर्नेछ। यस्ता सवारी साधन १० वर्ष नबित्ती नामसारी गरेमा नियमानुसार पुरै भन्सार महसूल लाग्नेछ र १० वर्षपछि नामसारी भएमा कुल भन्सार महसूलको ५० प्रतिशत छुट हुनेछ।

२६. बारुण यन्त्र (दमकल) एवं ढलको फोहोर पानी प्रशोधनको लागि पैठारी हुने ट्रिटमेण्ट प्लान्ट, मेशिनरी र संयन्त्रहरुमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७ फोहर मैला संकलन गरी पुन: उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने गार्वेज कम्पाक्टर, गार्वेज कन्टेनर तथा फोहर मैला प्रशोधन गरी पुन: उत्पादन गर्ने मेशिनरीहरुमा सम्बन्धित नगरपालिकाको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ ।

२८. डेमरेज सम्बन्धी व्यवस्था : (१) भन्सार नियमावली २०२६ को नियम १४ को उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि भन्सार कार्यालयको प्रमुखले कुनै मालवस्तुमा लागेको डेमरेज (विलम्व शुल्क) मिन्हा दिनुपर्ने मनासिव माफिकको कारण भएमा अधिकतम १ लाख रुपैयांसम्म मात्र मिन्हा दिन सक्नेछ । सो भन्दा बढी डेमरेज मिन्हा दिनुपर्ने मनासिव माफिकको कारण भएमा भन्सार कार्यालयका प्रमुखले आफ्नो राय सहित भन्सार विभागको पूर्व स्वीकृत लिनु पर्नेछ । यसरी पेश भएकोमा भन्सार विभागले मिनाहा दिनुपर्ने मनासिव माफिक कारण भएमा डेमरेज मिनाहा दिने गरी स्वीकृति दिन सक्नेछ । डेमरेज (विलम्व शुल्क) को अधिकतम हद उक्त वस्तुको मोल भन्दा बढी हुने छैन ।

(२) भन्सार मूल्याङ्कन, मालवस्तुको वर्गीकरण एवं अन्य कुनै कारणले मालवस्तु जाँचपास गर्न भन्सार कार्यालयलाई द्विविधा परी समयमा भन्सार जाँचपास हुन नसकेको मालवस्तुको हकमा विलम्व शुल्क लाग्ने छैन । यसरी द्विविधा परेको कारण सम्बन्धित कार्यालयले तुरुन्त भन्सार विभागलाई दिनुपर्नेछ ।

२९. विविध :

(१) भन्सार कार्यालयहरुमा पैठारी तथा निकासीकर्ताले आर्थिक ऐन वमोजिम तिर्नु वुझाउनु पर्ने कर महसूलहरु भन्सार वर्गीकरण फरक परी वा गणितिय भूलबस वा अन्य कुनै कारणले छुट भएको पछि देखिन आएमा छुट भएको कर महसूल तुरुन्त असूल उपर गरिनेछ । यसरी छुट भएको कर महसूल तुरुन्त नवुझाउने निकासी वा पैठारीकर्ताको कारोवार रोक्का गर्न सकिनेछ । निकासी पैठारीकर्ताले तिर्नु वुझाउनु पर्ने रकम भन्दा बढी महसूल असूल भएको प्रमाणीत भएमा त्यस्तो बढी रकम सम्वन्धित निकासी/पैठारीकर्तालाई फिर्ता गरिनेछ ।

(२) उद्योगले पैठारी गर्ने वाहेक अन्य व्यक्ति, संस्था वा व्यापारिक फर्महरुले पैठारी गर्ने धातु तथा प्लाष्टिकबाट बनेका पुराना सामान एवं पुराना यन्त्रोपकरण, पुरानो इन्जीन पैठारी गर्दा जनसंख्या तथा वातावरण मन्त्रालयको पूर्व स्वीकृत लिनुपर्नेछ । आयोजनाको कामको लागि पैठारी हुने पुराना निर्माण सम्वन्धी यन्त्रोउपकरणहरु पैठारी गर्दा पनि सो वमोजिम पूर्व स्वीकृती लिनु पर्नेछ । राहत तथा उद्धार कार्यका लागि अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने वाहेक पुराना लत्ता कपडा पैठारी गर्न पाइनेछैन ।

(३) पैठारी भएका मालवस्तु भन्सार विन्दूबाट जाँचपास भएपछि मालवस्तु लादिएका ती ढुवानी साधन (ट्रक, कन्टेनर आदि) मा भन्सारले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिलछाप लगाई प्रमाणीत गरी तोकिएको विन्दूसम्म जान पाउने इजाजत दिएको त्यस्ता ढुवानी साधन र त्यसमा रहेका सामान भन्सार विन्दु देखि गन्तव्यस्थलको वीचमा राजस्व अनुसन्धान विभाग वाहेक अन्य निकायले खोल्न, हेर्न र जांच्न पाउने छैन ।

(४) नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुको प्रतितपत्र खोल्दाकै अवस्थामा मालवस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण, उत्पत्तिको मुलुक एवं यथासंभव सामानको प्रकृति अनुसार मोडेल नम्बर र कम्पनी समेत प्रतितपत्र मै खुलाउंनु पर्नेछ । प्रतितपत्र वा पेश भएका विलविजकमा उपरोक्त वमोजिम उल्लेख भइ नआएमा भन्सार अधिकृतले आवश्यक विवरण माग गर्नसक्नेछ ।

(५) भन्सार ऐन,२०१९ र निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ वमोजिम भन्सार कार्यालयबाट जफत भई लिलाम गर्नुपर्ने मालवस्तुहरु, सवारी साधन यन्त्रोपकरण आदि लिलाम बिक्री गर्दा अन्य कानूनहरुमा जुनसुकै कुराहरु उल्लेख भएको भएतापनि भन्सार ऐन नियममा उल्लेखित प्रावधान अनुसारनै लिलाम बिक्री गरिनेछ ।

(६) डि.आर.पी. इनवण्ड वा वस्तु विनिमयको माध्यमबाट वाहेक भारत तथा चीनको स्वशासित क्षेत्र तिव्वतबाट गरिने पैठारी पनि बैकिंग प्रणाली अनुसार गर्नुपर्ने छ ।

तर, निकासी र रु. १६०००। सम्मको मालसामान पैठारी गर्दा बैकिंग प्रणालीको अनिवार्यता हुने छैन र वस्तु विनिमय अन्तर्गत निकासी भएजति मूल्यको जुनसुकै मालवस्तु पैठारी गर्दा इजाजत लिनु पर्नेछैन ।

(७) ब्रुअरी कम्पनीले क्राउनकर्कको पैठारी गर्दा मूल्य अभिवृद्धि कर कार्यालयको सिफारिसमा मात्र पैठारी गर्नुपर्नेछ ।

(८) विद्युतीय यन्त्रबाट प्रशोधित भएको तथ्यांक अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेपछि मान्यता दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची २

नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने मालवस्तुमा देहाय बमोजिम निकासी भंसार महसूल लाग्नेछ ।

| शीर्षक | उपशीर्षक | माल वा वस्तुको नाम | दर |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| १५.०७ | | रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको भटमासको तेल र तैलांश । | |
| | १५०७.१०.०० | - लिसो निकालिएको वा ननिकालिएको कच्चा तेल | ५% |
| | १५०७.९०.०० | - अन्य | ५% |
| १५.११ | | रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको ताड (खजूर) को तेल र तैलांश । | |
| | १५११.१०.०० | - कच्चा तेल | ५% |
| | १५११.९०.०० | - अन्य | ५% |
| १५.१३ | | रासायनिक परिवर्तन गरिएको, प्रशोधन गरेको वा नगरेको नरीवल (कोप्रा), ताड (वा खजूर) वा ब्राजिलमा हुने एक किसिमको ताड वा खजूर (बाबासु) को तेल र तैलांश । | |
| | | - नरीवल (कोप्रा) को तेल र तैलांश : | |
| | १५१३.११.०० | -- कच्चा तेल | २% |
| | १५१३.१९.०० | -- अन्य | २% |
| | | - ताड (खजूर) को वा बाबासुको तेल तैलांस : | |
| | १५१३.२१.०० | -- कच्चा तेल | ५% |
| | १५१३.२९.०० | -- अन्य | ५% |
| १५.१६ | | आंशिक वा पूर्णरुपले उद्जनीकृत (हाइड्रोजनेटेड), इण्टर इस्टैरिफाइड, रि-इस्टैरिफाइड वा इलाइडिनाइज्ड, शुद्ध पारिएको वा नपारिएको तर त्यसभन्दा बढी केही नगरिएको जीवजन्तुजन्य वानस्पतिक बोसो, तेल र तिनको तैलांश । | |
| | १५१६.१०.०० | - जनावरको बोसो, तेल र तैलांश | ५% |
| | १५१६.२०.०० | - वनस्पतिको बोसो, तेल र तैलांश | ५% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १५.१७ | | मार्गारिन (कृत्रिम नौनी), शीर्षक १५.१६ अन्तरगतका खान हुने बोसो, तेल र तिनका तैलांश वाहेक यस भागका जीवजन्तुजन्य वा वानस्पतिक विभिन्न बोसो, तेल र तिनका तैलांशहरुको खान हुने मिश्रण वा तयारी वस्तुहरु । | |
| | १५१७.९०.०० | - अन्य | ५% |
| १७.०३ | | चिनी बनाउँदा निस्कने शिरा वा उखुको रस (टेमाछुवा खुदो समेत) । | |
| | १७०३.१०.०० | - उखुको खुंदो | ५% |
| | १७०३.९०.०० | - अन्य | ५% |
| २५.०५ | | भाग २६ को मेटलवियरिङ (धातुयुक्त) वालुवा वाहेक रंगीन वा रंगहीन सवै प्रकारको प्राकृतिक वालुवा । | |
| | २५०५.१०.०० | - सिलिका वालुवा र क्वार्ज (स्फटिक) वालुवा | प्रति घ.मि. रु.१००।- |
| | २५०५.९०.०० | - अन्य | प्रति घ.मि. रु.१००।- |
| २५.१६ | | करौतिद्वारा वा अन्य किसिमले अलि अलि ताछिएको, काटिएको वा टुक्राइएको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाताको रुपमा रहेको ग्रेनाइट(कडा पत्थर), पर्फाइरी, रेशा नभएको आग्नेय चट्टान, वेसाल्ट, वलौटेढुंगा र स्मारक एवं भवन वनाउने अन्य ढुंगा । | |
| | | - बलौट ढुंगा | |
| | | -- कच्चा र अलि अलि ताछेको : | |
| | २५१६.२१.१० | --- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्र्याइएका २ इन्चसम्मको ढुंगाहरु | प्रति घ.मि. रु.५०।- |
| | २५१६.२१.२० | --- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्र्याइएका २ इन्चभन्दा बढीको ढुंगाहरु | प्रति घ.मि. रु.१००।- |
| | २५१६.२१.३० | --- सडक निर्माण गर्ने प्रयोजनको लागि नटुक्र्याइएका ढुंगाहरु | प्रति घ.मि. रु.३००।- |
| | २५१६.२१.९० | --- वालुवा स-साना ढुंगाका मिश्रण छर्रा | प्रति घ.मि. रु.१००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | -- करौंतिद्वारा वा अन्य प्रकारले अलि अलि काटिएको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता : | |
| | २५१६.२२.१० | --- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्र्याइएका २ इन्चसम्मको ढुंगाहरु | प्रति घ.मि. रु.५०।- |
| | २५१६.२२.२० | --- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्र्याइएका २ इन्च भन्दा बढीको ढुंगाहरु | प्रति घ.मि. रु.१००।- |
| | २५१६.२२.९० | --- सडक निर्माण गर्ने प्रयोजनको लागि नटुक्र्याइएका ढुंगाहरु | प्रति घ.मि. रु.३००।- |
| २५.१७ | | साधारणतया कंक्रिट जोड्दा, सडकमा ढुंगाका टुक्रा ओछ्याउंदा वा रेल्वे र अन्य यस्तै ठाउँमा दृढ वनाउन वोझको रुपमा लगाउन प्रयोग गरिने तापित वा अतापित गिटी र टुक्राइएका वा पिंधिएका ढुंगाहरु; बाटुलिएका पत्थर (सिंगल), अग्निप्रस्तर र यो शीर्षकको पहिलो भागमा उल्लेख भएका वस्तुहरु भएको वा नभएको स्ल्याब (धातु अवशेष), ड्रस र यस्तै औद्योगिक अवशेष; अलकत्रायुक्त मेकाडम (रोडा); तापित वा अतापित शीर्षक २५.१५ वा २५.१६ का पत्थरका दाना, टुक्राटुक्री र धूलो । | |
| | | - साधारणतया कंक्रिट जोड्दा, सडकमा ढुंगा ओछ्याउंदा वा रेल्वे र यस्तै ठाउँमा दृढ वनाउन वोझ लगाउने काममा प्रयोग गरिने तापित वा अतापित गिटी र टुक्राइएका वा पिंधिएका ढुंगाहरु, बाटुलिएका प्रस्तर, अग्निप्रस्तर (फ्लिण्ट) : | |
| | २५१७.१०.१० | -- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्राइएका २ इन्चसम्मको ढुंगाहरु | प्रति घ.मि. रु.५०।- |
| | २५१७.१०.२० | -- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्र्याइएका २ इन्चभन्दा बढीको ढुंगाहरु | प्रति घ.मि. रु.१००।- |
| | २५१७.१०.९० | --- सडक निर्माण गर्ने प्रयोजनको लागि नटुक्र्याइएका ढुंगाहरु | प्रति घ.मि. रु.३००।- |
| | | - उप शीर्षक २५१७.१० मा उल्लिखित वस्तु समावेश भए वा नभएका ड्रस र स्ल्याब (धातुका अवशेष) का वा यस्तै औद्योगिक अवशेषका मेकाडम (रोडा) : | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | २५१७.२०.१० | -- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्र्याइएका २ इन्चसम्मको ढुंगाहरु | प्रति घ.मि. रु.५०।- |
| | २५१७.२०.९० | -- सडक निर्माण गर्ने प्रयोजनको लागि टुक्र्याइएका २ इन्चभन्दा बढीको ढुंगाहरु | प्रति घ.मि. रु.१००।- |
| | २५१७.३०.०० | - अलकत्रा लगाएको रोडा | प्रति घ.मि. रु.५०।- |
| | | - शीर्षक २५.१५ वा २५.१६ को तापित वा अतापित दाना टुक्राटुक्री र धूलो : | |
| | २५१७.४१.०० | --संगमर्मरका मार्वल स्टोन्स, पाउडर,लाइमस्टोन चिप्स | ६% |
| | २५१७.४९.०० | -- अन्य | ६% |
| २५.१९ | | प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट); गालिएका म्याग्नेसिया; पूर्णरुपले बदलिएको (डेडबर्न वा सिन्टर्ड) म्याग्नेसिया, वाल्नु भन्दा पहिले थोरै मात्रामा अन्य अक्साइडहरु मिलाइएको वा नमिलाईएको; अन्य म्याग्नेसियम अक्साइड, शुद्ध वा अशुद्ध । | |
| | २५१९.१०.०० | - प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट) | प्रति घ.मी. रु.२००।- |
| | २५१९.९०.०० | - अन्य | प्रति घ.मी. रु.२००।- |
| २८.१७ | २८१७.००.०० | जस्ताको अक्साइड, जस्ताको पेरोक्साइड । | ३% |
| ३२.०३ | | रासायनिक तवरले छुट्याइएको वा नछुट्याइएको वनस्पति वा जीवजन्तु जन्य रंगाउने पदार्थ (रंगाउने सार समेत तर एनिमल ब्ल्याक (कालो रंग) बाहेक); यस भागको द्रष्टव्य ३ मा उल्लेख गरिएका वनस्पति वा जीवजन्तुजन्य रंगाउने पदार्थमा आधारित तयारी वस्तुहरु । | |
| | ३२०३.००.१० | - खयर कच्छ | प्रति किलो रु.२।- |
| | ३२०३.००.९० | - खयर कत्था | प्रति किलो रु.५।- |
| ३९.१५ | | प्लाष्टिकको अवशेष, पेरिङ्स (कतरन) र रद्दी । | |
| | ३९१५.१०.०० | - इथिलिनको पोलिमरको | ४% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ३९१५.२०.०० | - स्टाइरेनको पोलिमरको | ४% |
| | ३९१५.३०.०० | - भाइनिल क्लोराइडको पोलिमरको | ४% |
| | ३९१५.९०.०० | - अन्य प्लाष्टिकको | ४% |
| ३९.१६ | | प्लाष्टिकको, कुनै पनि क्रस सेक्सनल डाइमेन्सन १ एम.एम. भन्दा बढीको भएको मोनाफिलामेन्ट सर्फेस वर्क (सतही कार्य) गरेको वा नगरेको तर त्यस वाहेक केही नगरेको । | |
| | ३९१६.१०.०० | - इथिलिनको पोलिमरको | ४% |
| | ३९१६.२०.०० | - भाइलिन क्लोराइडको पोलिमरको | ४% |
| | ३९१६.९०.०० | - अन्य प्लाष्टिकहरुको | ४% |
| ३९.१७ | | प्लाष्टिकका, नलीहरु, पाइपहरु र होजहरु (लामो लचकदार नलीहरु) र तिनका जडानहरु (जस्तै जोर्नीहरु, इल्वोज (कुहुनो), ल्पान्जहरु (वाहिर निस्कने भाग)। | |
| | ३९१७.१०.०० | - फिंज नउड्ने प्रोटिन वा कोषीय वस्तुहरुका कृत्रिम आन्द्राभूंडी (ससे केसिङस) | ४% |
| | | - नलीहरु, पाइपहरु र होजेज (लामो लचकदार नलीहरु),दह्रो : | |
| | ३९१७.२१.०० | -- इथीलिनको पोलिमरको | ४% |
| | ३९१७.२२.०० | -- प्रोपिलिनको पोलिमरको | ४% |
| | ३९१७.२३.०० | -- भाइनिल क्लोराइडको पोलिमरको | ४% |
| | ३९१७.२९.०० | -- अन्य प्लाष्टिकको | ४% |
| | | - अन्य नलीहरु, पाइपहरु र होजहरु (लामो लचकदार नलीहरु) : | |
| | ३९१७.३१.०० | -- न्यूनतम धड्काको चाप (बर्स्ट प्रेसर) २७.६ एमपीए भएको लचकदार नलीहरु, पाइपहरु र होजहरु (लामो लचकदार नलीहरु) | ४% |
| | ३९१७.३२.०० | -- अन्य, सबल (रिइन्फोर्स्ड) नगराइएका वा अरु किसिमबाट अन्य पदार्थहरुका साथ नमिसाइएका, फिटिङ (उपकरण पार्टपूर्जा जस्ता सामानहरु) वाहेकका | ४% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ३९१७.३३.०० | -- अन्य, सवल नगराइएका वा अन्य पदार्थहरु नमिसाइएका, फिटिङ (उपकरण, पार्टपूर्जा जस्ता सामानहरु) सहितका | ४% |
| | ३९१७.३९.०० | -- अन्य | ४% |
| | ३९१७.४०.०० | - फिटिङहरु (उपकरण, पार्टपुर्जा जस्ता सामानहरु) | ४% |
| ३९.१८ | | टाइलहरुको रुपमा वा रोलमा आफै टाँसिने वा नटाँसिने प्लाष्टिकको भुइँ ढकनी (फ्लोर कभरिङ); यस भागको द्रष्टव्य ९ मा उल्लिखित प्लाष्टिकका भित्तो र सिलिङका ढाक्ने वस्तुहरु (कभरिङ्स) । | |
| | ३९१८.१०.०० | - भाइलिनक्लोराइडका पोलिमरको | ४% |
| | ३९१८.९०.०० | - अन्य प्लाष्टिकको | ४% |
| ३९.१९ | | रोलमा भएका वा नभएका, प्लाष्टिकका आफैं टाँसिने प्लेटहरु, सिटहरु, फिल्महरु, फवाइल, टेप, स्ट्रीप र अन्य चेप्टो आकारका वस्तुहरु । | |
| | ३९१९.१०.०० | - २० से.मी. चौडाई ननाघेको रोलमा भएका | ४% |
| | ३९१९.९०.०० | - अन्य | ४% |
| ३९.२० | | अकोशीय (ननसेल्यूलर) र असवल (नौट रिइनफोर्स्ड) अस्तर हालिएको वा पटलित (ल्यामिनेटेड), आधार हालिएको (सर्पोटेड) वा यस्तै अरु सामानसंग जोडिएको प्याष्टिकका अन्य प्लेटहरु, सिटहरु, फिल्म, फवाइल र स्ट्रीपहरु । | |
| | ३९२०.१०.०० | - इथीलिनको पोलिमरको | ४% |
| | ३९२०.२०.०० | - स्टाइरिनको पोलिमरको | ४% |
| | ३९२०.३०.०० | - प्रोपिलिनको पोलिमरको | ४% |
| | | - भाइलिन क्लोराइडको पोलिमरहरुका : | |
| | ३९२०.४३.०० | -- तौलको हिसाबले ६ प्रतिशत भन्दा घटी सुघट्यकारी (प्लाष्टिसाइजर्स) नरहेको | ४% |
| | ३९२०.४९.०० | -- अन्य | ४% |
| | | - एक्रेलिक पोलिमरको : | |
| | ३९२०.५१.०० | -- पोलिमिथिल मेथाक्रिलेट | ४% |
| | ३९२०.५९.०० | -- अन्य | ४% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | - पोलिकार्बोनेटहरु, अल्किड्रेजिन्स, पोलिएलिल इष्टरहरु वा अन्य पोलिइष्टरहरु | |
| | ३९२०.६१.०० | -- पोलिकार्बोनेटहरुको | ४% |
| | ३९२०.६२.०० | -- पोलिइथीलेन टेरिफ्थालेटहरुको | ४% |
| | ३९२०.६३.०० | -- असंतृप्त पोलिष्टरहरुको | ४% |
| | ३९२०.६९.०० | -- अन्य पोलिष्टरहरुको | ४% |
| | | - सेलुलोज वा यसका रासायनिक व्यूत्पत्तिहरुको : | |
| | ३९२०.७१.०० | -- पुनर्उत्पादित सेलुलोजको | ४% |
| | ३९२०.७२.०० | -- भल्कानाइज्ड रेशाहरु (फाइबर) को | ४% |
| | ३९२०.७३.०० | -- सेलुलोज एसिटेटको | ४% |
| | ३९२०.७९.०० | -- अन्य सेलुलोज व्यूत्पत्तिहरुको | ४% |
| | | - अन्य प्लाष्टिकहरुको : | |
| | ३९२०.९१.०० | -- पोलिभाइलिनहरु वुटिरलको | ४% |
| | ३९२०.९२.०० | -- पोलियामाइडको | ४% |
| | ३९२०.९३.०० | -- एमिनो रेजिन्सको | ४% |
| | ३९२०.९४.०० | -- फेनोलिक रेजिन्सको | ४% |
| | ३९२०.९९.०० | -- अन्य प्लाष्टिकको | ४% |
| ३९.२१ | | प्लाष्टिकका अन्य प्लेटहरु, सिटहरु, फिल्म, फ्वाइलहरु र स्ट्रीपहरु । | |
| | | - कोशमय (सेलुलर) : | |
| | ३९२१.११.०० | -- स्टाइरेनको पोलिमरको | ४% |
| | ३९२१.१२.०० | -- भाइलिन क्लोराइड पोलिमरको | ४% |
| | ३९२१.१३.०० | -- पोलियूरेथेनको | ४% |
| | ३९२१.१४.०० | -- पुनर्उत्पादित (रिजेनरेटेड) कोष (सेलुलोज) को | ४% |
| | ३९२१.१९.०० | -- अन्य प्लाष्टिकहरुको | ४% |
| | ३९२१.९०.०० | - अन्य | ४% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३९.२२ | | प्लाष्टिकका स्नानागार, वहुधार स्नानागार (सावरवाथस्) प्रक्षालनाधार (वास वेसिन्स), विडेट्स, लेभोटरी प्यान्स, सिटहरु र ढकनीहरु, ल्फस गर्न पानी जम्मा पार्ने टंकी (फ्लसिड सिष्टनर्स) र त्यस्तै सरसफाइका मालमत्ताहरु (स्यानिटरी वेयर)। | |
| | ३९२२.१०.०० | - स्नानागार (वाथ); वहुधार स्नानागार (शावर वाथ) र प्रक्षलनाधार (बास वेसिन्स) | ४% |
| | ३९२२.२०.०० | - लेभोटरी सिटहरु (आसनहरु) र ढकनीहरु (कभर्स) | ४% |
| | ३९२२.९०.०० | - अन्य | ४% |
| ३९.२३ | | मालसामानको ओसारपसार (कन्भेयेन्स) वा परिवेष्टन (प्याक) गर्ने प्लाष्टिकका सामानहरु; प्लाष्टिकका पौलो वा वुजो (स्टोपर्स) ढपनी (लिड्स), विर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने (क्लोजर्स) सामग्रीहरु । | |
| | ३९२३.१०.०० | - बाकस (कन्तुर वा सन्दूस) हरु, केस (बट्टा वा पेटी) हरु, टोकरी वा डालो (क्रेटस) र यस्तै सामाग्रीहरु | ४% |
| | | - वोरा वा थैलो (स्याक्स) र झोलाहरु (व्यागहरु) (कोन्स (डोको, सोली जस्ता सामानहरु) समेत): | |
| | ३९२३.२१.०० | -- इथीलिनका पोलिमरहरुको | ४% |
| | ३९२३.२९.०० | -- अन्य प्लाष्टिकहरुको | ४% |
| | ३९२३.३०.०० | - कार्वाइज (चोया इत्यादि बुनी मोह्रेको ठूलो वोतल), वोतलहरु फ्लास्कहरु र त्यस्तै सामानहरु | |
| | | - वेर्ने रिल वा चक्काहरु(स्पुल्स), कप्स, गट्टा वा कोया (वोविन्स) र त्यस्तै आधारहरु : | |
| | ३९२३.४०.१० | -- म्याग्नेटिक टेप वाहेकको भिडियो र अडियो क्यासेट | ४% |
| | ३९२३.४०.९० | -- अन्य | ४% |

| | | | |
|---|---|---|---|
| | ३९२३.५०.०० | - पौलो वा वुजोहरु (स्टोपर्स), ढपनीहरु (लिड्स), विर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने सामाग्रीहरु (क्लोजर्स) | ४% |
| | ३९२३.९०.०० | - अन्य | ४% |
| ३९.२४ | | प्लाष्टिकका भोजनपात्रहरु (टेवुलवेयर), भान्साका पाक उपकरणहरु (किचेन वेयर), अन्य घरायसी सामानहरु र शौच र श्रृङ्गार (ट्वाइलेट)का सामानहरु। | |
| | | - टेवुलका भोजनपात्रहरु (टेवुलवेयर), भान्साका पाक उपकरणहरु (किचेनवेयर) : | |
| | ३९२४.१०.१० | -- बच्चालाइ दुध खुवाउने वोतल | ४% |
| | ३९२४.१०.९० | -- अन्य | ४% |
| | ३९२४.९०.०० | - अन्य | ४% |
| ३९.२५ | | अन्यत्र नपरेको कर्मीका प्लाष्टिकका ज्यावलहरु (विल्डर्स वेयर)। | |
| | ३९२५.१०.०० | - ३०० लि. भन्दा बढी क्षमताका रिजर्भवायर्स, ट्याङ्कस, तरल पदार्थ राख्ने वडा वडा भाडा (भ्याट्स) र त्यस्तै कन्टेनरहरु | ४% |
| | ३९२५.२०.०० | - ढोकाहरु, झ्यालहरु र तिनका फ्रेम (चौकोसहरु) र ढोकाका संघारहरु | ४% |
| | ३९२५.३०.०० | - सटर (कपाट)हरु, झ्यालका झिलमिल पर्दाहरु (भेनेसियन व्लाइण्डस समेत) र त्यस्तै सामानहरु र तिनका अवयव (पार्टस) हरु | ४% |
| | ३९२५.९०.०० | - अन्य | |
| ३९.२६ | | प्लाष्टिकका अन्य सामाग्रीहरु र शीर्षक ३९.०१ देखि ३९.१४ सम्मका अन्य पदार्थहरुका सामानहरु। | |
| | ३९२६.१०.०० | - कार्यालय वा विद्यालयका आपूर्तिहरु (सप्लाइज) | ४% |
| | ३९२६.२०.०० | - लुगाफाटो (परिधान सामग्रीहरु) र अतिरिक्त पहिरनहरु (क्लोदिङ्ग एक्सेसरीज) (पन्जाहरु समेत) | ४% |
| | ३९२६.३०.०० | - फर्निचरका काउचहरुका फिटिङ्गहरु, उपकरण, पार्टपूर्जा जस्ता सामानहरु वा यस्तै सामानहरु | ४% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ३९२६.४०.०० | - लघु प्रातमाहरु (स्ट्याट्यूट्स) र अन्य आलंकारिक सामानहरु | ४% |
| | | - अन्य : | |
| | ३९२६.९०.१० | -- चुरा, टिका, टिकुली र पोतेहरु | ४% |
| | ३९२६.९०.२० | -- जुत्ता बनाउने प्लाष्टिकको साँचो | ४% |
| | ३९२६.९०.३० | -- प्लाष्टिकका प्रयोगशालाका सामानहरु | ४% |
| | ३९२६.९०.४० | -- पेट वोतल (वोतलको कच्चा पदार्थ) | ४% |
| | ३९२६.९०.९० | -- अन्य | ४% |
| ४४.०१ | | बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हाँगा बिँगा वा दाउराको बाँधेको विटो, वा यस्तै रुपमा; काठका चोइटाचोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल); काठ चिरेको धूलो, काठको अवशेष, रद्दी वस्तु, मुढो, ब्रिकेट(थिचेर बनाइएको चक्का), पेलेट (मट्याङ्ग्रा) वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको । | |
| | ४४०१.१०.०० | - बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हांगा विगा, दाउराको विटो वा यस्तै रुपमा | २००% |
| | | - काठको चोइटा चोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल): | |
| | ४४०१.२१.०० | -- देवदार जातिका (कोनिफेरस) | २००% |
| | ४४०१.२२.०० | -- देवदार जाति वाहेकका (नन्कोनिफेरस) | २००% |
| | ४४०१.३०.०० | - आराले काट्दा निस्केको काठको धूलो, काठको अवशेष र रद्दी वस्तु, मुढा, चक्का (ब्रिकेट), मट्याङ्ग्रा (पिलेट्स) वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको | २००% |
| ४४.०३ | | वोक्रा वा काठको वाहिरी नरम भाग ताछेको वा नताछेको वा मोटा मोटी ढंगले चारपाटे पारेको अपरिमार्जित काठ । | |
| | ४४०३.१०.०० | - रंगलेप (पेन्ट) वर्णक रंग (स्टेन), क्रिओसोट वा अन्य संरक्षी (प्रिजर्भेटिभ) हरुद्वारा उपचार गरिएको | २००% |


आधिकारिकता मुद्रण विभाग प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ४४०३.२०.०० | - अन्य देवदार जातिको | २००% |
| | | - अन्य, यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लेख भएका उष्णप्रदेशीय (ट्रपिकल) काठको: | |
| | ४४०३.४१.०० | -- गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ | २००% |
| | ४४०३.४९.०० | -- अन्य | २००% |
| | | - अन्य : | |
| | ४४०३.९१.०० | -- ओकको | २००% |
| | ४४०३.९२.०० | -- बीचको | २००% |
| | ४४०३.९९.०० | -- अन्य | २००% |
| ४४.०४ | | हुपको काठ; काठको चिरेको खाँवा (पोल); तिखारेको तर लम्बाइमा नचिरेको काठको घोचा (पाइल), किलो (पिकेट) र एकापट्टि तिखारिएको घोचो (स्टेक); साधारणरुपले काँटछाँट गरेको तर नदोब्राएको, नबंग्याएको, अरुथोक नवनाएको टेक्ने लठ्ठी, छाताको डण्डी, औजारको डण्डी वा त्यस्तै सामान बनाउन उपयुक्त हुने खालको काठको छडी, चोइटाचोइटी काठ (चिपउड) र यस्तै । | |
| | ४४०४.१०.०० | - देवदार जातिको (कोनिफेरस) | २००% |
| | ४४०४.२०.०० | - देवदार जातिको बाहेक (नन्कोफिरेस) | २००% |
| ४४.०५ | ४४०५.००.०० | काठको ऊन; काठको पिठो । | २००% |
| ४४.०६ | | रेल वा ट्रामको काठका पटरीहरु (स्लिपर) (क्रस-टाइज) । | |
| | ४४०६.१०.०० | - संसिक्त नगरिएका (नट इम्प्रिग्नेटेड्) | २००% |
| | ४४०६.९०.०० | - अन्य | २००% |
| ४४.०७ | | लम्बाइमा चिरेको वा काटेको (चिप्ड), ताछेको (स्लाइस्ड) वा बोक्रा हटाएको (पिल्ड), रन्डा लगाएको वा नलगाएको, अपघर्षक लगाई चिल्याएको वा नचिल्ल्याएको वा औंले जोड (फिंगर ज्वाइन्ट) गरिएको वा नगरिएको ६ एम.एम. भन्दा बढी मोटाइको काठ । | |
| | ४४०७.१०.०० | - देवदार जातिको | २००% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | - यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लिखित उष्ण प्रदेशीय (ट्रपिकल) काठको: | |
| | ४४०७.२४.०० | -- भिरोला, महोगनी (स्वीटेनिया एस पी पी), इमबुइया र बाल्सा | २००% |
| | ४४०७.२५.०० | -- गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती वकाउ | २००% |
| | ४४०७.२६.०० | -- सेतो लौआन, सेतो मेरान्ती, सेतो सेराया, पहेंलो मेरान्ती र एलान | २००% |
| | ४४०७.२९.०० | -- अन्य | २००% |
| | | - अन्य : | |
| | ४४०७.९१.०० | -- ओकको | २००% |
| | ४४०७.९२.०० | -- बीचको | २००% |
| | ४४०७.९९.०० | -- अन्य | २००% |
| ४४.०८ | | पृष्ठावरण वा वाहिरी पत्र (भेनियर) का चादरहरु र प्लाइउडका चादरहरु र लामोगरी आराले चिरेको, ताछेको वा बोक्रा ताछेको (पिल्ड) रन्डा लगाएको वा नलगाएको, अपघर्षक (स्यान्ड) लगाई चिल्लो पारेको वा नपारेको औंलेजोड (फिंगर ज्वाइन्ट) गरिएको वा नगरिएको, ६ एम एम भन्दा कम मोटाइका अन्य काठहरु । | |
| | ४४०८.१०.०० | - देवदार जातिको | ७०% |
| | | - यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लेख भएका उष्ण प्रदेशीय काठको: | |
| | ४४०८.३१.०० | -- गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ | ७०% |
| | ४४०८.३९.०० | -- अन्य | ७०% |
| | ४४०८.९०.०० | - अन्य | ७०% |
| ५४.०२ | | खुद्रा बिक्रीको लागि नराखिएको, संश्लेषित तन्तुको धागो (सिउने धागो बाहेक), ६७ डेसिटेक्स भन्दा कम संश्लिष्ट एकलतन्तु (मोनोफिलामेण्ट) भएको समेत । | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | - अन्य धागो, एकल, प्रतिमिटरमा ५० फन्का भन्दा बढी बटारिएको (ट्विष्ट) : | |
| | | -- नाइलन वा अन्य पोलियामाइड्को : | |
| | ५४०२.५१.१० | --- पि. ओ. वाई बाट बनेको टेक्स्चराइज्ड यार्न | २% |
| | ५४०२.५१.९० | --- अन्य | ०.५% |
| | | -- पोलिष्टर्सको : | |
| | ५४०२.५२.१० | --- पि. ओ. वाई बाट बनेको टेक्स्चराइज्ड यार्न | २% |
| | ५४०२.५२.९० | --- अन्य | ०.५% |
| | | -- अन्य : | |
| | ५४०२.५९.१० | --- पि. ओ. वाई बाट बनेको टेक्स्चराइज्ड यार्न | २% |
| | ५४०२.५९.९० | --- अन्य | ०.५% |
| | | - अन्य धागो, बहुल(दोब्याएको)(फोल्डेड्) वा केबुल्ड : | |
| | | -- नाइलन वा अन्य पोलियामाइड्को : | |
| | ५४०२.६१.१० | --- पि. ओ. वाई बाट बनेको टेक्स्चराइज्ड यार्न | २% |
| | ५४०२.६१.९० | --- अन्य | ०.५% |
| | | --- पोलिष्टर्सको : | |
| | ५४०२.६२.१० | --- पि. ओ. वाई बाट बनेको टेक्स्चराइज्ड यार्न | २% |
| | ५४०२.६२.९० | --- अन्य | ०.५% |
| | | -- अन्य : | |
| | ५४०२.६९.१० | --- पि. ओ. वाई बाट बनेको टेक्स्चराइज्ड यार्न | २% |
| | ५४०२.६९.९० | --- अन्य | ०.५% |
| ७३.०४ | | फलाम (काष्ट आइरन वाहेक) वा इस्पातको नजोडिएका नलीहरु, पाइपहरु र खोक्रा प्रोफाएलहरु । | |
| | ७३०४.१०.०० | - तेल वा ग्यास पाइप लाइनको प्रयोगको लागि हुने खालका लाइन पाइपहरु | २% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | - तेल वा ग्यासको निमित्त छेदन (प्वाल वा ड्रिलिङ्ग) गर्न प्रयोग हुने खालका, केसिङ्ग, ट्यूबिङ्ग र ड्रिल पाइप : | |
| | ७३०४.२१.०० | -- ड्रिल पाइप | २% |
| | ७३०४.२९.०० | -- अन्य | २% |
| | | - अन्य फलाम वा अमिश्रित (नन् एल्वाय) को इस्पात नमिसिएको, सर्कुलर क्रस सेक्सनको : | |
| | ७३०४.३१.०० | -- कोल्ड-ड्रन वा कोल्ड-रोल्ड (कोल्ड रिड्यूस्ड) | २% |
| | ७३०४.३९.०० | -- अन्य | २% |
| | | - अन्य, सर्कुलर क्रस सेक्सनको, स्टेनलेस स्टीलको: | |
| | ७३०४.४१.०० | -- कोल्ड-ड्रन वा कोल्ड-रोल्ड(कोल्ड रिड्यूस्ड) | २% |
| | ७३०४.४९.०० | -- अन्य | २% |
| | | - अन्य, सर्कुलर क्रस सेक्सनको, अन्य मिश्रित इस्पातको : | |
| | ७३०४.५१.०० | -- कोल्ड-ड्रन वा कोल्ड-रोल्ड (कोल्ड रिड्यूस्ड) | २% |
| | ७३०४.५९.०० | -- अन्य | २% |
| | ७३०४.९०.०० | - अन्य | २% |
| ७३.०५ | | फलाम वा इस्पातका, वृत्ताकार तिर्यक परिच्छेद (क्रस सेक्सन) भएका, वाह्य व्यास (डायमिटर) ४०६.४ मि.मि. भन्दा बढी भएका, अन्य नल र नली (ट्यूब र पाइप) हरु (उदाहरणको लागि रसायन गरिएका (वेल्डेड),कीलित (रिभेटेड) वा यस्तै किसिमले बन्द गरिएका )। | |
| | | - तेल वा ग्यास पाइप लाइनमा प्रयोग हुने प्रकारको पाइप लाइन : | |
| | ७३०५.११.०० | -- तेर्सिएर (लङ्गिच्यूडिनली) जलमग्न भएको आर्क-वेल्ड गरेको | २% |
| | ७३०५.१२.०० | -- अन्य तेर्सो पारी रसायन (वेल्डिङ्ग) गरेको | २% |
| | ७३०५.१९.०० | -- अन्य | २% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ७३०५.२०.०० | - तेल वा ग्यास झिक्ने काममा प्वाल पार्न प्रयोग हुने प्रकारको केसिङ (तेल वा ग्यासको कूपमा प्रयोग गरिने फलामको सामान) | २% |
| | | - अन्य रसायन गरेको (वेल्डेड्) : | |
| | ७३०५.३१.०० | -- तेर्सो पारेर रसायन गरेको (वेल्डेड्) | २% |
| | ७३०५.३९.०० | -- अन्य | २% |
| | ७३०५.९०.०० | - अन्य | २% |
| ७३.०६ | | फलाम वा इस्पातको अन्य नलीहरु, पाइपहरु र खोक्रो प्रोफाएल (जस्तै खुल्ला सन्धी (ओपन सीभ) वा रसायन गरेको, जोडेको (किलित) वा यस्तै किसिमले बन्द गरेको)। | |
| | ७३०६.१०.०० | - ग्याँस वा तेलको पाइप लाइनमा प्रयोग हुने प्रकारको लाइनपाइप | २% |
| | ७३०६.२०.०० | - तेल वा ग्यास झिक्न प्वाल पार्ने काममा प्रयोग हुने खालको केसिङ र ट्यूबीङ | २% |
| | ७३०६.३०.०० | - अन्य, फलाम वा इस्पात अमिश्रित इस्पातको, सर्कुलर क्रस सेक्सनको रसायन गरेको(वेल्डेड्) | २% |
| | ७३०६.४०.०० | - अन्य, रसायन गरेको, सर्कुलर क्रस सेक्सनको, स्टेनलेस स्टीलको | २% |
| | ७३०६.५०.०० | - अन्य, रसायन गरेको, सर्कुलर क्रस सेक्सनको, अन्य मिश्रित इस्पातको | २% |
| | ७३०६.६०.०० | - अन्य, रसायन गरेको, ननसर्कुलर क्रस सेक्सनको | २% |
| | ७३०६.९०.०० | - अन्य | २% |
| ७३.०७ | | फलाम वा इस्पातको नली वा पाइप जडानहरु (जस्तै- कप्लिङ, एल्बोज, स्लीभ)। | |
| | | - काष्ट फिटिङ्ग (ढालेर जडान गरेको) : | |
| | ७३०७.११.०० | -- अनम्य (नन्-म्यालिएबुल) काष्ट आइरनको | २% |
| | ७३०७.१९.०० | -- अन्य | २% |
| | | - अन्य, स्टेनलेस स्टीलको : | |
| | ७३०७.२१.०० | -- फ्लान्जेज | २% |
| | ७३०७.२२.०० | -- थ्रिडेड (चूडीदार) एल्बोज , वेण्डस र स्लीभ्स | २% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ७३०७.२३.०० | -- बट (कुन्दा) वेल्डिङ्ग फिटिङ्ग | २% |
| | ७३०७.२९.०० | -- अन्य | २% |
| | | - अन्य : | |
| | ७३०७.९१.०० | -- फ्लान्जेज | २% |
| | ७३०७.९२.०० | -- थ्रिडेड (चूडीदार) एल्बोज , बेण्डस र स्लीभ्स | २% |
| | ७३०७.९३.०० | --बट (कुन्दा) वेल्डिङ्ग फिटिङ्ग | २% |
| | ७३०७.९९.०० | -- अन्य | २% |
| ७४.०८ | | तामाको तार (कपर वायर) । | |
| | | - प्रशोधित तामाको : | |
| | ७४०८.११.०० | -- अधिकतम तिर्यक्च्छेदीय (क्रस सेक्सनल) माप वा आयाम ६ मी.मी. भन्दा बढी भएका | ३% |
| | ७४०८.१९.०० | -- अन्य | ३% |
| | | - तामा मिश्रण (कपर एल्वाय) को : | |
| | ७४०८.२१.०० | -- ताम्र यशद (कपर-जिङ्क) आधारको मिश्रण (पितल) (ब्रास) | ३% |
| | ७४०८.२२.०० | -- तामा-निकेल आधारको मिश्रणको(कुप्रो-निकेल) को वा तामा, निकेल र जस्ता आधारको मिश्रण (निकेल-सिल्भर)को | ३% |
| | ७४०८.२९.०० | -- अन्य | ३% |
| ९४.०३ | | अन्य फर्निचर र तिनका पार्टपूर्जाहरु । | |
| | ९४०३.७०.०० | - प्लाष्टिकका फर्निचर | ४% |

१. माथि उल्लिखित मालवस्तु बाहेक अन्य मालवस्तु निकासी हुनेमा मूल्यको ०.५% सेवा शुल्क लिइनेछ ।

२. निकासी हुने माल वा वस्तुको मूल्य निर्धारण गर्दा नेपाल अधिराज्यको भंसार विन्दुसम्मको मूल्य (एफ.ओ.बी) कायम गरी निकासी भंसार महसूल लिइनेछ ।

३. निकासी हुने माल वा वस्तुको वर्गीकरण लागि भंसार कार्यालयहरुले अनुसूची-१ को परिच्छेद १ देखि २१ सम्म पर्ने भाग १ देखि ९७ सम्ममा उल्लेखित शीर्षकको प्रयोग गर्नु पर्नेछ ।

४. तयारी पोशाक निर्यात गर्ने उद्योगले स्वदेशमा उत्पादित कपडा खरिद गरी तयारी पोशाक बनाई निर्यात गरेमा त्यसको निकासीमा लाग्ने सेवा शुल्क छुट हुनेछ ।

५. इण्टरनेटको माध्यमबाट सफ्टवेयर निकासी गर्दा निकासी गर्ने सम्बन्धी सम्झौता, विजक र भुक्तानी प्राप्त भएको प्रमाण समेतको आधारमा नेपाल राष्ट्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बैंकले प्रमाणित गरेपछि निकासी भएको मानिनेछ । यस्तो निकासीमा सेवा शुल्क छुट हुनेछ ।

६. निकासी हुने सामानको मूल्य कायम गर्दा नेपाल राष्ट्र बैंकबाट उक्त दिनको निर्धारित विदेशी विनिमयको बिक्रीदरलाई मानिनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३
## अन्तःशुल्क दरवन्दी

१) अन्तःशुल्कको दर :

| क्र.सं. | हार्मोनाइज्ड वर्गीकरण भाग | अन्तःशुल्क संकेत नं. | वस्तुको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|---|
| १ | १७ | १७०० | चिनी मिल तथा खांडसारी मिलबाट उत्पादित खुदो (मोलासेस) | प्रति क्विण्टल | रु. २५।- |
| | | १७०१ | खुदो मिश्रण गरी वा पावर क्रसर प्रयोग गरी उत्पादन गरेका सख्खर (गुंड), कालो सख्खर, रसकट आदि [1] | प्रति क्विण्टल | रु. ५५।- |
| २ | २१ | २१०० | कत्था, चुना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | प्रति किलो | रु. १६५।- |
| ३ | २२ | २२०१ | फलफूलबाट बनाइने १७ प्रतिशतसम्म अल्कोहल भएका वाइनहरु | प्रति लिटर | रु. ७०।- |
| | | २२०२ | सम्पेन, सेरी, मिड, पेरी | प्रति लिटर | रु. १२५।- |
| | | २२०३ | १७ प्रतिशत भन्दा बढी अल्कोहल भएका वाइन, ककटेल, लिकर तथा फर्मेण्टेड मदिराहरु | प्रति लिटर | रु. १२५-। |
| | | २२०४ | साइडर ककटेल ड्रिक्स | प्रति लिटर | रु. ७०।- |
| | | २२०५ | बीयर | प्रति लिटर | रु. ३६।- |
| | | २२०६ | कण्ट्री बीयर (छ्याङ) | प्रति लिटर | रु. १५।- |
| | | २२०७ | डिनेचर्ड स्पिरिट | प्रति लिटर | रु. ६।- |
| | | २२०८ | थिनर | प्रति लिटर | रु. २५।- |

[1] आन्तरिक उत्पादन गर्फ अनुमतिपत्र दिदा नै अन्तःशुल्क वापत एकमुष्ठ रकम रु. / हजार असूल गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | २२०९ | आयतनमा ५७.३८ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रबहरु | प्रति लिटर | रु. ७०।- |
| | | २२१० | आयतनमा ८० प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्पिरिट, साइलेण्ट स्पिरिट (ENA) | प्रति लिटर | रु. २५।- |
| | | २२११ | मदिरा<br>(क) ४० यु.पी. शक्ति भन्दा कम यु.पी. शक्तिको | प्रति एल.पी.लि | रु. २६०।- |
| | | | (ख) ४० यु.पी. शक्ति र सो भन्दा बढी ६५ यु.पी शक्ति भन्दा कम यु.पी. शक्ति सम्मको | प्रति एल.पी.लि. | रु. १५०।- |
| | | | (ग) ६५ यु.पी. शक्ति र सो भन्दा बढी यु.पी शक्तिको | प्रति एल.पी.लि. | रु. ४४।- |
| ४ | २४ | २४०१ | चुरोट (सुर्तीबाट तयार भएको सबै प्रकारका चुरोट) | | |
| | | | (१) ७० मि.मि. सम्मको लम्बाईमा<br>(क) फिल्टर नभएको | प्रति एम | रु. ११०।- |
| | | | (ख) फिल्टर भएको | प्रति एम | रु. २८५।- |
| | | | (२) ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ३६५।- |
| | | | (३) ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ५००।- |
| | | | (४) ८५ मि.मि. भन्दा बढी लम्बाइमा (फिल्टर भएको) | प्रति एम | रु. ६७५।- |
| | | २४०२ | सबै प्रकारका सिगार | प्रति खिल्ली | रु. २।२५ |
| | | २४०३ | पाइप सुर्ति | प्रति कि.ग्राम | रु. ३५०।- |
| | | २४०४ | सुर्तीबाट तयार भएको सबै प्रकारको जर्दा र खैनी | प्रति कि.ग्राम | रु. १६५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | २४०५ | चुना मिलाइं खाने प्याकिंग गरिएको कोरा सुर्ति | प्रति कि ग्राम | रु १००।- |
| ५ | २५ | २५०१ | सबै प्रकारको सिमेण्ट | प्रति मे.टन | रु. १००।- |
| ६ | ३५ | ३५०१ | सबै प्रकारको पोलिथिन (प्लाष्टिक) भोला तथा थैलामा | प्रति कि ग्राम | रु. १५।- |
| ७ | ६९ | ६९०१ | सबै प्रकारको इटाहरु (आन्तरिक उत्पादन बाहेक) | प्रति हजार | रु. ५००। - |
| ८ | ८७ | ८७०१ | पेट्रोल तथा डिजेलबाट चल्ने पिकअप गाडी (सिंगल क्याब, डेलिभरी भ्यान) (भंसार संकेत नम्बर ८७०४) | मोल प्रतिशत | १५ प्र.श. |

२. अन्तःशुल्क ऐन तथा नियममा जे सुकै कुरा लेखिएको भए तापनि बिडी उद्योगहरुले आन्तरिक राजश्व विभागबाट उपलब्ध गराइएको ब्याण्डरोल प्रति हजार बिडीको लागि रु. ४० (छपाई शुल्क बाहेक) तिरी स्थानीय कार्यालयबाट खरीद गर्नुपर्ने छ। सोही ब्याण्डरोल प्रयोग गरी बीडी उत्पादन एवं बिक्री गर्नुपर्नेछ। यसरी एक पटक ब्याण्डरोल खरीद गरी लगिसकेपछि उत्पादकले प्रत्येक महीनामा ब्याण्डरोल प्रयोग गरेको मास्केवारी मात्र बुझाए पुग्नेछ। ब्याण्डरोल खरीद गर्दा ब्याण्डरोल जर्नी वापत २ प्रतिशत मिन्हा दिईने छ।

३. स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस वा ड्युटी फ्री सप) मा हुने बिक्री निकासी सरह मानिनेछ। निकासीमा दस्तुरहरु लाग्ने छैन।

४. मदिरा उद्योगहरुले पेटेण्ट स्टील प्लाण्टबाट उत्पादित स्पिरिटको मिश्रण (Blending) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ। यसरी मदिरा उत्पादनमा प्रयोग भएको खुदो (मोलासेस) वा स्पिरिटमा लागेको अन्तःशुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ। यस्ता उद्योगबाट उत्पादित मदिरा बाहेक अन्य मदिराको बिक्री वितरणलाई अबैध मदिरा सरह मानी कारवाही गरिनेछ।

५. अन्तःशुल्क लाग्ने पदार्थ उत्पादन गर्ने उद्योगको कुल उत्पादन क्षमताको ६० प्रतिशत भन्दा बढी क्षमता प्रयोग गर्दा हुन सक्ने थप उत्पादित परिमाणको बिक्री गरेपछि प्रत्येक ब्राण्ड (यु.पि./लेन्थ) को त्यस प्रकारको थप बिक्री परिमाणमा लाग्ने अन्तःशुल्क रकममा २० प्रतिशत छुट दिइनेछ। तर यस्तो छुट सुविधा प्राप्त गर्ने उत्पादकले आ.व. २०५७।५८ मा कम्तिमा २५० दिन सुचारु रुपले कारखाना संचालन गरेको हुनु पर्नेछ र आ.व. २०५७।५८ को भन्दा कम्तीमा ५ प्रतिशतले बढी परिमाण उत्पादन तथा बिक्री गरेको हुनु पर्नेछ। आ. व २०५७/५८ को उत्पादन र बिक्री परिमाणको ५ प्रतिशत भन्दा बढी वृद्धिमा मात्र त्यस्तो बढी बिक्री गरेको परिमाणमा उक्त छुट सुविधा प्रदान गरिनेछ। यो व्यवस्था २०५८।५९ को दरबन्दीमा अन्तःशुल्क लाग्ने गरी तोकिएको थप वस्तु उत्पादन गर्ने उद्योगको हकमा तथा साविकमा अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगले उत्पादन गर्ने नयां ब्राण्डको हकमा लागू हुने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (छ) अथवा साविकको औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम त्यस्तै प्रकारका सुविधा उपभोग गरी त्यस्तो सुविधाको निरन्तरता प्राप्त गरिरहेका फलफूलमा आधारित मदिरा उद्योगले नियमित राजश्वको दायराभित्र नआएसम्म वाइन र ब्राण्डी मात्र उत्पादन गर्न पाउनेछन् ।

७. रेक्टिफाइड स्पिरिट र/वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रत्येक महिना भरीको चुलाईमा प्रति क्वीण्टल खुदोबाट न्यूनतम ६५ ओ.पी.को घटीमा १९ लिटर रेक्टिफाइड स्पिरिट वा १८ लिटर इ.एन.ए. उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धि दर कायम गरिएको छ । यस भन्दा घटी प्रतिलब्धि दर देखिएमा सो को उचित एवं प्रर्याप्त कारण आन्तरिक राजश्व विभागमा पेश गरी स्वीकृति प्राप्त गर्नुपर्नेछ । स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको उच्चतम दरवन्दी अनुसार लाग्ने सम्पूर्ण राजश्व आन्तरिक राजश्व कार्यालयले असुल उपर गर्नु पर्नेछ ।

८. सखर, मोलासिस (खुदो) उत्पादन गर्ने उद्योग (चिनी तथा खाडसारी मिलसमेत) ले उक्त वस्तुको सञ्चय गर्दा पानी नपस्ने गरी संरक्षणको उचित प्रवन्ध गर्नु पर्नेछ । मोलासिसको विक्री आन्तरिक राजश्व कार्यालयको सिफारिशमा गर्नु पर्नेछ । सो वस्तुको उद्योगबाट उपयुक्त संरक्षणको व्यवस्था नगरि हानि नोक्सानी भएमा मिन्हा दिइने छैन ।

९. औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगहरुले खरीद गरेको सबै प्रकारका स्पिरिटमा ५० प्रतिशत अन्तःशुल्क छुट हुनेछ । तर एक पटक लिएको स्पिरिट प्रयोग भएको विवरण पेश नगरी अर्को पटक छुट दिइनेछैन ।

१०. अन्तःशुल्क लाग्ने पदार्थमध्ये तोकिएको वस्तुको आन्तरिक उत्पादन तर्फ प्रति प्याक (कार्टुन) को रु. २। र पैठारी तर्फ मदीरा, वियर, वाइनको प्रति बोतलमा र चुरोटमा प्रति आउटरमा रु. १। का दरले अन्तःशुल्क टिकट वापतको रकम लिइ राजश्व प्रतिविम्वित हुने संख्यामा टिकट उपलब्ध गराइनेछ ।

११. इजाजत दस्तुर (नयाँ तथा नवीकरण समेत)

११.१ मदिरा उत्पादनतर्फ :

११.१.१ मदिरा, बीयर र स्पिरिट उद्योगको लागि : रु. ८०,०००।

११.१.२ वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने रु. ४०,०००।

११.१.३ विक्री वितरणतर्फ

११.१.३.१. स्वदेशी तथा विदेशी मदिरा बोतल खोली विक्री वितरण गर्ने ठूला होटलका लागि ताराको अनुपातमा निम्नानुसार ईजाजत दस्तुर लाग्नेछ :

| | |
|---|---|
| (क) पाँच तारेको लागि | रु. ३०,०००। |
| (ख) चार तारेको लागि | रु. २५,०००। |
| (ग) तीन तारेको लागि | रु. १८,०००। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| (घ) दुई तारेको लागि | रु. १२,५००। |
| (ङ) एक तारेको लागि | रु. ७,०००। |
| ११.१.३.२. स्वदेशी तथा विदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्टका लागि | रु. ४,०००। |
| ११.१.३.३. स्वदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लजहरुको लागि | रु. १,५००। |
| ११.१.३.४ स्वदेशी मदिरा वोतल नखोली बिक्री गर्ने पसलको लागि | रु. ३,०००। |
| ११.१.३.५. विदेशी मदिरा वोतल नखोली बिक्री वितरण गर्ने पसलको लागि | रु. ६,०००। |
| ११.१.३.६. विदेशी मदिरा, स्पिरिट र खुदो आयात गर्नेका लागि | रु. ८,०००। |
| ११.१.३.७. खुदो, गुँड र स्पिरिट खरिद गर्नेका लागि | रु. ३,५००। |
| ११.१.३.८. स्वदेशी मदिरा निकासीको लागि | रु. ३,५००। |
| ११.१.३.९. डिपार्टमेन्टल स्टोरको लागि | रु. ७,०००। |

११.२ <u>अन्य दस्तुर</u>

| | |
|---|---|
| ११.२.१. विदेशी चुरोट तथा सूर्ति पैठारी गर्नेको लागि | रु. १०,०००। |
| ११.२.२ विदेशी खैनी, जर्दा, पानपराग तथा पानमसला पैठारी गर्नेको लागि | रु. २५,०००। |
| ११.२.३ चुरोट, खैनी, जर्दा, पानपराग तथा पानमसला थोक खरीद बिक्री गर्नेको लागि | रु. ३,०००। |
| ११.२.४ चुरोट, खैनी, जर्दा, पानपराग तथा पानमसला खुद्रा खरीद बिक्री गर्नेको लागि | रु. ५००। |
| ११.२.५ इटा उत्पादन गर्ने चिम्नी भट्टाहरुको लागि | रु.१,००,०००। |

(११.२.५ को दस्तुरबाट मध्य पश्चिमाञ्चल क्षेत्रलाई २० प्रतिशत र सुदर पश्चिमाञ्चल क्षेत्रलाई २५ प्रतिशत छुट दिइएको छ।

११.३ <u>औद्योगिक उत्पादन</u>



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्त:शुल्क लाग्ने पदार्थ उत्पादन गर्ने ईजाजत प्रदान गर्दा मदिरा, वीयर र स्पिरिट बाहेक अन्य उद्योगको स्थिर पूँजीको आधारमा उत्पादन ईजाजत दस्तुर लाग्नेछ। जस अनुसार प्रत्येक रु. एक लाख स्थिर पूँजी भएको उद्योगलाई रु. ३०।- का दरले उत्पादन ईजाजत दस्तुर लाग्नेछ। न्युनतम ईजाजत दस्तुर रु. तीन हजारभन्दा कम हुने छैन।

नोट:

- उपरोक्तानुसार बिक्री वितरण तथा अन्य दस्तुर महानगरपालिका, उप महानगरपालिका र नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।
- महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रदेखि बाहिर काठमाण्डौ उपत्यकाका गाउँ विकास क्षेत्रमा यो दस्तुरमा १० प्रतिशत र अन्य गाउँ विकास क्षेत्रमा यो दस्तुरमा २५ प्रतिशत कम गरिनेछ।
- त्यस्तै पहाडी एवं हिमाली क्षेत्रमा सो दस्तुरमा ५० प्रतिशत कम हुनेछ।
- एक इकाइले एकभन्दा बढी किसिमको मदिरा खरीद बिक्री गर्ने भएमा सबभन्दा बढी दरको एक दस्तुर मात्र बुझाए पुग्नेछ।
- इटा उत्पादकले अन्त:शुल्क संकेन नं. ११.२.५ अनुसारको दस्तुर वापत बुझाउनु पर्ने रकम मध्ये २० प्रतिशत अनुज्ञापत्र लिंदा ४० प्रतिशत पौष मसान्तसम्म र बांकी ४० प्रतिशत माघ मसान्तसम्म बुझाउने गरी किस्ताबन्दी गरिएको छ। तर मूल्य अभिवृद्धि करमा दर्ता भएका इटा उत्पादकहरुले उक्त दस्तुर तिर्नु पर्ने छैन।

१२. आ.व. ०५८।५९ को अन्त:शुल्क (दस्तुर समेत) बक्यौता रकममा प्रति दिन ०.०५ प्रतिशतका दरले विलम्ब दस्तुर समेत लगाई असुल गरिनेछ।

१३. परिमाणगत दर (Specific Rate) लागेका उत्पादनहरुको कारखाना मूल्य स्वीकृत गराउनु पर्ने छैन। तर प्रत्येक उत्पादकले आफनो डिष्ट्रिब्युटर, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य र बिक्री कमिशन सार्वजनिक गर्नुपर्नेछ। आकार वा गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा आन्तरिक राजश्व विभागको पूर्व स्वीकृति प्राप्त गर्नुपर्नेछ।

१४. उत्पादकले कुनै नयाँ ब्राण्ड उत्पादन गर्नुअघि सबै बक्यौता राजश्व (दस्तुर समेत) चुक्ता गरेको प्रमाण पेश गर्नु पर्नेछ।

१५. मदिराको आन्तरिक उत्पादनतर्फ २५, ३०, ४० र ६५ यु.पी. शक्तिको बोतलबन्दी मदिरा मात्र उत्पादन गर्न पाइनेछ।

१६. मदिरा, वियर र वाईनको उत्पादन प्रक्रिया समाप्त भएपछि प्रत्येक बोतलमा ब्याच नम्बर र सिलसिलेवार नम्बर अङ्कित गरी गोदाममा पठाउनु पर्नेछ। आन्तरिक राजश्व विभागको महानिर्देशकले यस बाहेक अन्य कुनै प्रकारले चिन्ह लगाउने गरी तोक्न सक्नेछ।

१७. नेपालभित्र उत्पादन हुँदा अन्त:शुल्क लाग्ने किसिमका तोकिएका वस्तुहरुमा पैठारी गरी बिक्री गर्नु अघि आन्तरिक राजश्व विभागले उपलब्ध गराउने टिकट वा चिन्ह अंकित गरी मात्र बिक्री गर्नुपर्नेछ। साथै नेपाल अधिराज्यभित्र पैठारी गरी बिक्री वितरण गर्ने चुरोट सिगार, खैनी, जर्दा, पानमसला जस्ता सुर्ती जन्य पदार्थ (सादा खुला सुर्ति बाहेक) को प्रत्येक बट्टामा देवनागरिक लिपिमा "स्वास्थ्यको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हानिकारक छ" भनी मुद्रण गरिएको हुनु पर्नेछ । यस व्यवस्थाको उल्लंघन गरेमा अनुमतिपत्रको शर्त उल्लंघन गरेको मानिनेछ ।

१८. मदिरा, बीयर, छ्याङ, वाईन र चुरोटको निकासी माग गर्नुपूर्व निकासी माग गरे बराबरको सामानको लाग्ने अन्त:शुल्क (धुम्रपान तथा मदिरा दस्तुर, अन्त:शुल्क टिकट वापत शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) को बैंक भौचर वा गुड फर पेमेण्ट चेक कार्यालयमा बुझाई आन्तरिक राजश्व विभागले तोकिदिएको ढाँचामा सामान निकासीको लागि निवेदन दिनु पर्नेछ । सामान निकासीको लागि राजश्व दाखिला गरे बराबरको मात्र अन्त:शुल्क टिकट सम्बन्धित कार्यालयले उपलब्ध गराउनेछ । एउटै नम्बर उल्लेख भएको टिकट कार्टुनको तल माथि दुवैतिर टाँसेर मात्र सामान निकासी गर्नु पर्नेछ यस्तो दुवै तिर टिकट टास्ने व्यवस्था २०५८ श्रावण १ गते वाट लागू हुनेछ अन्यथा सो सामान अवैध मानिनेछ । तर कसैले लाग्ने अन्त:शुल्क (धुम्रपान तथा मदिरा दस्तुर, अन्त:शुल्क टिकट वापत शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) मा प्रतिदिन ०.१ प्रतिशतको शुल्क समेतको कुल बुझाउनु पर्ने रकमको बैंक ग्यारेन्टी पेश गरेमा त्यस्तो रकम चुक्ता गर्न बढीमा ३० दिनसम्म म्याद दिई अन्त:शुल्क टिकट उपलब्ध गराइनेछ ।

१९. स्वीकृति लिई निकासी गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण कार्यालयले जुनसुकै वखत गर्न सक्नेछ । अल्कोहलको मात्रा १ प्रतिशतभन्दा बढी एवं गुणस्तर उल्लेखनीय रुपवाट फरक पारेको पाइएमा विस्तृत छानवीन गरी राजश्व चुहावट भएको जति विगो रकममा २५ प्रतिशत थप गरी असुल गर्नेछ ।

२०. सबै प्रकारको अन्त:शुल्क लाग्ने वस्तुको उत्पादन, पुनर्उत्पादन, जर्ति, प्याकिंग, अन्त:शुल्क टिकट, राजश्व असुली प्रक्रिया र बिक्री सम्वन्धी शर्त र व्यवस्थाहरु आन्तरिक राजश्व विभागको महानिर्देशकले तोके वमोजिम हुनेछ ।

२१. अवैध रुपमा आयात वा उत्पादन गरी बिक्री वितरण हुने मदिरा तथा चुरोटलाई नियन्त्रण गर्न आन्तरिक राजश्व कार्यालयको प्रमुखको अध्यक्षतामा सम्वन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको प्रतिनिधि एक/एक जना सदस्य रहेको कार्यटोली गठन गरिएको छ । यस कार्यटोलीको कार्यप्रक्रिया मदिरा नियन्त्रण सेवा दस्तुर कोष संचालक समितिले तोके बमोजिम हुनेछ ।

२२. मदिरा, बीयर तथा चुरोट उद्योगहरु र तिनका विक्रेताहरुले मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य क्रेताहरुलाइ नगद छुट वा वस्तुगत स्किमहरु संचालन गर्न पाउने छैनन् । यसो गरेको पाइएमा अनुमतीपत्रको शर्त उल्लंघन गरेको मानिनेछ ।

२३. चुरोट, मदिरा तथा बीयरका बिक्रेताहरुले मूल्य अभिवृद्धिकरमा दर्ता नभएका जो सुकैलाई जति सुकै परिमाणमा बिक्री गर्दा खुद्रा मूल्यमै गर्नु पर्नेछ ।

२४. सबै प्रकारको अन्त:शुल्क लाग्ने वस्तुको कारोवारगर्ने बिक्रेताहरुले (खुद्रा तह समेत) खरिदगरेको विजक वा खरिद प्रमाण राख्नु पर्नेछ । कार्यालयबाट निरीक्षण भएकावखत सो खरीद प्रमाण देखाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. डिनेचर्ड स्पिरिट बनाउँदा सम्बन्धित आन्तरिक राजश्व कार्यालयवाट परिमाण खुलाई पूर्व स्वीकृति लिई रेक्टिफाइड वा हेड्स स्पिरिटमा पाइरिडिन (Pyridine) वा कोचिसिन (Caotchoucine) वा मिथायल अल्कोहल आयतनको हिसाबबाट कम्तिमा ०.०२ प्रतिशत मिश्रण गर्नुपर्नेछ। यस्तो मिश्रणमा आवश्यकतानुसार रंगिन गर्नुपर्ने गरी आन्तरिक राजश्व विभागले निर्देशन दिन सक्नेछ। साथै रेक्टिफाइड स्पिरिटबाट डिनेचर्ड स्पिरिट बनाउने स्वीकृती दिदा रेक्टिफाइड स्पिरिट बाट आउने अन्त:शुल्क नघटनेगरी मात्र स्वीकृति दिईने छ।

२६. मदिरा, स्पिरिट, खुदो (मोलासिस), बीयर, र चुरोट बाहेक अन्य अन्त:शुल्क लाग्ने पदार्थहरुलाई स्वयं निष्काशन प्रणाली अन्तर्गत निकासी गर्न दिइनेछ।

२७. यस अनुसुचीमा उल्लिखित आन्तरिक राजश्व कार्यालय स्थापना नभएसम्म सो कार्यालयले गर्ने भनिएका कार्यहरु साविकका मूल्य अभिवृद्धि कर कार्यालयहरुले गर्ने छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसुची–४

मूल्य अभिवृद्धि कर दरबन्दी

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) को प्रयोजनको लागि करको दर १० प्रतिशत हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ को उपनियम (१) र नियम ७ को उपनियम (१) को कारोवार अंक रु. १० लाखको सट्टा रु. २० लाख कायम गरिएको छ । तर आपूर्तिको खरीद, बिक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा मूल्य अभिवृद्धि करको प्रयोजनको लागि कर अधिकृतले सबै आपूर्ति अंकलाई एउटै कारोवार सीमा मानी कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

३. मूल्य अभिवृद्धि कर नियमावलीको नियम ६(१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा "तर नेपाल अधिराज्यभित्र घरेलु उद्योगले स्वःप्रयोजनका लागि आफै आयात गर्नेदेखि बाहेक कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले एक पटकमा रु. दश हजारभन्दा बढीको कर योग्य वस्तु पैठारी गर्दा मूल्य अभिवृद्धि करमा आफ्नो कारोवार दर्ता गराउनु पर्नेछ ।" भनी संशोधन गरिएको छ ।

४. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ को रु. १० हजारको सट्टा रु. २५ हजार कायम गरिएको छ ।

५. ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था, मूल्य अभिवृद्धि करमा दर्ता भएको कम्पनी, फर्म वा व्यक्तिले ठेक्का संभौता र मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी अनिवार्य रुपमा सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दिनु पर्नेछ र मूल्य अभिवृद्धि करको भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्नेछ । सरकारी निकाय, सार्वजनिक संघ, संस्था, मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाले वार्षिक रु. २० लाख भन्दा बढीको ठेक्कापट्टा दिंदा मूल्य अभिवृद्धि करमा दर्तावालालाई मात्र दिनु पर्नेछ ।

६. सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा मूल्य अभिवृद्धि करमा दर्ता भएका कम्पनी, फर्म वा व्यक्तिले वार्षिक रु. १ लाख भन्दा बढीको परामर्श सेवा लिंदा मूल्य अभिवृद्धि करमा दर्तावालासंग मात्र लिनु पर्नेछ ।

७. एक पटकमा रु. दश हजार भन्दा बढी मूल्य पर्ने कर लाग्ने वस्तुको स्टक ट्रान्सफर गर्दा वा वेदर्तावाल लाई बिक्री गरी ओसार पसार गर्दा कर अधिकृतको निस्सा भएको वीजक मार्फत मात्र गर्नुपर्नेछ । यस्तो निस्सा करदाता दर्ता भएको कार्यालयबाट उपलब्ध गराइनेछ । दर्तावाला करदाताहरु बीच हुने आपूर्तिमा भने यस्तो निस्सा आवश्यक पर्ने छैन ।

८. क्यास मेशीन वा कम्प्युटर प्रयोग गरी सिलसिलेवार नम्बरको बीजक जारी गर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका बिक्रेताहरुको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १८ को उपनियम (६) को रु. पांच सयको बन्देज लाग्ने छैन, तर त्यस्तो क्यास मेशिन वा कम्प्युटरको सफटवेयर आन्तरिक राजश्व विभाग वा सो मातहतका कार्यालयबाट स्वीकृति प्राप्त गरी मात्र प्रयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न पाउने छ। अन्य खुद्रा विक्रेताका सम्बन्धमा कर अधिकृतको पूर्व स्वीकृति लिई रु. पांच हजारसम्मको संक्षिप्त करबीजक जारी गर्न पाइने छ।

९. भिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरुमा मूल्य अभिवृद्धि कर असुल गरिने छैन।

१०. कोल्याटरल अन्तर्गत बैंक वा वित्तीय संस्थाको नाउँमा पैठारी वा खरीद गरिएको मेशीनरी जस्ता पुंजीगत सामान आन्तरिक राजश्व विभागको स्वीकृति भएमा सम्बन्धित कम्पनी वा फर्मले पैठारी वा खरीद गरे सरह मानेर त्यसमा लागेको मूल्य अभिवृद्धि कर सम्बन्धित कम्पनी वा फर्मलाई कट्टी गर्न दिइनेछ।

११. काठको कारोवार जो सुकैले गरेमा लिलामी भएको, छोडपुर्जी पाएको वा चिरान आदेश पाएको समय मध्ये जुन पहिले हुन्छ, सो समयमा रोयल्टी मूल्यमा शतप्रतिशत थप गरी वा रोयल्टी नलाग्ने निजी आवादी, निजी वन तथा सामुदायिक वनको हकमा व्यापारिक प्रयोजनको लागि बिक्री गरेको भए राष्ट्रिय वनको काठमा लाग्ने रोयल्टी मूल्यमा शत प्रतिशत थप गरी सो मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर सोभै बैंकमा भौचर भराई सम्बन्धित निकायहरुले असुल गर्नुपर्नेछ। तर लिलामी मूल्य रोयल्टी मूल्यमा शतप्रतिशत थप गरी हुन आउने मूल्य भन्दा बढी भएमा लिलामी मूल्यमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेछ। मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले त्यसरी तिरेको कर रकम आफ्नो बिक्रीबाट संकलन गरेको करमा कट्टी गर्न पाउने छन्।

१२. मूल्य अभिवृद्धि कर असुली वा फिर्ता गर्दा एक रुपैयाँ भन्दा घटी भएको रकमलाई हिसाबमा गणना गरिने छैन।

१३. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १३ को उपदफा (१) को सट्टा "कुनै दिनमा आपूर्ति गरिएको वस्तु वा सेवाको बजार मूल्यको निर्धारण असम्बन्धित व्यक्तिहरुका बीच स्वतन्त्ररुपले आपूर्ति भएको त्यस्तै किसिमको वस्तु वा सेवा वापत प्राप्त हुने प्रतिफललाई ध्यानमा राखी निर्धारण गरिनेछ।" भनी संशोधन गरिएको छ।

१४. मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने सबै बिक्रेताले आफ्नो फर्म/कम्पनीको नाम, ठेगाना, मूल्य अभिवृद्धि कर दर्ता नम्बर, मिति र सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ। साथै मूल्य अभिवृद्धि करमा दर्ता भएका विक्रेताले बिक्री बीजक जारी गर्दा खरीद कर्ताको नाम, ठेगाना र निजको मूल्य अभिवृद्धि कर वा आयकर दर्ता नम्बर समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

१५. करदाताले खरीद खातामा देखाएको क्रेडिट बराबरको मौज्दात कर अधिकृतले छानविन गर्दा करदाताले देखाउन नसकेमा त्यसरी देखाउन नसकेको हदसम्मको क्रेडिट मान्य हुने छैन।

१६. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २६ को उपदफा (२) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४७ को प्रयोजनको लागि व्याजको दर १५ प्रतिशत हुनेछ। जरिवाना, थप दस्तुर र व्याजमाथि व्याज असुल गरिने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. आर्थिक वर्ष २०५६।५७ सम्मको कर विवरण वा कर बुझाउन बाँकी रहेको करदाताले कर विवरण, कर, मूल्य अभिवृद्धि कर ऐनको दफा १९ अनुसार लाग्ने २० प्रतिशत थप दस्तुर र दफा २६ अनुसारको व्याज रकम २०५८ मंसिर २५ गतेभित्र बुझाएमा बाँकी सबै थप दस्तुर, व्याज र विवरण ढिला बुझाए वापतको जरिवाना मिनाहा गरिनेछ ।

१८. कुनै करको भुक्तानी गुड फर पेमेण्ट चेकबाट म्याद भित्र दाखिला गरेमा उक्त दाखिला मितिमा नै कर भुक्तानी गरे सरह मानिने छ ।

१९. कुनै करदाताको मूल्य अभिवृद्धि कर ऐनको दफा २० बमोजिम कर निर्धारण गर्दा सो कर अवधिमा निजसंग असुल गर्नुपर्ने कर भन्दा निजले फिर्ता पाउन सक्ने कर बढी भएको पाइएमा निजको सो अवधिमा कर निर्धारण गर्दा थप दस्तुर र व्याज असुल गरिने छैन ।

२०. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा १ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) आपूर्ति मूल्यमा असमान छुट वा न्युन बिजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा ।"

२१. आन्तरिक राजश्व विभागको महानिर्देशकलाई मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५० प्रयोग गर्न पाउने गरी तोकिएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम आन्तरिक राजश्व विभागको करदाता सेवा, ठुला करदाता कर परीक्षण, कर फिर्ता, कर संकलन र अनुसन्धान शाखाहरुका निर्देशक तथा शाखा अधिकृतहरुलाई कर अधिकृत तोकिएको छ । यी अधिकृतहरुको कार्यक्षेत्र आन्तरिक राजश्व विभागको महानिर्देशकले तोके बमोजिम हुनेछ । महानिर्देशकले आवश्यक सम्झेमा ठुला करदाताको विवरण तथा विशेषज्ञको सेवा लिन आवश्यक देखिएका अन्य विवरणको छानविन तथा लेखा परीक्षणका लागि विशेषज्ञहरुको सेवा लिन सक्नेछ । यसरी विशेषज्ञहरुको सेवा लिइएमा निजहरुको कार्यक्षेत्र महानिर्देशकले तोके बमोजिम हुनेछ ।

२२. मूल्य अभिवृद्धि कर ऐनको दफा ५ पछि देहायको दफा "५क." थपिएको छ ।

"५क. कारोवारको स्वामित्व हस्तान्तरणमा कर नलाग्ने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको व्यक्तिले आफुले गर्दै आएको कारोवार अन्य कुनै दर्ता भएको व्यक्तिलाई बिक्री गरेमा त्यसरी हुने स्वामित्वको हस्तान्तरणमा कर लाग्ने छैन । त्यसरी कारोवार बिक्री गर्दा दर्ता भएको व्यक्तिले सो कुराको जानकारी तोकिए बमोजिम विभागलाई दिनु पर्नेछ ।"

२३. मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ९ पछि देहायको दफा "९क." थप गरिएको छ ।

"९क. दर्ता हुनुपर्ने कुनै व्यवसायीले दर्ता नगरी कारोवार गरिरहेको छ भन्ने कुरा कर अधिकृतलाई विश्वास लागेमा त्यस्तो व्यवसायीलाई मूल्य अभिवृद्धि करमा दर्ता गर्न आदेश दिन सक्नेछ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ९ बमोजिम तोकिएको रकम सम्मको मात्र कारोवार गरेकोले दर्ता हुन नपर्ने भन्ने व्यवसायीको जिकीर भए सो कुराको प्रमाण पुऱ्याउने अभिभार सम्बन्धित व्यवसायीको हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. मूल्य अभिवृद्धि कर ऐनको दफा १६ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ ।

"(५) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमले तोकेको प्रकृया पुरा गरी करदाताले राखेको लेखालाई अन्यथा प्रमाणित नभएसम्म मान्यता दिइनेछ ।"

२५. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र (३) मा रहेका "दश प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पाँच प्रतिशत" भनी संशोधन गरिएको छ ।

२६. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (५) मा रहेको "सात दिनको म्याद" भन्ने शब्दहरुको सट्टा "१५ दिनको म्याद" भनी संशोधन गरिएको छ ।

२७. ऐनको दफा २९ मा संशोधन ऐनको दफा २९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

(१) कुनै व्यक्तिले देहायका कुनै कसुर गरेमा कर अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :

(क) दफा १० को उपदफा (१) र (२) उल्लंघन गरेमा प्रत्येक कर अवधिको निमित्त लाग्ने कर र दश हजार रुपैयां,

(ख) दफा १० को उपदफा (५), (६) र (७) उल्लंघन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ,

(ग) दफा १४ उल्लंघन गरेमा लाग्ने कर र दुई हजार रुपैयां,

(घ) दफा १५ उल्लंघन गरेमा उठाएको कर र सो को शत प्रतिशत रकम,

(ङ) दफा १६ को उपदफा (१) बमोजिम कारोवारको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोवारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पांच हजार रुपैयाँ,

(च) दफा १६ को उपदफा (२) उल्लंघन गरेमा पांच हजार रुपैयांसम्म,

(छ) दफा १६ को उपदफा (३) वा (४) उल्लंघन गरेमा दश हजार रुपैयाँ,

(ज) दफा १८ को व्यवस्था उल्लंघन गरेमा लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि रु. एक हजार मध्ये जुन बढी हुन्छ सो रकम,

(झ) दफा २३ बमोजिमको कार्यमा बाधा विरोध गरेमा पटकै पिच्छे पांच हजार रुपैयाँ,

(ञ) न्युन वीजकीकरण गरी वील काटेको पाइएमा प्रत्येक वीजकको लागि रु. दुई हजार वा ऐनको दफा २९(२) अनुसारको जरिवाना मध्ये जुन बढी हुन्छ सो लाग्नेछ । साथै त्यस्तो वस्तु आन्तरिक राजश्व कार्यालयले आवश्यक सम्झेमा तोकिए बमोजिम खरीद गर्न गराउन समेत सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा पटकै पिच्छे एक हजार रुपैयां ।

(२) ऐनको दफा २९ को उपदफा (२) को "कर बिगोको दोब्बर रकमसम्म" भन्ने शब्दहरुको सट्टा "कर बिगोको शतप्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

२८. मूल्य अभिवृद्धि कर लागु हुनुभन्दा अघि सम्झौता वा ठेक्का बन्दोवस्त भैसकेकोमा ठेक्काकर ऐन, २०२३ बमोजिम नै हुनेछ । साविकको कुनै सन्धी वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धी वा सम्झौता बहाल रहेसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातासंग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शुन्य दरको सुविधा प्रदान गरिनेछ ।

२९. आन्तरिक राजश्व विभागले प्रमाणित गरिदिएको करदाता सम्बन्धी कम्प्युटरबाट प्रशोधित कुनै पनि अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ ।

३०. कपडा तथा सलाई (काठको काँटी मात्र) उद्योगहरु र शत प्रतिशत स्वदेशी फलामको पत्र (स्क्रेप) प्रयोग गरी देश भित्र डण्डी वा इन्गट उत्पादन गर्ने उद्योगहरुले आफ्नो मूल्य अभिवृद्धिमा उठाएको कर श्री ५ को सरकारले तोके बमोजिम ती उद्योगहरुलाई फिर्ता गरिनेछ । तर शतप्रतिशत स्वदेशी फलामको पत्र प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई आफुले उठाएको मु. अ. कर रकमको ५० प्रतिशत मात्र फिर्ता गरिनेछ ।

३१. दर्ता भएको मितिदेखि लगातार १ वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाताहरुलाई कार्यालयको निरीक्षण प्रतिवेदनको आधारमा विभागले मनासिव ठहराएमा दर्ता खारेज गरी कर दायित्व फरफारक गरिनेछ ।

३२. कुटनैतिक निकाय वा व्यक्तिले कर लाग्ने वस्तु वा सेवा खरीद गर्दा एक पटकमा एक हजार पांच सय रुपैयां भन्दा कमको खरीदको कर फिर्ता गरिने छैन ।

३३. मूल्य अभिवृद्धि कर ऐनको दफा ३१ पछि देहायको दफा "३१क" थप गरिएको छ ।

"३१क पुनः कारवाई गरी कर निर्धारण गर्ने अधिकार : (१) कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्बन्धी कुनै कारवाई अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सुचनावाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कारवाई गरी कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा अन्य कुनै अधिकृतलाई सो काम गर्न आदेश दिन सक्नेछ ।

(२) कर निर्धारण गर्दा कर अधिकृतले पालन गर्नुपर्ने कर निर्धारण सम्बन्धी कुनै कुरा पालन नगरी वा अनियमित गरी वा लापरवाही गरी करको दायित्व बढ्न गएको छ भन्ने कुरा खुलाएको करदाताको निवेदन कर निर्धारण आदेश प्राप्त भएको मितिले पैंतीस दिनभित्र परेमा र सो कुरा छानबिन गर्दा सत्य देखिन आएमा कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश रद्द गरी पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ । त्यसरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

502

पुनः कर निर्धारणको आदेश दिइएकोमा महानिर्देशकले सो कुराको सुचना तीन दिनभित्र श्री ५ को सरकार, अर्थ मन्त्रालयलाई दिनु पर्नेछ। तर कर निर्धारण आदेश उपर दफा ३२ बमोजिम पुनरावेदन परिसकेको अवस्थामा महानिर्देशकले यस उपदफा बमोजिम आदेश दिन सक्नेछैन।

(३) उपदफा (२) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकम मध्ये विवाद रहित कर रकम बुझाई विवादित कर रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्न वा त्यस्तो रकम वापत बैंक प्रत्याभुति दिनु पर्नेछ।"

३४. कर अधिकृतले गरेको कर निर्धारण बदनियतसाथ वा लापरवाहीबाट भई वा अनियमित भई करको दायित्व घट्न गएमा आन्तरिक राजश्व विभागका महानिर्देशकले साबिकमा भएको कर निर्धारण आदेश संशोधन गर्न सो कर निर्धारण भएका मितिले ४ वर्षभित्र आदेश दिन सक्नेछ।

३५. मूल्य अभिवृद्धि करमा दर्ता भएका बिक्रेताबाट गैर व्यापारिक खरिद गर्दा बीजक लिने मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यक्तिलाई श्री ५ को सरकारले तोके बमोजिम प्रोत्साहन स्वरुप निजले तिरेको मूल्य अभिवृद्धि कर रकमको तोकिएको प्रतिशतले हुने रकम आन्तरिक राजश्व विभागले फिर्ता गर्नेछ। यस सम्बन्धी अन्य व्यवस्था र कार्यविधि श्री ५ को सरकारले तोके बमोजिम हुनेछ।

३६. मूल्य अभिवृद्धि कर तथा आयकरको प्रयोजनको लागि आन्तरिक राजस्व कार्यालयमा दर्ता गर्दा आफ्नो मुख्य कार्यालय वा मुख्य कारोबार स्थल रहेको आन्तरिक राजस्व कार्यालय मध्ये कुनै एक कार्यालयमा दर्ता हुन सकिने गरी आन्तरिक राजश्व विभागका महानिर्देशकले कार्यविधि तोक्न सक्नेछ।

३७. व्यापारिक प्रयोजनका लागि रु. पच्चीस हजार भन्दा बढीको मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा खरीद गर्नेले मूल्य अभिवृद्धि करमा दर्ता भएकोसँग मात्र खरीद गर्नुपर्नेछ। व्यापारिक प्रयोजनका लागि वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रुपमा बीजक लिनु पर्दछ। यस्तो वस्तु वा सेवा नेपाल अधिराज्यभित्र ढुवानी गर्दा खरीद बील साथमा रहेको हुनु पर्दछ। उपर्युक्त व्यवस्थाको उल्लंघन गरेमा प्रत्येक पटक रु. दुई हजार जरिवाना गरिने र तीन पटक भन्दा बढी उल्लंघन गरेमा त्यस्तो सामान जफत गरिनेछ।

३८. औषधी उद्योगहरुले चाहेमा शुन्य दरको सुविधा उपलब्ध गराउन सकिनेछ।

३९. मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २६ को उपनियम (३) पछि देहायको उपनियम "(३क)" थप गरिएको छ।

"(३क) होटल तथा पर्यटन व्यवसायीले चाहेमा कर अवधि दुई महिना कायम गर्न सकिने छ।"

४०. यस अनुसुचीमा उल्लिखित आन्तरिक राजश्व कार्यालय स्थापना नभएसम्म सो कायालयले गर्ने भनिएका कार्यहरु साविकका मूल्य अभिवृद्धि कर कार्यालयहरुले गर्नेछन्।

४१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची–१ को सट्टा देहायको अनुसुची–१ कायम गरिएको छ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समह १ : आधारभत कृषि उत्पादनहरु

(क) धान, चामल , गहुँ , मकै, जौ, कोदो , फापर , दलहन , दाल , पिठो, सुजी, ग्रिट्स , चना, बोडी, केराउ, सिमी तथा यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरु र तिनको अवशेष,

(ख) हरियो तथा ताजा सागसब्जी, ताजा फलफुल , ताजा फुल, कन्दमुल तथा फलफुल, तरकारी र कन्दमुलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरु (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक),

(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु, कपास, अलैंची, अदुवा र सुठो, सनपाट, किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात, प्रांगारिक मल प्रयोग गरी उत्पादन भएको प्रमाणित अर्थोडक्स चिया, कफिको गेडा, भटमास, बदाम, रायोको गेडा, तोरीको गेडा, सर्स्यूंको गेडा, सुर्यमुखीको गेडा, तीलको गेडा र त्यसबाट निस्केको पिना ।

(घ) जडीबुटी (तिनको सार समेत) ।

समह २ : आधारभत आवश्यकताका वस्तुहरु

(क) अप्रशोधित तोरीको तेल,

(ख) धारा तथा टेंकरबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी,

(ग) दाउरा र गोल,

(घ) मट्टीतेल (हवाई इन्धन बाहेक),

(ङ) नुन ।

समह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी, बोका, भेडा, चौरी, राँगा, बदेल, सुंगुर, खरायो र यस्तै अन्य जनावर र तिनको अप्रशोधित काँचो परिकारहरु,

(ख) गाई, भैंसी, बाखी र तिनको ताजा दुध (पास्चराईज्ड समेत) तथा ताजा दही,

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरु, तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरु र अण्डा,

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ गरिएको बाहेक) ।

समह ४ : कृषि सामग्रीहरु

(क) समुह १ मा उल्लिखित बाली विरुवाको वीउ वीजन,

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री,

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरु : जमीन खन्ने तथा सफा गर्ने हाते औजारहरु, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरु, अन्नको गेडा झार्ने र भुस सफा गर्ने हाते औजारहरु, पशुहरुको चारा काट्ने हाते औजारहरु तथा हलोमा प्रयोग गरिने फाली,

(घ) पूर्ण रुपमा वा मुख्य रुपमा बालीनालीमा प्रयोग हुने कीटनाशक रसायनहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) कृषि कार्यमा प्रयोग हुने ट्याक्टर, कल्टिभेटर, हैरो, लेभलर, पशुको चारा काट्ने मेशिन, थ्रेसर, माछा मार्ने जाली, माछा पाल्ने तयारी केजहरु, मत्स्य इन्कुवेटर, ८ अश्वशक्ति सम्मको पम्पिङ सेट र सो को ३० मिटर सम्मको होज पाइप,

(च) कुखुराले पानी पिउने भाँडो, कुखुराको चल्ला राख्ने बाकस र अण्डा राख्ने क्रेट,

(छ) पशुपंक्षीको दाना र फिडसप्लिमेण्टका तोकिएका पदार्थ (ingredient) मात्र।

समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरु

(क) सरकारी स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने चिकित्सा वा शल्यक्रिया सेवा,

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरु र भ्याक्सिन,

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरु,

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरु र गर्भ निरोधक साधनहरु,

(ङ) अशक्त र अपाङ्ग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु,

(च) एक्स-रे फिल्म र उपचारको निमित्त प्रयोग हुने अक्सीजन ग्याँस,

(छ) औषधी उद्योग आफैले पैठारी वा खरीद गरेको औषधी व्यवस्था विभागले तोकेको हदसम्मको औषधीको कच्चा पदार्थ ।

समूह ६ : शिक्षा

(क) विद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु,

(ख) नाफा आर्जन गर्ने उद्देश्य नभएको व्यावसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिमहरु,

(ग) विद्यालय तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा ।

समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरु

(क) पुस्तक, अखवार, पत्रपत्रिका र आवधिक प्रकाशनहरु,

(ख) अखवारी कागज ।

समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा

(क) चित्रकला, मुर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरु र तत्सम्बन्धी सेवा,

(ख) सांस्कृतिक कार्यक्रम,

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान (राष्ट्रिय निकुञ्ज) को प्रवेश शुल्क ।

समूह ९ : यात्रुवाहक यातायात तथा ढुवानी सेवाहरु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 308

हवाई यात्रा, गैर पर्यटकिय यातायात (केबुलकार बाहेक) तथा ढुवानी सेवाहरु (आपूर्तिसंग सम्बन्धित ढुवानी सेवा बाहेक) ।

समुह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक, नमुनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा ।

समुह ११ : अन्य वस्तु तथा सेवा

१. हुलाक सेवा (श्री ५ को सरकारबाट संचालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा,

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तिरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरु, र

(ग) हुलाक टिकट ।

२. वित्तीय तथा वीमा सेवा ।

३. बैंक नोट तथा चेक बुक

(क) नेपाली नोटको छपाइ तथा निष्कोशन,

(ख) नेपाल अधिराज्य बाहिरबाट नेपाल अधिराज्य भित्र हुने बैंक नोटको आपूर्ति,

(ग) चेक बुक ।

४. सुन, चाँदी

(क) सुन, सुनका सिक्का र सुनका गहना,

(ख) चाँदी, चाँदीका सिक्का (चाँदीका अन्य तैयारी वस्तु र गरगहना बाहेक) ।

५. विद्युत ।

६. कच्चा ऊन ।

७. ब्याट्रीबाट चल्ने टेम्पो, तिनको चेसिस र ब्याट्री ।

८. वैकल्पिक उर्जा केन्द्रको सिफारिसमा वायो ग्यास, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने सबै संयन्त्र तथा उपकरणहरु ।

९. हवाईजहाज, हेलीकप्टर, दमकल, एम्बुलेन्स ।

१०. जुटका उत्पादनहरु ।

११. भंसार दरवन्दीको भाग ८४ का अधिकतम ५ प्रतिशत सम्म भन्सार महसुल लाग्ने औद्योगिक मेशिनरीहरु ।

१२. ऊनी गलैंचा तथा गलैचाको ऊनी धागो कताई, रंगाई, धुलाई र बुनाई ।

१३. आलमोनियम, तामा, पित्तलको स्क्रेप, ढिक्का, सर्कल र पाता तथा तयारी भाँडाकुँडाहरु ।

१४. सुतिको साडी, लुङगी, धोती (मर्दाना/जनाना) पेटानी र गम्छा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 303

१५. सुति धागो ।

१६. स्वदेशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

१७. श्री ५ को सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरु ।

समूह १२ : भवन र जग्गा

घर तथा जग्गाको खरीद बिक्री तथा बहाल (होटल, गेष्टहाउस जस्तो व्यावसायिक रुपमा संचालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।

समूह १३ : बाजी, क्यासिनो र चिठ्ठा

बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिठ्ठा ।

कर छुट गरिएका वस्तु तथा सेवाहरुको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम विभागले गर्न सक्नेछ ।

४२. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-२ को सट्टा देहायको अनुसुची-२ कायम गरिएको छ :

१. श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज तथा राजपरिवारका सदस्यहरुबाट खरीद तथा पैठारी हुने वस्तु तथा सेवाहरु ।

२. नेपाल अधिराज्यबाहिर निर्यात हुने वस्तुहरु :

वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा,-

(क) नेपाल अधिराज्यबाहिर निर्यात गरेको वा,

(ख) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा,

(ग) नेपाल अधिराज्य बाहिर गन्तव्य स्थान भएको अन्तराष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

३. नेपाल अधिराज्य बाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवाहरु :

(क) नेपाल अधिराज्य भित्र वसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानुनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल अधिराज्य बाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपाल अधिराज्य भित्र वसोवास भई दर्ता भएको व्यक्तिले नेपाल अधिराज्य बाहिर वसोवास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

४. कुटनैतिक सुविधाप्राप्त व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवाहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसुची-५
## चलचित्र विकास शुल्क

१. आ.व. ०५८।५९ मा चलचित्र घरहरुलाई देहाय बमोजिम वर्गिकरण गरिएको छ :-

"क" वर्ग काठमाडौं उपत्यकाभित्रका चलचित्र घरहरु तथा पोखरा उपमहानगरपालिका र भरतपुर, बुटवल नगरपालिका क्षेत्रका चलचित्रघरहरु ।

"ख" वर्ग विराटनगर तथा वीरगञ्ज उपमहानगरपालिका, जनकपुर, भैरहवा, धरान, दमक, बनेपा, हेटौंडा, नेपालगञ्ज, धनगढी नगरपालिका क्षेत्रका चलचित्रघरहरु र बिर्तामोडका चलचित्रघरहरु ।

"ग" वर्ग राजविराज, इटहरि, लहान, दाङको घोराही, लालबन्दी, कञ्चनपुरको महेन्द्रनगर, गौर, कलैया, सुर्खेत, मलंगवा नगरक्षेत्रभित्र तथा चितवनको पर्सा र रत्ननगर क्षेत्रभित्र पर्ने चलचित्रघरहरु, रामगढुवा गाविस, तौलिहवा, जितपुर क्षेत्रभित्र पर्ने चलचित्रघरहरु ।

"घ" वर्ग माथि "क" वर्ग, "ख" वर्ग र "ग" वर्गमा नपरेका सबै चलचित्र घरहरु ।

२. नेपाली चलचित्रको प्रदर्शनमा चलचित्र विकास शुल्क असुलउपर गरिने छैन । अन्य चलचित्रहरुको प्रदर्शनमा देहाय अनुसार चलचित्र विकास शुल्क असुल उपर गरिनेछ :-

(क) "क" वर्गको चलचित्रघरहरुका सबै श्रेणीको प्रवेश शुल्कमा — पच्चीस प्रतिशत

(ख) "ख" वर्गको चलचित्रघरहरुका सबै श्रेणीको प्रवेश शुल्कमा — बीस प्रतिशत

(ग) "ग" वर्गको चलचित्रघरहरुका सबै श्रेणीको प्रवेश शुल्कमा — पन्ध्र प्रतिशत

(घ) "घ" वर्गको चलचित्रघरहरुका सबै श्रेणीको प्रवेश शुल्कमा — दश प्रतिशत

३. "क" वर्ग र "ख" वर्गमा पर्ने चलचित्र घरहरुले मात्र क्याबिन सञ्चालन गर्न पाउने छन् । त्यस्तो क्याविनको टिकट विक्रीबाट असुल गर्ने चलचित्र विकास शुल्कको दर देहाय बमोजिम हुनेछ :-

"क" वर्गमा — तीस प्रतिशत

"ख" वर्गमा — पच्चीस प्रतिशत

४. आ.व ०५८।५९ मा चलचित्र विकास शुल्कको दैनिक न्युनतम दर सबै श्रेणीको कुल सिट क्षमताको आधारमा असुल हुने जम्मा चलचित्र विकास शुल्कको बाइस प्रतिशतले हुने रकम बराबर कायम गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
599

५. श्रावण १, २०५८ मा कायम भएको चलचित्रघरको वर्गीकरणको आधारमा दफा २ वा दफा ३ बमोजिम दैनिक टिकट विक्रीबाट उठेको शुल्क वा दफा ४ बमोजिम दैनिक न्युनतम दर मध्ये जुन बढी हुन्छ सो रकम दैनिक रुपमा चलचित्र घरहरुले असुलउपर गरी दफा ६ मा उल्लेख भएको अवधिभित्र विवरणसहित सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्दछ ।

६. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका सबै चलचित्रघरहरुको विवरण तथा शुल्क बुझाउने अवधि मासिक हुनेछ । शुल्क बुझाउने प्रत्येक अवधिको समाप्ति पछिको २५ गतेभित्र दफा ५ अनुसारको रकम तोकिएको कोषमा दाखिल गरी सो को भौचर सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । सो अवधि भित्र विवरण तथा शुल्क नबुझाउनेलाई प्रति दिन ०.०५ प्रतिशतका दरले जरिवाना असुल गरिनेछ । तोकिएको म्याद व्यतित भएको दुई महिना पछि पनि जरिवाना सहित शुल्क नबुझाउने चलचित्रघर बन्द गरी लागेको शुल्क तथा जरिवाना समेत सम्बन्धित अधिकृतले असुल गर्नेछ । नेपाली चलचित्र मात्र प्रदर्शन गर्ने चलचित्रघरहरुले समेत मासिक रुपमा विवरण पेश गर्नु पर्दछ । समयमा विवरण पेश नगरेमा प्रति महिना रु. १०००।- जरिवाना लाग्नेछ ।

७. चलचित्रघरहरुले नेपाली चलचित्रबाहेक अन्य विदेशी चलचित्र प्रदर्शन गरी सो अवधिमा नेपाली चलचित्र प्रदर्शन गरेको हो भनी झुठ्ठा विवरण दिएमा निम्नबमोजिमको जरिवाना लगाई त्यसरी छलिएको चलचित्र विकास शुल्क सहित असुल उपर गरिनेछ :-

(क) पहिलो पटक भए छलिएको चलचित्र विकास शुल्कको शतप्रतिशत ।

(ख) दोस्रो पटक वा सो भन्दा बढी जतिसुकै पटक भएपनि चलचित्र घर बन्द गरी छलिएको चलचित्र विकास शुल्कको दुईसय प्रतिशत ।

८. चलचित्र विकास शुल्क सम्बन्धी प्रशासन आन्तरिक राजश्व कार्यालय भएको जिल्लामा सो कार्यालयले र आन्तरिक राजश्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ । चलचित्र घरधनी/सञ्चालकहरुले आफुले प्रयोग गर्ने टिकटको सिलसिलेवार नम्बर, मिति र चलचित्रको नाम आन्तरिक राजश्व कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी गराउनु पर्नेछ र सोको अभिलेख चलचित्र घरहरुले राख्नु पर्नेछ । यस व्यवस्थाको उल्लंघन गरेको पाइएमा सम्बन्धित अधिकृतले त्यस्तो चलचित्र घरधनी/सञ्चालकबाट चुहावट भएको शुल्क र सो को दोब्बर रकम जरिवाना गरी असुल गर्नेछ । कुनै चलचित्र घरधनीले दोस्रो पटक यो दफा उल्लंघन गरेमा माथि उल्लिखित शुल्क र जरिवानाका अतिरिक्त सम्बन्धित अधिकृतले आवश्यक देखेमा त्यस्तो चलचित्र घर सात दिनसम्मको लागि बन्द गर्न सक्नेछ ।

९. चलचित्र विकास शुल्कबाट उठेको रकम एउटा छुट्टै कोषमा दाखिला गरिनेछ । चलचित्र विकास शुल्कको व्यवस्थापन चलचित्र विकास बोर्ड आफैले गर्नेछ ।

१०. मूल्य अभिवृद्धि करको लागि कर लाग्ने कारोवार गणना गर्दा प्रवेश शुल्क विज्ञापन जस्ता कर लाग्ने आपूर्तिका आधारमा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल्य अभिवृद्धिकरमा दर्ता नभएका चलचित्र वितरकहरुले विदेशी चलचित्र आयात गर्न पाउने छैनन् ।

१२. सात दिन वा सोभन्दा बढी समयसम्म कुनै कारणले चलचित्र प्रदर्शन नभएको कुरा दफा ८ मा उल्लिखित कार्यालयले प्रमाणित गरी आन्तरिक राजश्व विभागमा मिनाहाको लागि सिफारिश गरेमा त्यसरी प्रदर्शन नभएको समयको आधारमा बुझाउनु पर्ने शुल्क दामासाहीले मिनाहा गरी बाँकी रकम असुल गर्न सो विभागले सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्नेछ । तर दैवी प्रकोप, बन्द र उपकरणीय मर्मत सम्भारका कारणले चलचित्रघर बन्द भएको व्यहोरा दफा ८ मा उल्लिखित कार्यालयले प्रमाणित गरेको अवस्थामा चलचित्र विकास शुल्क लाग्ने छैन ।

१३. विद्यार्थी वर्गको सुहलियतको लागि हप्ताको दुई दिन शनिवार विहान ८ बजेको चलचित्र प्रदर्शनीमा सम्पुर्ण सिटमा तथा शुक्रवारको दोस्रो र शनिवारको पहिलो चलचित्र प्रदर्शनीमा कुल सिट संख्याको पचास प्रतिशत सिटमा विद्यार्थीहरुलाइ लाग्ने चलचित्र विकाश शुल्कमा पचास प्रतिशत छुट दिइनेछ ।

१४. चलचित्र विकास शुल्क सम्वन्धी तोकिएको अधिकारीले दफा ६, ७, र ८ बमोजिम गरेको निर्णय उपर पैंतीस दिनभित्र राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

१५. आन्तरिक राजश्व कार्यालय स्थापना नभएसम्म यस अनुसुचीमा सो कार्यालयले गर्ने भनिएका कार्यहरु साविकका मूल्य अभिवृद्धि कर कार्यालयहरुले गर्नेछन ।

१६. चलचित्र विकास शुल्क सम्बन्धी अन्य प्रक्रियागत कुरा आन्तरिक राजश्व विभागले तोके बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
592

## अनुसूची-६
## आयकर

१. व्यक्ति, दम्पती वा परिवारको खूद आयमा देहायको खण्ड (क) बमोजिम छुट दिई बाँकी कर लाग्ने आयमा खण्ड (ख) बमोजिमको दरले कर लगाई असुल उपर गरिनेछ :

| | छुट सीमा |
|---|---|
| (क) आयकर नलाग्ने हद | |
| (१) व्यक्तिको लागि: | रु. ५५,०००।- |
| (२) दम्पती वा परिवारको लागि: | रु. ७५,०००।- |
| (ख) आयकरको दर | कर लाग्ने आयकरको दर |
| (१) पहिलो रु. ७५,०००।- मा | १५ प्रतिशत |
| (२) त्यसपछिको बाँकी रकममा | २५ प्रतिशत |

२. संगठित संस्था, कम्पनी (प्रा.लि. समेत) को खूद आयमा एकमुष्ठ देहाय बमोजिमको दरले कर लगाई असुल उपर गरिनेछ :

| | करको दर |
|---|---|
| (क) वैंक, वित्तीय कम्पनी लगायत वित्तीय संस्थाहरु | ३० प्रतिशत |
| (ख) अन्य | २५ प्रतिशत |

३. साझेदारी फर्मको खूद आयमा २५ प्रतिशत समदरले कर लगाई असुल उपर गरिनेछ ।

४. अस्थायी वासिन्दालाई दफा १ को खण्ड (क) अनुसार छुट नदिई सोही दफाको खण्ड (ख) अनुसारको दरले कर लगाई असुल उपर गरिनेछ ।

५. नियमित व्यापार प्रक्रियाद्वारा निकासी गरी सो वापतको रकम मान्यता प्राप्त बैंकिङ्ग कागजातद्वारा नेपाल अधिराज्यभित्र भुक्तानी प्राप्त भएमा त्यस्तो निकासी गरी आर्जित आयमा लाग्ने आयकरको ७० प्रतिशतले मात्र आयकर लगाइनेछ। तर सो आयकर रकम सो करदाताको कुल निकासी कारोवार रकमको ०.७५ प्रतिशतले हुने रकम भन्दा बढी हुनेछैन। यस्तो कर रकम निकासीकर्ताले चाहेमा निकासी हुने भन्सार कार्यालयमा समेत तिर्न सक्नेछन् तर सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई गराउनु पर्नेछ। स्वदेशी उत्पादनकर्ताले आफ्नो उत्पादित वस्तु विदेशी मुद्रा आर्जन हुने गरी द्विपक्षीय वा बहुपक्षीय सहायता अन्तर्गत संचालित आयोजनाहरुमा अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट बिक्री गरेमा यस्तो बिक्रीबाट प्राप्त हुने आयमा पनि निकासी सरह कर लगाइनेछ ।

६. फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भएअनुसारको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको आयमा आयकर लाग्नेछ। यस बाहेक अन्य कृषि आम्दानीमा आयकर लाग्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. सहकारी ऐन, २०४८ अन्तर्गत दर्ताभई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिबुटी खेती तथा प्रशोधन, तरकारीका बीऊ-बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन, कबुलियति वन, एग्रोफरेष्ट्री आदि व्यवसायिक वनसम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी बीऊ-बिजन, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्नेबाहेक) को कारोबार गर्ने सहकारी संस्था वा संघको आयमा आयकर लाग्ने छैन। यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन।

८. आयकर ऐन, २०३१ अनुसार पारिश्रमिकको आय निर्धारण गर्दा सोही ऐनको दफा २६ र ४३ अनुसार दिइने बीमा र चन्दावापतको खर्च, संचयकोषमा जम्मा गरेको पारिश्रमिक रकमको १० प्रतिशतसम्मको खर्च, नागरिक लगानी कोषमा वार्षिक रु. १ लाखसम्म पारिश्रमिक पाउने व्यक्तिले मासिक पारिश्रमिकको १० प्रतिशतसम्मको लगानी वापतको खर्च, नागरिक लगानी कोषमा कट्टी गरिएको पारिश्रमिक रकमको १० प्रतिशतसम्मको खर्च र आयकर ऐनको दफा ८ अनुसार आयमा समावेश नगरिने रकमहरु बाहेक श्री ५ को सरकारले दिई आएको कर छुटहरु तथा अन्य कुनै पनि खर्चहरु पारिश्रमिक आयको खूद आय निर्धारण गर्दा मिन्हा दिइने छैन। नागरिक लगानी कोषमा जम्मा हुने रकम र त्यसबाट प्राप्त हुने ब्याजमा आयकर लाग्ने छैन। आयकर ऐन, २०३१ को दफा ८ को देहायको (क) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित सोधभर्नाको रुपमा पाएको रकम भन्नाले रोजगारदाताले गर्नुपर्ने खर्चहरु निजको हकमा कर्मचारीले गरेमा सो वापत पाएको सोधभर्ना रकमलाई जनाउने छ र यस्तो रकमले कुनै स्थितिमा पनि कर्मचारीकोलागि गरिएको निजी खर्चहरुलाई जनाउने छैन।

९. कुनै दम्पती वा परिवारमा पति र पत्नी दुवै जना छुट्टा छुट्टै आय आर्जन गर्ने रहेछन् भने त्यस्ता पति र पत्नी दुवैले व्यक्तिसरह छुट लिई छुट्टाछुट्टै आयकर निर्धारण गर्ने वा दम्पती वा परिवारसरह छुट लिई संयुक्त रुपमा कर निर्धारण गर्ने छनौट गर्न पाउने छन्। यस्तो छनौट नगर्ने दम्पती वा परिवारको हकमा दम्पती वा परिवार सरह छुट दिई कर निर्धारण गरिनेछ।

१०. यस अनुसूचीको दफा १५ अनुसार कर तिर्ने बाहेकका अन्य करदाताले चालू वर्षको सम्भावित खूद आयमा चालू आर्थिक वर्षको करका दरले लाग्ने कर चालू वर्षको अग्रिम करवापत ३ किस्तामा देहाय बमोजिम बुझाउनु पर्नेछ:

(१) अग्रिम कर किस्तावन्दीको दर:

| समयावधि | अग्रिम करको किस्ता रकम | |
|---|---|---|
| पौष मसान्तसम्म | तिर्नु पर्ने वार्षिक करको | ४० प्रतिशत |
| चैत्र मसान्तसम्म | तिर्नु पर्ने वार्षिक करको | ७० प्रतिशत |
| आषाढ मसान्तसम्म | तिर्नु पर्ने वार्षिक करको | १०० प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आय विवरण पेश गर्नुपर्ने वषमा आय विवरणसाथ दाखिला गर्नुपर्ने कर रकममा पहिले बुझाएको अग्रिम कर रकम कट्टा गरी बाकी रकम दाखिला गर्नुपर्नेछ। बढी अग्रिम कर दाखिला भएमा अन्तिम कर निर्धारण भएको मितिले ६ महिनाभित्र फिर्ता दिइनेछ। फिर्ता दिन नसकेमा दिनगन्तिको हिसाबले वार्षिक १५ प्रतिशतका दरले ब्याज दिइनेछ। किस्तावन्दी बमोजिम बुझाउनु पर्ने चालू वर्षको अग्रिम कर रकममा करदाताको नाममा श्रोतमा कर कट्टी भई अग्रिम आयकर श्री ५ को सरकारको राजश्व खातामा जम्मा भएको रहेछ भने सो घटाउन सक्नेछ।

(३) किस्ता तिर्नुपर्ने महिनाको २० गते सम्मको कारोवारको हिसाबको आधारमा सोही महिनाको मसान्तसम्म किस्ता रकम तिरी सक्नु पर्नेछ।

(४) यस दफाको प्रयोजनकोलागि चालू वर्षको सम्भावित खूद आय निकाल्ने तरिका आन्तरिक राजश्व विभागको महानिर्देशकले तोके बमोजिम हुनेछ।

(५) तोकिएको समयभित्र किस्ता नबुझाउने करदातासँग वार्षिक १५ प्रतिशतका दरले शुल्क लगाई असुल उपर गरिनेछ।

(६) किस्तावन्दीमा बुझाएको कर रकम पछि आय विवरणसाथ बुझाउनु पर्ने कर रकम भन्दा १० प्रतिशतसम्म घटी भएमा सो हदसम्मको रकममा शुल्क लाग्ने छैन।

११. नेपाल अधिराज्यभित्र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वतबाट वस्तु विनिमय अन्तर्गत सामान पैठारी गर्ने करदाताबाट र त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भिर्टीगुण्टाको रुपमा ल्याएका भन्सार महसुल नलाग्ने निर्जी प्रयोगको सामान वाहेकमा भन्सारले कायम गरेको मूल्यको २.५ प्रतिशतले आयकर असुल गरिनेछ। यस्तो कर रकम अन्तिम हुनेछ र फिर्ता गरिने छैन।

१२. यात्रुहरुले भन्सार महसुल पूर्णरुपमा छुट हुनेगरी ल्याउन पाउने तोकिएको परिमाणसम्मको सुन तथा सुनको गहना वा चाँदी तथा चाँदीको गहनावाहेक विदेशबाट आफूसँग ल्याएको काँचो सुन पैठारीमा प्रति दश ग्राममा रु. दश, काँचो चाँदी पैठारीमा भन्सार मूल्यको ०.२५ प्रतिशत र सुन वा चाँदीको गहना पैठारीमा भन्सार मूल्यको ०.५ प्रतिशत अग्रिम आयकर भन्सार कार्यालयले असुल गर्नेछ।

१३. मूल्य अभिवृद्धि कर वा आयकरमा दर्ता नभएका पैठारीकर्ताले व्यापारिक प्रयोजनकोलागि मालवस्तु पैठारी गरेमा यस्तो पैठारीमा भन्सारले कायम गरेको मूल्यको २.५ प्रतिशतले भन्सार कार्यालयले आयकर असुल गर्नेछ। यस्तो कर रकम अन्तिम हुनेछ र फिर्ता गरिनेछैन।

१४. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह १ को (क) र (ख) मा समावेश भएका आधारभूत कृषि उत्पादनहरु व्यापारिक प्रयोजनको निमित्त पैठारी हुँदा भन्सारले कायम गरेको मूल्यमा २.५ प्रतिशतले आयकर भन्सार कार्यालयले असुल गर्नेछ। यस्तो कर रकम अन्तिम हुनेछ र फिर्ता गरिनेछैन।

१५. (१) कारोवारको लेखा राख्न अनिवार्य नभएका वार्षिक रु. १० लाखसम्मको कारोवार र रु. १ लाखसम्म खूद आय हुने साना करदातालाई देहाय बमोजिम वार्षिक कर लगाइनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) महानगरपालिका तथा उप महानगरपालिका क्षेत्रमा कारोवार गर्ने करदातालाई रु. २,०००।-

(ख) नगरपालिका क्षेत्रमा कारोवार गर्ने करदातालाई रु. १५००।-

(ग) खण्ड (क) र (ख) मा उल्लिखित क्षेत्र वाहेक अन्य क्षेत्रमा कारोवार गर्ने करदातालाई रु. १०००।-

(२) घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका, कारोवारको लेखा राख्न अनिवार्य नभएका वार्षिक रु. १० लाखसम्मको कारोवार र रु. १ लाखसम्म खूद आय हुने साना उद्योगलाई वार्षिक रु. १०००।- कर लगाइनेछ।

तर, गा.वि.स. क्षेत्रमा रहेका १२ अश्वशक्तिभन्दा कम क्षमताका कुटानी-पिसानी मिललाई वार्षिक रु. ५००।- मात्र कर लगाइनेछ।

(३) (क) भाडाका सवारीसाधन धनीहरुबाट देहाय बमोजिम वार्षिक कर असुल गरिनेछ।

| सवारीको किसिम | प्रति सवारी साधनमा बुझाउन पर्ने वार्षिक आयकर |
|---|---|
| (अ) मिनिबस, मिनि ट्रक, ट्रक र वस | रु. १,५००।- |
| (आ) कार, जिप, भ्यान, माइक्रो वस | रु. १,२००।- |
| (इ) थ्रि ह्विलर, अटो रिक्सा, टेम्पो | रु. ८५०।- |
| (ई) ट्रेक्टर र पावर टिलर | रु. ७५०।- |

(ख) फर्म, कम्पनी, संगठित संस्था तथा लेखा राख्न अनिवार्य भएका माल सामान ढुवानी वा यात्रुको ओसार पसार गर्ने व्यक्तिहरुले आफ्नो आय विवरण सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्नेछ र अन्तिम कर निर्धारण हुँदा उपरोक्त बमोजिम तिरेको रकम लाग्ने आयकरमा कट्टी गर्न पाइनेछ।

(ग) लेखा राख्न अनिवार्य नभएका अन्य व्यक्तिहरुको हकमा खण्ड (क) बमोजिम तिरेको कर नै अन्तिम हुनेछ।

(४) उपरोक्त खण्ड (१), (२) र (३) बमोजिम लागेको वार्षिक आयकर वैंक वा सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा तिर्न पाउने छन्। यस्तो कर तिरेको निस्सालाई कर चुक्ता प्रमाण सरह मान्यता दिइनेछ।

१६. दफा १५ मा जुनसुकै कुरा लेखिएको भएतापनि रु. २० लाखभन्दा मुनि कारोवार गर्ने करदाताहरुले आय व्यय देखिने गरी तोकिए बमोजिमको सरलीकृत ढाँचाको हिसाब किताबसाथ विवरण पेश गरेमा कारोवारको लेखापरीक्षण नभएतापनि निजहरुले पेश गरेको आय विवरणलाई स्वीकार गरिनेछ। यसरी पेश हुन आएको आय विवरणमा अन्यथा नठहरिएमा ऐनको दफा ३३(१) बमोजिम गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. रु. १ करोडसम्म वार्षिक कारोवार भएका करदाताहरुले स्वयं कर निर्धारणको आय विवरण र सो सम्वन्धी खातावही आन्तरिक राजश्व कार्यालयसमक्ष पेश गर्दा आन्तरिक राजश्व विभागद्वारा सूचिकृत लेखापरीक्षकद्वारा कर लेखापरीक्षण गर्न अनिवार्य हुने छैन। यस्ता करदाताले अन्य लेखापरीक्षकबाट कर लेखापरीक्षण गराई पेश गर्न सक्नेछन्।

१८. सवै प्रकारको ठेक्कामा १.५ प्रतिशतले अग्रिम कर असुली गरिनेछ। तर रु. २० लाखसम्मको ठेक्कामा यस्तो अग्रिम कर अन्तिम हुनेछ। यस्ता करदाताहरुको अन्य आयश्रोत नभएमा आय विवरण पेश गरिरहनु पर्ने छैन, ठेक्काको विवरण मात्र दिए पुग्नेछ। ठेक्काको विवरण सम्वन्धित ठेक्का दिने कार्यालयमा पेश गरेपछि सम्वन्धित ठेक्का दिने कार्यालयबाट लाग्ने कर र विवरण आन्तरिक राजश्व कार्यालयमा पठाए पछि मात्र धरौटी फुकुवा दिइनेछ। तर मू.अ.करमा दर्ता भएका करदाताले आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर विवरण पेश गरी सो को प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता हुनेछ।

१९. अन्तर्राष्ट्रिय बोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्षभन्दा बढी अवधिसम्म कायम रहने ठेक्काको खूद आय पूरा ठेक्काको हिसाबले कायम गरी कर निर्धारण गर्न सकिनेछ। तर एउटा ठेक्काको अवधि पूरा नहुँदै अरु ठेक्का लिने करदाताले प्रत्येक ठेक्कामा छुट्टा छुट्टै आय व्यय देखिने गरी ठेक्काको हिसाब समेत पेश गर्नुपर्नेछ। कारोवार वा ठेक्कापट्टामा भाग लिनुपर्दा कर चुक्ताको प्रमाण पेश गर्नुपर्नेछ। पूरा ठेक्काको हिसाबले आय विवरण पेश गर्ने करदाताले प्रत्येक वर्ष कार्य समाप्तिको प्रतिशतको आधार (Percentage Completion Basis) मा अस्थायी आय विवरण पेश गर्नु पर्नेछ।

२०. नेपाल अधिराज्यमा हवाई यातायात सञ्चालन गर्ने विदेशी हवाई कम्पनीहरुलाई नेपाल अधिराज्यभित्र गरेको कुल कारोवार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असुल उपर गरिनेछ। तर नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरु, एजेन्ट वा प्रतिनिधि नियुक्त गरी कारोवार गर्ने विदेशी हवाई कम्पनी, पानीजहाज र रेल कम्पनीहरु तथा विदेशी कुरियर कम्पनीहरुलाई उनीहरुले नेपाल अधिराज्यमा गरेको कुल कारोवार रकमको ३ प्रतिशतका दरले आयकर लगाई असुल उपर गरिनेछ। यस्ता हवाई कम्पनी, पानी जहाज, रेल कम्पनी तथा कुरियर कम्पनीहरुको त्रैमासिक कारोवारको आधारमा लाग्ने कर सो अवधिपछिको महिनामा स्थानीय कार्यालय, एजेण्ट वा प्रतिनिधिले बुझाउनु पर्नेछ। यसरी दाखिला भएको आयकर रकम आय विवरण पेश गर्दा मिलान गरिनेछ। यसरी एजेण्ट वा प्रतिनिधि नियुक्त गरी कारोवार गर्ने विदेशी हवाईजहाज, पानीजहाज, रेल कम्पनी तथा कुरियर कम्पनीहरुलाई एजेण्ट वा प्रतिनिधिले भुक्तानी गर्दा वा पछि भुक्तानी गर्ने गरी वा हिसाव मात्र मिलान हुने गरी नाफा नोक्सान हिसाबमा खर्च लेख्दा जुन पहिले हुन्छ सोही अवस्थामा अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्नेछ।

२१. उद्योग, व्यापार, पेशा, व्यवसायीले काममा लगाएका कामदार कर्मचारीलाई आयकर ऐन, २०३१ को दफा १२(ङ) को प्रतिवन्धात्मक वाक्यांशमा तोकिएको सीमाभन्दा वढी रकमको पारिश्रमिक दिनुपरेमा कर अधिकृतले नै स्वीकृति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनेछ । हालसम्म यस्तो स्वीकृति उपलब्ध भई नसकेकोमा समेत निजले नै स्वीकृति दिनेछ ।

२२. श्री ५ को सरकार, श्री ५ को सरकारका संस्थानहरु, संवैधानिक निकाय तथा संवैधानिक निकाय अन्तर्गतका कार्यालयहरु, स्वशासित संस्था तथा प्रचलित कानून बमोजिम दर्ता भएका वा नभएका निकायहरु, अन्तर्राष्ट्रिय संस्था, स्वदेशी तथा विदेशी गैर सरकारी संस्था, नेपाली नागरिक वा संस्थालाई भुक्तानी गर्ने विदेशी संस्था, विद्यालय, महाविद्यालय, विश्वविद्यालय, उद्योग, व्यापार, पेशा, व्यवसाय संचालन गर्ने फर्म वा व्यक्तिहरुले भुक्तानी गर्दा वा खर्च लेख्दा जुन पहिले हुन्छ सोही अवस्थामा देहाय बमोजिम अग्रिम कर कट्टी गर्नुपर्नेछ । यसरी कट्टी भएका अग्रिम करहरुको फाँटवारी सहित दोस्रो महिनाको मसान्तभित्रमा र आषाढ महिनामा कट्टा गरिएको रकम भने सोही महिनाभित्र राजश्व खातामा दाखिला गर्नु पर्नेछ । अग्रिम आयकर कट्टी नगर्ने वा कट्टी गरे पनि समयमा नबुझाउनेसँग बाँकी अग्रिम कर रकम असुल उपर गरी सो रकमको वार्षिक १५ प्रतिशतका दरले शुल्क लगाई असुल उपर गरिनेछ ।

२२.१ भुक्तानीको किसिम — अग्रिम कर कट्टीको दर

| | भुक्तानीको किसिम | अग्रिम कर कट्टीको दर |
|---|---|---|
| १. | पारिश्रमिक | वार्षिक पारिश्रमिकमा लाग्ने करको दामासाहीको हिसाबले |
| २. | घर, जग्गावहालमा तथा अन्य सबै प्रकारको वहालमा | भुक्तानी रकमको १५% |
| ३. | परामर्श सेवा उपलब्ध गराएकोमा तथा डाक्टर, वकील, इन्जिनियर एकाउण्टेण्ट, अडिटर र यस्तै अन्यबाट विशेषज्ञ सेवा लिएवापत दिइने पटके भुक्तानीमा | |
| | (क) आयकर दर्ता प्रमाणपत्र लिएकालाई हुने भुक्तानीमा | भुक्तानी रकमको ५% |
| | (ख) आयकर दर्ता प्रमाणपत्र नलिएकालाई हुने भुक्तानीमा | भुक्तानी रकमको १०% |
| | (ग) अस्थायी वासिन्दालाई हुने भुक्तानीमा | भुक्तानी रकमको १५% |
| ४. | बैठक भत्तामा | भुक्तानी रकमको १५% |
| ५. | कमिशन, रोयल्टी, म्यानेजमेण्ट फी, टेक्निकल सर्भिस फी तथा यस्तै अन्य रकमवापत हुने भुक्तानीमा | भुक्तानी रकमको १५% |
| ६. | श्री ५ को सरकारले र नेपाल राष्ट्र बैंकले जारी | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 593

| | | |
|---|---|---|
| | गरेको ऋण पत्रको ब्याज, बैंक ब्याज तथा अन्य ब्याज भुक्तानीमा | भुक्तानी रकमको ६% |
| ७. | चिट्ठा, उपहार, पुरस्कार, जितौरी, अन्य कुनै पनि आकस्मिक लाभ वापत नगद भुक्तानीमा र जिन्सी भए प्रचलित बजार मूल्य कायम गरी सोवापत हुने भुक्तानीमा | भुक्तानी रकमको २५% |
| ८. | विदेशबाट भाडा, रेण्टल वा पर्चेज, लीजमा विमान (हवाईजहाज, हेलिकप्टर) ल्याई सञ्चालन गरे वापत हुने भुक्तानीमा | भुक्तानी रकमको ३% |
| ९. | पुनर्वीमाको प्रिमियम वापत हुने भुक्तानीमा | भुक्तानी रकमको ३% |
| १०. | विदेशी टेलिभिजन कम्पनीको प्रसारणवापत विदेशी कम्पनीलाई तथा विदेशी भाषाका फिल्म वितरकहरुलाई हुने भुक्तानीमा | भुक्तानी रकमको १५% |
| ११. | भू-उपग्रह संचारको व्यवसाय संचालन गर्ने अस्थाई वासिन्दालाई हुने भुक्तानीमा | भुक्तानी रकमको ५% |

२२.२ दफा २२.१ मा जे सुकै लेखिएको भएतापनि देहायका अवस्थाहरुमा देहाय बमोजिम हुनेछ :

(१) आयकर दर्ता प्रमाण-पत्र भएकाहरुले अग्रिम आयकर कट्टी गरिएको रकम वार्षिक आय विवरण दाखिला गर्दा लाग्ने कर तथा दफा १० बमोजिम किस्तावन्दीमा लाग्ने चालू वर्षको अग्रिम कर रकममा कट्टी गर्न पाउने छन् । वार्षिक आय विवरण दिई कर निर्धारण गराउनेवाहेक अरुको हकमा श्रोतमा कर कट्टी गरिएको रकमलाई तिर्नपर्ने करमा मिलाइने छैन ।

(२) वार्षिक कर दायित्व आर्थिक वर्षको शुरुमा नै निर्दिष्ट हुनसक्ने करदाताको हकमा आन्तरिक राजश्व कार्यालयबाट रकम निर्दिष्ट गरी सोही रकमको मासिक दामासाहीले कर कट्टी गर्ने अनुमति दिईनेछ ।

(३) बैठक भत्ता भुक्तानी गर्दा अग्रिम कर कट्टी गरिएको रकम नै अन्तिम हुनेछ र त्यस्तो रकम करदाताको अन्य आयको कर निर्धारण गर्दा समावेश गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) बैंक, वित्त कम्पनी, वीमा कम्पनी, सार्वजनिक संगठित संस्था, पब्लिक लिमिटेड कम्पनी, प्राइभेट लिमिटेड कम्पनी, साझेदारी फर्म, प्रोप्राइटरसीप फर्म समेत उद्योग, ध्यापार, पेशा, व्यवसाय संचालन गर्ने जुनसुकै व्यक्तिले पाएको ब्याज रकम वार्षिक आय विवरण दाखिला गर्दा अन्य आयमा समावेश गर्नुपर्नेछ तथा यस्तो ब्याजमा कट्टा गरिएको कर रकमलाई वार्षिक लाग्ने आयकर रकममा हिसाब मिलान गरिनेछ।

तर उपरोक्त वाहेकका व्यक्ति वा संस्थाले प्राप्त गर्ने ब्याज आयमा दफा २२.१ को खण्ड ६ बमोजिम कट्टा गरिएको कर नै अन्तिम हुनेछ र त्यस्तो रकम करदाताको अन्य आयको कर निर्धारण गर्दा समावेश गरिने छैन।

(५) बैंकहरु वा त्यस्तो ब्याज भुक्तानी दिने संस्थाले सो करको रकम कट्टी गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दोश्रो महिनाको मसान्तभित्रमा र आषाढ महिनामा कट्टी गरिएको रकम भने सोही महिनाभित्र दाखिला गर्नुपर्नेछ।

(६) देहायको निक्षेप र कोषको ब्याज आयमा कर लाग्ने छैन :

(क) कर्मचारी संचयकोषको निक्षेप,

(ख) बैंक तथा वित्तीय संस्थामा कर्मचारीको नाममा रहेको संचयकोष,

(ग) गाउँ विकास समिति, नगरपालिका, उप महानगरपालिका, महानगरपालिका र जिल्ला विकास समितिको निक्षेप,

(७) सबै किसिमको संघ, संस्था, निजी विद्यालय, महाविद्यालय, विश्वविद्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका संस्थाले आफ्नो लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरण अनिवार्य रुपमा आश्विन मसान्तभित्र आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्नेछ। यस्तो संस्थाले आफूले अग्रिम कर कट्टा गरी दाखिला गरेको प्रमाण लिनु पर्नेछ। सो कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश नगरेमा यस्ता संस्थाहरुलाई नविकरण लगायत कारोवार रोक्का, निकासी पैठारी रोक्का तथा संस्थाको दर्ता खारेज गर्ने र श्री ५ को सरकारबाट दिइने सुविधा सहुलियतहरु रोक्का गरिनेछ।

(८) धितोपत्रको कारोवार गर्ने दलालहरुलाई तथा वीमा अभिकर्तालाई कमिशनको रकम भुक्तानी गर्दा दफा २२.१ को खण्ड (५) बमोजिम अग्रिम कर कट्टी गरेको रकमनै अन्तिम हुनेछ र यस्तो रकम करदाताको अन्य आय निर्धारण गर्दा समावेश गरिने छैन।

(९) (क) पब्लिक लिमिटेड कम्पनी, प्राइभेट लिमिटेड कम्पनी सार्वजनिक संगठित संस्था, साझेदारी फर्म,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रोप्राइटरसीप फर्म लगायत उद्योग, व्यापार, पेशा र व्यवसाय गर्ने करदाताले पाएको घर वहाल आय वार्षिक आय विवरण दाखिला गर्दा अन्य आयमा समावेश गर्नुपर्नेछ तथा यस्तो घर वहाल आयमा कट्टा गरिएको कर रकमलाई वार्षिक लाग्ने आयकर रकममा हिसाब मिलान गरिनेछ।

तर, दफा १५ अनुसार कर तिर्ने, रु. २० लाखसम्मको ठेक्का कारोवार हुने तथा उद्योग, व्यापार, पेशा र व्यवसाय नभएका व्यक्ति दम्पती वा परिवारले प्राप्त गर्ने घर वहाल आयमा दफा २२.१ को खण्ड (२) बमोजिम कट्टा गरिएको कर नै अन्तिम हुनेछ र त्यस्तो रकम करदाताको अन्य आयको कर निर्धारण हुंदा समावेश गरिने छैन।

(ख) घरजग्गा बहाल मात्र आय हुने व्यक्ति, दम्पती वा परिवारले आफूले देखाएको बहाल रकममा १५ प्रतिशतले हुने रकम घरजग्गा बहाल वापतको कर बैंक भौचर, बैंक ड्राफ्ट वा आफ्नो खाता रहेको बैंकबाट भुक्तानी योग्य (Good for Payment) लेखिएको क्रस चेकद्वारा आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ तथा करको विवरण र बहाल लगाउँदा गरेको कबुलियत वा अन्य शर्तनामाहरू भए सो समेत संलग्न गरी आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्नेछ। यसरी विवरण प्राप्त भएको एक वर्ष भित्र आन्तरिक राजश्व कार्यालयले कर निर्धारण नगरेमा अन्तिम कर निर्धारण भए सरह मानिनेछ।

(ग) आयकर ऐन, २०३१ को दफा ९ को उपदफा (३क) बमोजिम तोकिएको न्युनतम बहाल रकम वा प्रमाणित हुन आएको वहाल रकम मध्ये जुन बढी हुन्छ सोलाई नै वहाल आय मानी कर निर्धारण गरिनेछ।

(घ) देहायमा उल्लेख भएका निकाय वा व्यक्तिहरूले बाहेक अरूले घरजग्गा बहाल तथा सबै प्रकारको वहालमा अग्रिम कर कट्टा गर्नुपर्ने छैन तर बहालको संझौता समेत पेश गरी आन्तरिक राजश्व कार्यालयमा बहाल लिएको व्यहोराको जानकारी गराउनु पर्नेछ।

श्री ५ को सरकारका कार्यालयहरू, संवैधानिक निकाय तथा संवैधानिक निकाय अन्तर्गतका कार्यालयहरू, विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरू, श्री ५ को सरकारका संस्थान, समिति, जिल्ला विकास समिति, अन्य स्थानीय निकायहरु, कम्पनी ऐन अन्तर्गत दर्ता भएका कम्पनीहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी संस्थाहरू, नेपाली नागरिकलाई भुक्तानी गर्ने विदेशी संस्था, अन्तर्राष्ट्रिय संस्था एवम् संगठनहरू, कुनै पनि कार्यालयमा दर्ता गरी उद्योग, व्यापार, पेशा र व्यवसाय गर्ने फर्म वा व्यक्तिहरू ।

(ङ) घरजग्गा तथा सबै प्रकारको अन्य सम्पत्ति बहालमा लिनु दिनु पर्दा विदेशी नागरिक या संस्थाको हकमा जतिसुकै रकमको भए पनि अनिवार्य रूपमा संझौता गर्नुपर्ने र अरूको हकमा वार्षिक रू. ५० हजारभन्दा बढी रकममा घरजग्गा वा सम्पत्ति बहालमा लिनु दिनु पर्दा अनिवार्य रूपमा संझौता गरी ३५ दिनभित्र संझौताको एक प्रति सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१०) दफा २२.१ अनुसारको भुक्तानी गर्दा अग्रिम आयकर कट्टी गरेको छ, छैन सो सम्बन्धमा कर अधिकृतले करदाताको व्यवसायिक वा कारोवारस्थलमा गई कागजातहरु निरीक्षण परीक्षण गर्न सक्नेछ ।

(११) वार्षिक पारिश्रमिक नखुल्ने सबै किसिमको पटके भत्ताहरु तथा पारिश्रमिकमा यस्तो भुक्तानी रकमको १५ प्रतिशत अग्रिम कर कट्टी गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२३. नेपाल अधिराज्यभित्र सञ्चालन गरिने क्यासिनोहरुबाट वार्षिक रु. १ करोड ३५ लाखका दरले रोयल्टी लिइनेछ । क्यासिनोहरुले वुझाउनुपर्ने रोयल्टीवापतको कर रकम मासिक दामासाहीले प्रत्येक महिना समाप्त भएको एक हप्ताभित्र वुझाउनु पर्नेछ । सो म्यादभित्र नवुझाएमा वार्षिक १५ प्रतिशतका दरले शुल्क लाग्नेछ । त्यस्तो रकम ३ महिनासम्म पनि नवुझाएमा कर अधिकृतले क्यासिनो बन्द गर्ने आदेश दिन सक्नेछ ।

२४. नेपाल अधिराज्यभित्र ढुवानी कार्य गर्ने उद्देश्यले तोकिएको भन्सार तिरी अस्थायी रुपमा पैठारी भएका सवारी-साधनहरुमा नेपालमा काम गरेको अवधिको लागि प्रत्येक दिनको ट्रक र वसको रु. २००।- र अन्यको रु. १५०।- का दरले पूर्वानुमानित आयकर लिइनेछ । सवारी-साधन पैठारी गर्दाको अवस्थामा भन्सार कार्यालयले यस्तो कर वापतको रकम धरौटी लिई पछि फिर्ता लगेको अवस्थामा मिलान गरिनेछ ।

२५. आयकर ऐन, २०३१ र आयकर नियमावली, २०३९ मा भएका व्यवस्थाहरुको कार्यान्वयनको सिलसिलामा देखापरेका वा पर्नसक्ने कठिनाईहरुको समाधानको लागि करदाताबाट पूर्वादेश माग भई आएमा प्रशासकीय दृष्टिकोणबाट समेत नीतिगत निर्णय गरी आन्तरिक राजश्व विभागको महानिर्देशकले पूर्वादेश (Advance Ruling) जारी गर्न सक्नेछ । पूर्वादेश माग गर्दा सरोकार भएका व्यक्तिले वास्तविक द्विविधा वा कठिनाई देखाई निवेदन दिनु पर्नेछ । अदालत वा न्यायिक निकायमा विचाराधीन विषयमा पूर्वादेश माग गर्न पाइने छैन । यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्वादेश जारी भएमा आन्तरिक राजश्व कार्यालयले सोको कार्यान्वयन गर्नुपर्नेछ। यस्तो पूर्वादेश माग भएको मितिले ३ महिनाभित्र निर्णय दिई सक्नु पर्नेछ।

२६. मूल्य अभिवृद्धिकर समेत तिर्नु पर्ने गरी रेडियो, टेलिभिजन, सिनेमाहल, पत्रपत्रिका वा अन्य प्रचार माध्यमबाट गरिएको विज्ञापन वापतको वास्तविक खर्च खूद आय कायम गर्दा कट्टा गर्न दिइनेछ।

२७. आयकर ऐन, २०३१ को दफा २७ वा २८ को म्यादभित्र आय विवरण दाखिला नगर्ने करदाताको जरिवानाको अंक कायम गर्दा कर रकमबाट सोही ऐनको दफा २७ बमोजिमको म्यादभित्र दाखिला भईसकेको अग्रिम कर कट्टा गरी बाँकी लाग्ने करको रकमबाट मात्र जरिवाना अंक कायम गरिनेछ।

२८. आयकर ऐन, २०३१ को दफा ३५ को उपदफा ४ बमोजिम महानिर्देशक समक्ष निवेदन गर्दा माग भएको रकमको एक तिहाई रकम धरौटी राख्नु पर्नेछ।

२९. आयकर ऐन, २०३१ को दफा २९ को उपदफा (१क) को प्रयोजनकोलागि शुल्क रकमको गणना गर्दा संशोधित विवरणको आधारमा फरक परेको कर रकमको २५ प्रतिशत थप शुल्क लाग्ने गरी स्पष्ट गरिएकोछ।

३०. आयकर ऐन, २०३१ को दफा ६०(३) को चौथो हरफमा "त्रुटीबाट घट्न गएको रकम" को सट्टा "त्रुटीवाट घट्न गएको कर रकम" भनी संशोधन गरिएकोछ।

३१. आन्तरिक राजश्व कार्यालय नरहेका जिल्लाका सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा साना करदाताले दफा १५ बमोजिमको तोकिएको रकम दाखिला गरी कर चुक्ताको प्रमाण लिन सक्नेछन्। साथै दफा १८ अनुसार रु. २० लाखसम्मको ठेक्का कारोवार भएका करदाताले लाग्ने अग्रिम कर तिरेको प्रमाण पेश गरेमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कर चुक्ता प्रमाण लिन सक्नेछ। यसरी आय विवरणसाथ दाखिला गरिएको कर रकम र दिइएको कर चुक्ता प्रमाणको विवरण सो कार्यालयले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा प्रत्येक महिनाको ७ गतेभित्र पठाईदिनु पर्नेछ।

३२. एक वर्ष भन्दा बढी अवधिको लागि आवश्यक पर्ने वा असर पर्ने चालू खर्चहरुलाई पर सारिएको खर्च (Deferred Payment) मानी समयावधिको यकीन हुनेमा सोही अनुसार समदर प्रणालीमा र समयावधि यकिन नहुनेमा बरावर किस्तामा विभाजित गरी पाँच वर्षभित्र समदरले मिन्हा पाउने गरी खर्च कायम गरिनेछ।

३३. हिसाब किताब नराख्ने र मूल्य अभिवृद्धि करमा दर्ता नभएका कुनै करदाताहरुले आफ्नो शाखा कार्यालय अन्य जिल्ला (मूल कार्यालय बाहेकको जिल्ला) मा राखेको भए सो शाखा भएकै क्षेत्रको आन्तरिक राजश्व कार्यालयले सो शाखाको आय तथा कर निर्धारण गर्नेछ र सोको जानकारी मूल कार्यालय रहेको आन्तरिक राजश्व कार्यालयमा दिनुपर्नेछ। यस्तो जानकारी पाएपछि मूल कार्यालय रहेको आन्तरिक राजश्व कार्यालयले सो शाखा कार्यालय समेतको खूद आय मूल कार्यालयको आयमा जोडी सोमा अन्तिम कर निर्धारण गर्नेछ। शाखा रहेको जिल्लाको आन्तरिक राजश्व कार्यालयमा तिरेको आयकर अन्तिम कर निर्धारण गर्दा मिलान गरिनेछ।



९२४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. मुख्य कार्यालय विदेशमा भई नेपालमा कार्यरत कम्पनी तथा संस्थाहरुले मुख्य कार्यालयहरुको खर्च दावी गरेमा कुल कारोवारको ३.५ प्रतिशत वा मुख्य कार्यालयमा नेपाल स्थित कारोवारको लागि खर्च भएको रकम मध्ये जुन घटी हुन्छ सो रकम मुख्य कार्यालय खर्च वापत मिन्हा दिईनेछ।

३५. श्री ५ को सरकारले तोकेको शर्त तथा वन्देजको अधीनमा रही आन्तरिक राजश्व विभागबाट स्वीकृत भएको निवृत्तिभरण कोष वा उपदान कोषमा आफ्नो कर्मचारीहरुलाई सेवा अवधि पछि दिइने उपदान वा निवृत्तिभरण रकमवापत वार्षिक रुपले कुनै संगठित संस्था वा कम्पनीले जम्मा गरेको रकम खर्च मिन्हा पाउनेछ।

३६. सबै महानगरपालिका, उप-महानगरमालिका तथा नगरपालिकाभित्र गत वर्ष देहायका अवस्थाहरु मध्ये कुनै एक अवस्था पूरा गरेका व्यक्ति, दम्पती वा परिवारले अनिवार्य रुपमा आफ्नो आय विवरण पेश गर्नुपर्नेछ :

(१) ३,००० वर्ग फिट भन्दा वढीको घर भएको वा मासिक रु. १० हजारभन्दा बढी रकम घरवहाल तिरेको वा पाएको,

(२) वार्षिक रु. २४,००० भन्दा बढी टेलिफोनको महशुल तिरेको वा मोवाइल टेलिफोन भएको,

(३) ७०० सी.सी भन्दा बढी क्षमताको निजी सवारी-साधन भएको, र

(४) वार्षिक रु. १० हजारभन्दा बढी शुल्क तिर्ने गरी कुनै क्लवको सदस्य भएको।

३७. (१) कम्पनी वा सार्वजनिक संस्थानले मुनाफाबाट लाभांश वा मुनाफाको हिस्सा वितरण गर्दा, खर्च लेख्दा वा छुट्याउँदा यस्तो लाभांश वा मुनाफाको हिस्साको ५ प्रतिशतको दरले लाभांश कर कट्टी गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेछ। लाभांशमा कट्टी गरिएको कर अन्तिम कर सरह मानिनेछ र अन्य आयवापत तिर्नुपर्ने करमा हिसाब मिलान गर्न पाइने छैन। कर कट्टी गरि सकिएको लाभांश रकम पुनःवितरीत भई पुनः लाभांश बाँडिएमा यस्तो लाभांशमा पुनःकर नलाग्ने गरी स्पष्ट गरिएकोछ।

(२) लाभांश वितरण नभए पनि कुनै कम्पनीको १० प्रतिशत वा सोभन्दा वढीको स्वामित्व हुने व्यक्तिलाई व्यवसायिक प्रयोजनकोलागि वाहेक निर्व्याजी सापटी वा यस्तै अन्य तरिकाले भुक्तानी गरेको वा भुक्तानी गर्न छुट्याइएको रकम समेतलाई लाभांश वितरण गरे सरह मानी यस्तो रकममा लाभांश कर असुल उपर गरिनेछ।

(३) कुनै कम्पनी वा संस्थानले मुनाफाको रकमबाट वोनस शेयर वा यस्तै अन्य कुनै शेयर जारी गरेमा, चुक्ता पूँजी रकममा वृद्धिगरेमा वा पूँजी खातामा कुनै प्रकारले मुनाफालाई आम्दानी वाँधेमा यस्तो कार्यलाई लाभांश वितरण गरेसरह मानिनेछ र सोमा उपदफा (१) अनुसार लाभांश कर कट्टा गर्नुपर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नेपालमा दर्ता भएका कम्पनी र सार्वजनिक संस्थानहरुबाट लाभांश पाउने, अस्थायी बासिन्दा बाहेकका, सो कम्पनी वा सार्वजनिक संस्थानमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले २५ प्रतिशत वा सोभन्दा बढी शेयर स्वामित्व भएका कम्पनी र सार्वजनिक संस्थानहरु वा श्री ५ को सरकारलाई वितरण गर्ने लाभांशमा कर लाग्ने छैन।

३८. कर अधिकृतले आय विवरणको छानवीन गर्दा वा अनुसन्धान गर्दा आवश्यक सम्झेमा करदाताको परिसर, स्थान, कागजात वा अन्य सम्बन्धित सम्पत्तिमा पहुँच प्राप्त गर्न सक्ने छ। पहुँच प्राप्त गरेको कागजातका इलेक्ट्रोनिक प्रति लगायत कागजको कुनै अंश वा प्रतिलिपि प्राप्त गर्न सक्नेछ तथा प्राप्त गरेको कागजात यस ऐन बमोजिम कर दायित्व निर्धारण गर्न आवश्यक हुने खालको प्रमाण हो भन्ने सम्बन्धित अधिकृतलाई लागेमा त्यस्तो कागजात आफ्नो कब्जामा लिन सक्नेछ।

३९. कुनै उद्योगले प्राविधिकले प्रमाणित गरेको प्रदूषण नियन्त्रण गर्ने संयन्त्र राखेमा उद्योग विभागको सिफारिशमा यस्तो प्रदुषण नियन्त्रण गर्ने संयन्त्रको खर्च २ वर्षको वरावर किस्तामा कट्टा गर्न पाइने छ।

४०. आयकर ऐन, २०३१ को दफा ५क अनुसार आयकर दर्ता गराउनु पर्ने व्यक्तिहरुलाई तथा श्री ५ को सरकारले तोकेको वर्गका व्यक्ति, कम्पनी, फर्म तथा संस्थाहरुलाई तोकिएको मितिदेखि तोकिएका आन्तरिक राजश्व कार्यालयका क्षेत्रहरुमा अनिवार्य रुपमा स्थायी लेखा नम्बर (Permanent Account Number) लिनुपर्ने र तोकिएका आर्थिक कियाकलाप संचालन गर्दा अनिवार्यरुपमा स्थायी लेखा नम्बर उल्लेख गर्नुपर्ने गरी श्री ५ को सरकारले तोक्न सक्नेछ। यसरी स्थायी लेखा नम्बर प्राप्त गरिसकेका करदाताको आयकर दर्ता प्रमाणपत्र आयकर ऐन, २०३१ को दफा ५क को उपदफा (५) अनुसार नवीकरण गराउनुपर्ने छैन। तर उद्योग, व्यापार, पेशा, व्यवसाय गर्ने कम्पनी, फर्म वा व्यक्तिले कर चुक्ताको प्रमाण अनिवार्य रुपमा लिनु पर्नेछ। यस सम्वन्धी अन्य व्यवस्था आन्तरिक राजश्व विभागका महानिर्देशकले तोके बमोजिम हुनेछ।

४१. राजश्व न्यायाधिकरण वा अन्य कुनै अदालत वा आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष मुद्दामा रहेका करदाताले अविवादित कर र जरिवाना रकम पूरै तथा विवादित कर तथा जरिवाना रकमको ७५ प्रतिशत रकम राजश्व दाखिला गरी २०५८ फागुन मसान्तभित्र मुद्दा फिर्ता लिएमा बाँकी कर जरिवाना तथा शुल्क रकम मिन्हा गरिनेछ।

४२. (१) जस्तो सुकै श्रोतबाट प्राप्त गरेको आय भए पनि आयकर ऐन, २०३१ तथा साविकमा प्रचलित नेपाल कानून बमोजिम आयकर लाग्ने त्यस्तो आयबाट २०५७ असार मसान्तसम्ममा सम्पत्ति आर्जन गरेको तर यस्तो आयमा लाग्ने कर नतिरेको व्यक्तिले २०५८ पौषभित्र यस्तो सम्पत्तिको २०५८ श्रावण १ मा रहेको मूल्यको १० प्रतिशतले स्वयं घोषणाद्वारा आयकर तिरेमा यस्तो सम्पत्तिको श्रोतको वारे कुनै पनि प्रयोजनको लागि छानवीन गरिने छैन र यसरी तिरेको करलाई अन्तिम कर मानिनेछ र अन्य जरिवाना तथा शुल्क लाग्ने छैन। यस्तो घोषित आय साविक कारोबारको कुल आयमा समेत जोडिने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यसरी तोकिएको म्यादभित्र कर नतिरेमा सम्पत्ति विवरण लिई सोको श्रोतको समेत छानबीन गरी कानून बमोजिम तिर्नु पर्ने कर नतिरी आर्जन गरेको सम्पत्ति जफत समेत गरी कानून बमोजिम लाग्ने कर तथा जरिवाना असुल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिम करदाताले घोषणासाथ पेश गरेको कुनैपनि कागजातहरुलाई गोप्य कागजातको रुपमा लिइनेछ र कुनै पनि निकायले त्यस्तो कागजात सबै वा आंशिक रुपमा हेर्न वा प्रमाण पेश गर्न लगाउने छैन । यस्तो कागजातको आधारबाट घोषकलाई कुनै पनि ऐन बमोजिम सजाय गर्न सकिने छैन र सो कागजात कर सम्बन्धी बाहेक अन्य मुद्दामा प्रमाण लाग्ने छैन ।

(४) उपदफा (१), (२), र (३) को व्यवस्था घोषणा गर्न तोकिएको म्याद पछि घोषणा गरिएको अवस्थामा र यो व्यवस्था लागू हुनु अगाडीनै छानविन सुरु गरिएको अवस्थामा लागू हुने छैन ।

(५) उपदफा (१), (२) र (३) को व्यवस्था यो दफा लागु हुनुभन्दा अगावै आय विवरण पेश गर्नुपर्ने कर्तव्य भएका तर सो आय विवरण पेश नगरेका करदाताकोलागि पेश नभएको विवरणको हकमा र आय विवरण पेश गरे पनि सो आय विवरणमा आयकर लाग्ने सबै आय समावेश नगरेका करदाताकालागि समावेश नगरेको आयको हकमा मात्र लागू हुनेछ । आर्थिक वर्ष २०५७।५८ को आय विवरण आयकर ऐन, २०३१ को दफा २७ बमोजिम २०५८ आश्विनभित्र पेश गर्ने कर्तव्य भएका करदाताले सोही ऐन बमोजिम गर्नु पर्नेछ र सो व्यक्तिहरुले यो दफा बमोजिम गर्न पाउने छैन ।

(६) यस दफाको प्रयोजनको लागि विवरणको ढांचा तथा अन्य प्रकृयाहरु श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

४३. आयकर ऐन, २०३१ को दफा ४२ (१) को देहायको (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै गुठी, सार्वजनिक संस्था वा शिक्षण संस्थाले यस ऐन बमोजिम उद्योग, व्यापार, पेशा व्यवसाय गरेमा वा लगानी गरेमा यसरी गरिएको उद्योग, व्यापार, पेशा व्यवसाय वा लगानीबाट आर्जित मुनाफा, व्याज, लाभांश, बहाल वा अन्य कुनै आयमा यसै अनुसूची बमोजिम कर लाग्नेछ ।

४४. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका रुग्ण उद्योगहरुले तिर्नु पर्ने कर वक्यौता रकम २०५९ असारभित्र चुक्ता गरेमा लागेको जरिवाना तथा शुल्क मिनाहा गरिनेछ ।

४५. २०५१ आषाढ मसान्तसम्म तिर्नपर्ने बक्यौता आयकर रकम २०५८ पौष मसान्तभित्र तिरेमा लागेको जरिवाना र शुल्क मिन्हा हुनेछ । साथै सो अवधि भित्र तिर्नु पर्ने कर बक्यौता यस अघि तिरी सकेको भएमा बुझाउन बाँकी जरिवाना र शुल्क समेत मिनाहा हुनेछ ।

४६. आयकर ऐन, २०३१ को दफा २ को (च) को प्रयोजनकोलागि आन्तरिक राजश्व विभागको करदाता सेवा, कर संकलन, ठुला करदाता, कर परीक्षण र अनुसन्धान शाखामा कार्यरत शाखा अधिकृतहरु तथा निर्देशकहरुलाई कर अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिएको छ। यी अधिकृतहरुको कार्यक्षेत्र आन्तरिक राजश्व विभागका महानिर्देशकले तोके बमोजिम हुनेछ। महानिर्देशकले आवश्यक सम्झेका ठुला करदाताको आय विवरण तथा विशेषज्ञको सेवा लिन आवश्यक देखिएका अन्य आय विवरणको छानवीन तथा हिसाब किताबको परीक्षण गर्न विशेषज्ञहरुको सेवा लिन सकिनेछ। यसरी विशेषज्ञहरुको सेवा लिइएमा निजहरुको कार्यक्षेत्र महानिर्देशकले तोके बमोजिम हुनेछ।

४७. अनिवार्य रुपले हिसाब किताब राखी स्वयं कर निर्धारण विवरण पेश गर्नु पर्ने करदाताले हिसाब किताब नराखेमा वा रीतपूर्वक लेखा परीक्षण गरिएको विवरण पेश नगरेमा रु. १०,०००।- वा कुनै खर्च कट्टा नगरी प्राप्त गरेको कुल कर लाग्ने आयको ०.५ प्रतिशतले हुने रकममा जुन बढी हुन्छ सो रकम बराबर जरिवाना गरिनेछ।

४८. इन्जीनियर, डाक्टर, वकील, लेखापरीक्षक, परामर्शदाता समेत सबै पेशा व्यवसायीहरुले कुनै फर्म स्थापना गरी वा नगरी गरेको कारोबारको अनिवार्य रुपमा लेखा राख्नु पर्नेछ। तर वार्षिक रु. १० लाखभन्दा घटी हुने व्यक्तिले लेखा परीक्षण गराउनु पर्ने छैन। निजहरुले राख्ने लेखाको ढाँचा आन्तरिक राजश्व विभागका महानिर्देशकले तोके बमोजिम हुनेछ।

४९. आयकर ऐन, २०३१ को दफा ५१ग मा रहेको रु. बीस हजार रुपैयाको सट्टा रु. पचास हजार कायम गरिएको छ।

५०. आयकर ऐन, २०३१ को दफा १२क को प्रयोजनकोलागि सहकारी संस्थाबाट भएको आय निर्धारण र त्यस्तो आयबाट खूद आय निकाल्ने तरिका सोही ऐनको विभिन्न दफाहरुमा गरिएको व्यवस्था बमोजिम हुनेछ। सहकारी संस्थाबाट भएको आय र खुद आय निर्धारण प्रयाजनकोलागि सोही ऐनको दफा ७ र १२ समेत लागू हुनेछ।

५१. सेक्यूरिटी र शेयरको बिक्री गर्दा हुने पूंजीगत लाभमा दस प्रतिशतले कर लाग्नेछ। यो कर अन्तिम हुनेछ। पूंजीगत लाभ गणना गर्ने प्रयोजनकोलागि २०५८ श्रावण १ गते कायम रहेको मूल्यलाई खरीद मूल्य मानिनेछ। नेपाल स्टक एक्सचेञ्ज लि. मार्फत खरीद बिक्री भएमा सो केन्द्रले शेयर नामसारी गर्दा अग्रिम करको रुपमा यो कर असुल उपर गरी एक महिनाभित्र राजश्व दाखिला गर्नु पर्नेछ। यस सम्बन्धी अन्य व्यवस्था श्री ५ को सरकारले तोके बमोजिम हुनेछ।

५२. छात्रवृत्ति वापत प्राप्त गरेको रकममा आयकर लाग्ने छैन।

५३. (१) वैदेशिक सहायता एवं श्री ५ को सरकारको श्रोतबाट संचालित विकास योजनाको निर्माण, परामर्श सेवा, आपूर्ति वा अन्य कुनै प्रयोजनकोलागि कुनै विदेशी कम्पनी, फर्म वा व्यक्तिलाई ठेक्का पट्टा दिएमा वा यस्तो कामको लागी कुनै संझौता गरेमा त्यस्तो कार्यमा संलग्न मुख्य कम्पनी तथा तिनका स्थानीय कमीशन एजेण्टको नाम, ठेगाना, कारोवार अंक, कमिशन रकम समेतको जानकारी सम्झौता भएका मितिले १ महिना भित्र सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई गराउनु पर्नेछ। कमिशन एजेण्ट नियुक्त नभएमा पनि सोको जानकारी गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) २०५७ असार मसान्त भन्दा अगाडी उपदफा (१) अनुसारको निर्माण, आपूर्ति तथा परामर्श सेवा सम्बन्धी काम गरेको तर विवरण पेश नगरी आयकर नतिरेकाहरुले तीन महिना भित्र आन्तरिक राजश्व कार्यालयमा आफुले गरेको कारोवारको विवरण, प्राप्त गरेका कमिशन रकम खुलाइ त्यसमा लाग्ने कर रकम समेत वुझाएमा आयकर ऐन, २०३१ बमोजिम लाग्ने जरिवाना मिन्हा हुनेछ ।

(३) उपदफा (२) को म्यादभित्र विवरण नबुझाउने तथा कर नतिर्ने व्यवसायीलाई लाग्ने करको शत प्रतिशत थप जरिवाना गरी असुल उपर गरिनेछ ।

५४. रु. १० लाख भन्दा वढीको वार्षिक कारोवार गर्ने करदाताले आफ्नो नाम, ठेगाना, आ.क.द.प्र.प.नं./स्थायी लेखा नम्बर (PAN) उल्लेखगरी सिलसिलेवार नम्बर सहितको बिक्री बीजक अनिवार्य रुपमा जारी गर्नु पर्नेछ ।

५५. गैर वासिन्दा नेपाली नागरिकले नेपालमा बैकिंग प्रकृयाद्वारा वैदेशिक मुद्रा ल्याई लगानी गरेमा आयकर प्रयोजनकोलागि यस्तो लगानीको श्रोतको छानविन गरिने छैन ।

५६. आयकर ऐन, २०३१ को दफा २ को (ध) तथा अन्य प्रचलित कानूनमा रहेको "कर विभाग" भन्ने शव्दहरुको सट्टा "आन्तरिक राजश्व विभाग" भनी संशोधन गरिएको छ ।

५७. यस अनुसूचीमा उल्लिखित आन्तरिक राजश्व कार्यालयहरु स्थापना नभएसम्म सो कार्यालयले गर्ने भनिएका कार्यहरु साविकमा रहेका सम्वन्धित कर कार्यालयहरुले गर्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-७
## सवारी-साधन कर

१. निजी सवारी-साधनमा देहाय बमोजिम सवारी-साधन कर लाग्नेछ :

| सवारीको किसिम | इन्धनको प्रकार अनुसार वार्षिक कर दर: पेट्रोल | डिजेल |
|---|---|---|
| (क) कार, जिप, भ्यान, माइक्रो बस | | |
| (अ) १३०० सी.सी. सम्मको | रु. ६,५००।- | रु. १०,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ८,५००।- | रु. १३,७५०।- |
| (इ) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. १०,०००।- | रु. १७,५००।- |
| (ई) २९०१ सी.सी. देखि ४००० सी.सी. सम्म | रु. १२,३००।- | रु. २३,०००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सवै | रु. १५,०००।- | रु. २८,०००।- |

| (ख) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | इन्धनको प्रकार अनुसार वार्षिक कर दर: पेट्रोल | डिजेल |
|---|---|---|
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु. २,१००।- | रु. ३,०००।- |
| (आ) ट्रेक्टर | रु. १,५००।- | रु. २,१००।- |
| (ई) पावर टिलर | रु. १,५००।- | रु. १,५००।- |
| (ग) मिनिट्रक /मिनिवस | रु. ८,५००।- | रु. ९,८००।- |
| (घ) ट्रक/वस | रु. १३,८००।- | रु. १५,०००।- |

| (ङ) मोटर साइकल | वार्षिक कर दर |
|---|---|
| (अ) ९० सी.सी. सम्मको | रु. ३७५।- |
| (आ) ९१ सी.सी. देखि १५० सी.सी. सम्म | रु. ८५०।- |
| (इ) १५१ सी.सी. देखि ३०० सी.सी. सम्म | रु. १,२५०।- |
| (ई) ३०१ सी.सी. र सो भन्दा माथि सवै | रु. १,७००।- |

२. भाडामा दर्ता भएका सवारी-साधनमा देहायबमोजिम सवारीसाधन कर लाग्नेछ :

| सवारीको किसिम | इन्धनको प्रकार अनुसार वार्षिक कर दर: पेट्रोल | डिजेल |
|---|---|---|
| (क) कार, जिप, भ्यान, माइक्रो बस | रु. ३,४००।- | रु. ४,७००।- |
| (ख) ट्रक,वस | रु. ११,५००।- | रु. १२,७००।- |
| (ग) मिनिबस, मिनी ट्रक | रु. ७,४००।- | रु. ८,७००।- |
| (घ अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो | रु. १,६००।- | रु. ३,५००।- |
| (ङ) ट्रेक्टर | रु. ९००।- | रु. १,६००।- |
| (च) पावर टिलर | रु. ९००।- | रु. १,२५०।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. माथि दफा १ र २ मा उल्लिखित व्यवस्थाको हकमा सोही बमोजिम र विद्युतवाहेक अन्य इन्धनद्वारा संचालन हुनेमा पेट्रोल सरहको कर लाग्नेछ।

४. नेपाल अधिराज्यमा दर्ता भई भाडामा चल्ने सवारी-साधनहरुलाइ प्रमाणित मोडेलको आधारमा प्रत्येक वर्षका लागि लाग्ने सवारीसाधन करको ५ प्रतिशतका दरले र अन्य सवारीसाधनहरुलाई प्रमाणित मोडेलको आधारमा प्रत्येक वर्षको लागि लाग्ने सवारीसाधन करको २.५ प्रतिशतका दरले १० वर्ष सम्म छुट दिइनेछ।

५. शुरु पैठारी मितिले १ वर्षभन्दा कम भएमा दामासाहीले कट्टा गरिनेछ।

६. सवारी-साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी-साधन चलाउन नपाएको भनी श्री ५ को सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारीसाधनलाई सवारीसाधन कर लाग्ने छैन।

७. काठमाण्डौं उपत्यकामा संचालन भएका उत्पादनका मितिले १५ वर्षभन्दा पुराना सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा १५ वर्ष भन्दा बढीको प्रत्येक वर्षकालागि १० प्रतिशत थप गरी सवारी साधन कर लाग्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- ८
### घर जग्गा रजिष्ट्रेशन दस्तुर, सेवा दस्तुर र रोक्का दस्तुर दरवन्दी

क. रजिष्ट्रेशन दस्तुर

| सि.नं | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक | | | |
|---|---|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गा.वि.स. क्षेत्रको दस्तुर | दुवै क्षेत्रको दस्तुर | वेइलाका थप दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतमा | | | | |
| | (क) रु. १०,०००।- सम्मको थैली अंकमा | रु. ४००।- | रु. २,००।- | | १० % |
| | (ख) रु. १०,००१।- देखि रु. २५,०००।- सम्म | रु १,०००।- | रु. ५००।- | | १० % |
| | (ग) रु. २५,००१।- देखि माथी जति सुकैमा | ६ % | ३ % | | १० % |
| | (घ) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवनको आवास इकाई (Flat) को लिखतमा | | | २ % | १० % |
| | (ङ) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतमा | | | ३ % | १०% |
| २. | दर्ताफारी, संयुक्त दर्तावाला विचको छोडपत्र | ३% | २% | | १०% |
| ३. | हालैदेखिको वकसपत्रको लिखतमा | | | | |
| | (क) वाजे, वज्यै, आमा, वावु, पति, पत्नी, दाजु, भाइ, दिदी, वहिनी, छोरा, छोरी, नाति, नातिनी | | | | |
| | (अ) रु. २५,०००।- सम्मको थैली अंकमा | रु. ५००।- | रु. २००।- | | १०% |
| | (आ) रु. २५,००१।- देखि माथी जतिसुकैमा | २ % | १ % | | १०% |
| | (ख) अन्य वकसपत्रमा | | | | |
| | (अ) रु. १०,०००।- सम्मको थैली अंकमा | रु. १,०००।- | रु. ५००।- | | १०% |
| | (आ) रु. १०,००१।- भन्दा माथी जतिसुकैमा | १० % | ५ % | | १०% |
| ४. | अंशवण्डाको लिखतमा | | | | |
| | (क) रु. ५०,०००।- सम्म | | | नलाग्ने | |
| | (ख) रु. ५०,००१।- देखि रु. २,००,०००।- सम्म | | | रु. २००।- | |
| | (ग) रु. २,००,००१।- देखि रु. ५,००,०००।- सम्म | | | रु. १०००।- | |
| | (घ) रु. ५,००,००१।- देखि रु.१०,००,०००।- सम्म | | | रु. २०००।- | |
| | (ङ) रु. १०,००,००१।- देखि रु.५०,००,०००।- सम्म | | | ०.२५% | |
| | (च) रु. ५०,००,००१।- देखि रु.१,००,००,०००।- सम्म | | | ०.५०% | |
| | (ज) रु. १,००,००,००१।- भन्दा माथि जतिसुकैमा | | | ०.७५% | |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको प्रति लिखत | रु. १,५००।- | रु. ५००।- | | १० % |
| ६. | वरावर जग्गा सट्टापट्टा गरी चक्लावन्दी गरिने लिखतमा | रु. ५००।- | रु. १००।- | | १०% |
| ७. | शेषपछिको वकसपत्र (प्रति लिखत) | | | | |
| | (क) तीन पुस्ता भित्रको | रु. १,०००।- | रु. ५००।- | | |
| | (ख) तीन पुस्ता वाहिरको | रु. २,०००।- | रु. १,०००।- | | |
| ८. | दृष्टिवन्धकी, भोगवन्धकी र लखवन्धकी लिखतको थैली अंकमा | | | १% | |
| ९. | धर्मपुत्र, धर्मपुत्री (प्रति लिखतमा) | रु. २,०००।- | रु. १,०००।- | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 522

| | | | | | |
|---|---|---|---|---|---|
| १० | अधिकारनामा मञ्जुरीनामा र अख्तियारनामा | | | रु. ५००।- | |
| ११ | कपाली तमसुक र करारनामा दा खा नहुने | | | ०.५ % | |

ख. सेवा दस्तुर

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा वाहेक | | | |
|---|---|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गा.वि.स. क्षेत्रको दस्तुर | दुवै क्षेत्रको दस्तुर | बढ्नाका थप दस्तुर |
| १ | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुर :<br>(क) काठमाण्डौं उपत्यका क्षेत्रमा<br>(ख) तराई क्षेत्र<br>(ग) पहाडी क्षेत्र | <br><br>रु. ३,०००।-<br>रु. २,०००।-<br>रु. १,०००।- | <br><br>रु. १,५००।-<br>रु. १,०००।-<br>रु. ५००।- | | |
| २ | प्रचलित कानून बमोजिम रजिष्ट्रेशन दस्तुर छुट पाउने बैंक तथा वित्तिय संघ वा संस्थाबाट दिने कर्जाको धितो बन्धक वा दृष्टि बन्धक लिखतमा<br>(क) रु. ५०,०००।- सम्मको लिखतमा<br>(ख) रु. ५०,००१।- देखि रु. १,००,०००।- सम्म<br>(ग) रु. १,००,००१।- देखि रु. २,००,०००।- सम्म<br>(घ) रु. २,००,००१।- देखि रु. ५,००,०००।- सम्म<br>(ङ) रु. ५,००,००१।- भन्दा माथि जति सुकैमा | | | <br><br><br>रु. २००।<br>रु. ५००।<br>रु. १,०००।<br>रु. १,५००।<br>रु. २,०००। | |
| ३ | भूमि सम्बन्धी ऐन, २०२१ अनुसार जग्गा बांडफांड गर्दा भूमिसुधार कार्यालयको निर्णयले जग्गाको बांडफांड भई दाखिल खारिज गर्दा | रु. २००।- | रु. १००।- | | |
| ४ | मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसार हुने संशोधनमा | रु. १००।- | रु. ५०।- | | |
| ५ | पारित लिखतको प्रतिलिपि (टिकट बाहेकको) | | | रु. १०।- | |
| ६ | श्री ५ को सरकारको जग्गामा संगठित संघ संस्थाको भोगाधिकार जनाउंदा (सम्बन्धित संस्थाबाट असुल गरिने) | रु. २०००।- | रु. १०००।- | | |
| ७ | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (किताब र टिकट बाहेक) प्रति पृष्ठ<br>(क) काठमाडौं उपत्यका भित्र<br>(ख) तराई क्षेत्र<br>(ग) अन्य क्षेत्र | <br><br>रु. २००।-<br>रु. १००।-<br>रु. ५०।- | <br><br>रु. १००।-<br>रु. ५०।-<br>रु. २५।- | | |
| ८ | अदालतको मिलापत्र वा फैसला अनुसार दाखिल खारीज गर्दा<br>(क) करार अनुसार लिखत पारित गर्ने ठहराएको फैसला वा मिलापत्र<br>(ख) अन्य मिलापत्रमा (अंश र अपुताली बाहेक) | <br><br>४%<br>२% | <br><br>२%<br>१% | | |
| ९ | बैंक एवं वित्तिय संघ वा संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तिय संस्थाको पत्रानुसार व्यक्तिको नाउंमा दाखिल खारिज गर्दा | २% | १% | | |
| १० | बैंक एवं वित्तिय संघ वा संस्थाको कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा आफैले सकार गरे पछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतमा | २% | १% | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग. घर जग्गा रोक्का दस्तुर

| सि.नं. | विवरण | मालपोत नियमावली, २०३६ को नियम ५ (घ) को दस्तुर खारेज गरी निम्न अनुसारको रोक्का दस्तुर कायम गरिएको छ :- | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्र | गा.वि.स. क्षेत्र |
| १. | लिखत रजिष्ट्रेशन भएकोमा (थैली जतिसुकै भएपनि) | रु. २००/- | रु. १००/- |
| २. | लिखत रजिष्ट्रेशन नहुनेमा | | |
| | (क) रु. २५०००।- सम्मको ऋण अंकमा | रु. २५/- | रु. २०/- |
| | (ख) रु.२५००१।- देखि रु. ५००००।- सम्म | रु. ५०/- | रु. २५/- |
| | (ग) रु. ५०००१।- देखि रु. १०००००।- सम्म | रु. १००/- | रु. ५०/- |
| | (घ) रु. १००००१।- देखि माथि जति सुकैमा | रु. २००/- | रु. १००/- |
| | (ङ) ऋण अंक नखुलेकोमा | रु. २००/- | रु. १००/- |

विविध:

| | |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा अनिवार्य थैली अंक खुलाउनु पर्नेछ । |
| २. | चिया उद्योगको नाउँमा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ७५% छुट हुनेछ । |
| ३. | सामुहिक खेती योजना अन्तरगत कृषि उत्पादन बढाउने उद्देश्यले चक्ला मिलाई खेती गर्न व्यक्ति व्यक्ति मिली उद्योग खोली सम्बन्धित व्यक्तिको नाउँको जग्गा उद्योगको नाउँमा पारित गर्ने लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ७५% छुट हुनेछ । |
| ४. | बैंक, वित्तिय संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारिज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्युनतम मूल्य र मिलापत्र वा बैंकको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्ने छ । |
| ५. | श्री ५ को सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपाल अधिराज्यमा दर्ता भएका संघ, संस्था वा निकायले आफ्नो नाउँमा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ । |
| ६. | कृषि ऋण, कर्मचारी संचयकोष, नागरिक लगानीकोष, विमा संस्थान, त्रि.वि.वि. तथा बैंकहरुले सम्बन्धित संघ वा संस्थानमा कार्यरत कर्मचारीहरुलाई सेवा सर्त बमोजिम दिदैं आएको ऋण सुविधामा धितोवन्धक पास गर्दा यो ऐन अनुसार लगाइएको सेवा दस्तुर असुल गरिने छैन । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-९
पर्यटन सेवा शुल्क

१. मूल्य अभिवृद्धि करदाताको रुपमा दर्ता भएका वा नभएका पर्यटन व्यवसायीबाट आपूर्ति भएको मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवामा दुई प्रतिशतका दरले पर्यटन सेवा शुल्क लिइने छ।

२. दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि पर्यटन व्यवसायीबाट एकपटक पुरै प्याकेजमा पर्यटन सेवा शुल्क असुल भईसकेपछि पुनः सोही प्याकेजबाट भुक्तानी हुनेमा दोहोरो सेवा शुल्क लगाई असुल उपर गरिने छैन।

३. पर्यटन व्यवसायीले सेवा शुल्क बुझाएको भौचर मूल्य अभिवृद्धि करको कर विवरण बुझाउँदा अलग्गै रुपमा आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ तथा मूल्य अभिवृद्धि करदाताको रुपमा दर्ता नभएका अन्य पर्यटन व्यवसायीले आन्तरिक राजश्व कार्यालयहरुमा अग्रिम आयकरको किस्ता बुझाउंदा पर्यटन सेवा शुल्क दाखिला गरेको विवरण समेत पेश गर्नु पर्नेछ।

४. सेवा शुल्क उठाई कोषमा दाखिला गर्नुपर्ने कर्तव्य भएको पर्यटन व्यवसायीले सेवा शुल्क नउठाएमा वा उठाएर पनि बोर्डको कोषमा दाखिला नगरेमा त्यस्ता पर्यटन व्यबसायीलाई आन्तरिक राजश्व कार्यालयको प्रमुखले पर्यटन सेवा शुल्क कोषमा जम्मा गर्नुपर्ने रकम मध्ये जम्मा नभएको वा जम्मा नगरिएको रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले जरिवाना लगाई असुल उपर गर्नेछ।

५. माथी दफा १ बमोजिम असुल उपर भएको शुल्क नेपाल पर्यटन बोर्डको कोषमा जम्मा गरिनेछ। सो शुल्कको रकम बोर्डले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ र सो अन्तर्गत बनेको नियम एवं बिनियमका अधिनमा रही पर्यटन प्रर्बद्धन सम्बन्धी कार्यमा मात्र खर्च गर्न पाउनेछ।

तर बोर्डले पर्यटन प्रवर्द्धन सम्बन्धी कार्य गर्दा आफुलाई प्राप्त भएको रकमको पन्ध्र प्रतिशतसम्म रकम आफ्नो प्रशासनिक कार्यमा खर्च गर्न पाउनेछ।

६. आन्तरिक राजश्व कार्यालय स्थापना नभएसम्म यस अनुसूचीमा सो कार्यालयले गर्ने भनिएका कार्यहरु साविकका मूल्य अभिवृद्धि कर कार्यालय र कर कार्यालयले गर्नेछन्।

लालमोहर सदर मितिः- २०५८।९।१८।४

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।